

# सङ्घीयता संस्थागत गर्नमा क्षेत्रीय दलको भूमिका



# सङ्घीयता संस्थागत गर्नमा क्षेत्रीय दलको भूमिका

अंकलाल चलाउने | कुन्साङ | चिरन मानन्धर

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

# सङ्घीयता संस्थागत गर्नमा क्षेत्रीय दलको भूमिका

प्रकाशन वर्ष २०८१ (सन् २०२४)

अंकलाल चलाउने | कुन्साङ | चिरन मानन्धर

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
बखुण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – २६
सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

लेआउट डिजाइन : किशोर प्रधान
आवरण सज्जा : प्रस्टा प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

यो अध्ययन युनाइटेड स्टेट्स एजेन्सी फर इन्टरनेशनल डेभलपमेन्ट (युएसएड) मार्फत अमेरिकी जनताको सहयोगले सम्भव भएको हो। यस प्रतिवेदनका विषयवस्तु तथा विश्लेषण डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का हुन् र तिनले युएसएड वा अमेरिकी सरकारको विचारलाई प्रतिबिम्बित गर्दैनन्।

# विषयसूची


**आभार** ङ

**सारांश** छ

**१. पृष्ठभूमि** १

**२. अध्ययन विधि** ५

**३. क्षेत्रीय दलबारे बहस** ७

३.१ कानूनी अस्पष्टता ७

३.२ प्रदेश सीमाङ्कनः अवसरको सङ्कुचन १०

३.३. कार्यकर्ता र समर्थकको दृष्टिकोण १२

३.४ क्षेत्रीय दलका मुद्दा १४

३.५ साङ्गठनिक संरचना १९

३.६ जनमत र समर्थन २२

**४. प्रादेशिक संरचना निर्माण र कार्यसञ्चालन** २५

४.१. प्रदेश लोक सेवा आयोग २६

४.२. दलित विकास समिति २९

४.३. प्रदेश जनलोकपाल आयोग ३२

**५. नीति तथा कार्यक्रममा प्राथमिकता र बजेट कार्यान्वयन** ३५

**६. समावेशिताको कसीमा क्षेत्रीय दल** ४५

६.१. प्रदेशसभामा समावेशिता ४५

६.२. प्रदेशसभाका विषयगत समितिको नेतृत्वमा समावेशिता ४८

६.३. प्रदेश मन्त्रिपरिषद्मा समावेशिता ५३

**७. दलको आन्तरिक विवादको असर** ६२

**८. सामुदायिक सम्पदाको संरक्षण र संवर्द्धनमा पहल कदमी** ६७

**९. क्षेत्रीय दलका सङ्घर्ष र उपलब्धि** ६९
९.१ अधिकारको लागि सङ्घर्ष ६९
९.२ कानून निर्माण ७०
९.३ पहिचानको आधारमा प्रदेशको नामकरण ७१
९.४ क्षेत्रीय भावना र पहिचानको निर्माण ७१
**१०. निष्कर्ष** ७३

# आभार

नेपालको सङ्घीय व्यवस्था संस्थागत गर्नमा क्षेत्रीय दलको भूमिका विषयक अध्ययनका लागि अन्तर्वार्ता गरिएका राजनीतिक दलका प्रतिनिधि, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, प्रदेश अन्तर्गतका आयोग/प्रतिष्ठान/समिति लगायत संरचनाका पदाधिकारी, प्राध्यापक, पत्रकार, विभिन्न जातीय समुदायका अगुवा तथा अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिप्रति डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) कृतज्ञ छ। साथै, मंसिर र पुस २०८१ मा सुदूरपश्चिम प्रदेशको जानकी गाउँपालिका, लुम्बिनी प्रदेशको कपिलवस्तु नगरपालिका, बागमती प्रदेशको ललितपुर महानगरपालिका, मधेश प्रदेशको सिरहा नगरपालिका र कोशी प्रदेशको इटहरी उपमहानगरपालिकामा यस प्रतिवेदनको मस्यौदामाथि अन्तर्क्रिया गरिएको थियो। ती कार्यक्रममा सहभागी हुने तथा प्रश्न, टिप्पणी र विचार राख्ने सबैप्रति डीआरसीएन हार्दिक आभार प्रकट गर्दछ। अन्तर्वार्ता र छलफल कार्यक्रमको श्रव्य सामग्रीबाट अन्तरवस्तु उतार्ने अनुसा बस्नेत, तुलसा खड्का र निराशी थामीलाई धन्यवाद छ।

यस अध्ययनको थालनीदेखि सल्लाह सुझाव दिई हौस्याउने भास्कर गौतमप्रति डीआरसीएन आभारी छ। अध्ययनको विषयबारे पटकपटक राय सुझाव प्रदान गर्नुहुने तुलानारायण साह र राकेश मिश्रका साथै अध्ययनको विषयसँग सम्बन्धित केही तथ्यगत सुधारका लागि सहयोग गर्नुहुने कृष्णकुमार साहप्रति पनि डीआरसीएन गुणग्राही छ। यस प्रतिवेदनको मस्यौदा पढी परिमार्जनका लागि सुझाव दिने आन्विका गिरी, ईश्वरी भट्टराई, कृष्ण हाछेथु, मोहम्मद अयुव र सुदीप पोखरेललाई पनि धन्यवाद छ। यस प्रतिवेदनको सम्पादन शेखर पराजुलीले गरेका हुन्।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
बखुण्डोल, ललितपुर

# सारांश

नेपालमा २०४६ सालको आन्दोलनले बहुदलीय व्यवस्था पुनर्स्थापना गरेपश्चात राजनीतिक दलहरू खुला रूपमा सक्रिय भए। २०६२/०६३ को आन्दोलनपछि आ-आफ्ना मागसहित क्षेत्रीय दलहरू पनि बढी क्रियाशील देखिए। २०७२ सालको संविधानमार्फत नेपालले सङ्घीय प्रणाली अवलम्बन गरिसकेपछि फरक-फरक प्रदेश वा क्षेत्रका विशिष्ट आवश्यकता र समुदायको पहिचानलाई प्रतिनिधित्व गर्न नयाँ क्षेत्रीय राजनीतिक दलहरू गठन भए। ती दललाई यहाँ क्षेत्रीय दल भनिएको हो। यद्यपि, कानूनतः क्षेत्रीय दलको अस्तित्व छैन। ती दलले निश्चित प्रदेश र त्यस भित्रका समुदायको पहिचान, प्रतिनिधित्व, स्वशासन र अधिकारको मुद्दा उठाउँछन्। तिनको साङ्गठनिक सामर्थ्य पनि अन्य प्रदेशको तुलनामा ती निश्चित प्रदेशमा बढी छ। सोहीअनुरूप उनीहरूका उम्मेदवार र प्रतिनिधित्व पनि अरू प्रदेशको तुलनामा ती निश्चित प्रदेशमा बढी हुन्छन्।

क्षेत्रीय दलहरूले सङ्घीयतालाई संस्थागत गर्न कस्तो भूमिका खेलेका छन् भन्ने थाहा पाउनु नै यो अध्ययनको प्रमुख उद्देश्य हो। सङ्घीय संरचनामा क्षेत्रीय दलहरूको प्रभाव र तिनले प्रदेश एवं स्थानीय तहमा खेलेको भूमिकाबारे विश्लेषण यस अध्ययनमा गरिएको छ। सङ्घीयता संस्थागत गर्न यी दलहरूले सामना गरेका चुनौती पहिचान गर्ने प्रयास पनि यहाँ गरिएको छ। गुणात्मक अनुसन्धान विधि अपनाइएको यो अध्ययनका लागि पहिलो र दोस्रो प्रदेशसभामा प्रतिनिधित्व गर्ने छ राजनीतिक दललाई मात्र समेटिएको थियो। त्यसअनुसार जनमत पार्टी, जसपा नेपाल, लोसपा, नेपाल सङ्घीय समाजवादी पार्टी, सलोराम र नाउपा परेका छन्। यस अध्ययनका लागि विभिन्न व्यक्तिहरूसँग अन्तर्वार्ता गरी सूचना सङ्कलन गरिएको थियो। विश्लेषणका क्रममा पूर्वप्रकाशित सामग्रीसमेत उपयोग गरियो।

नेपाल जातीय, भाषिक, सांस्कृतिक र धार्मिक विविधतायुक्त मुलुक हो। त्यसैले राज्य व्यवस्थाले सबै समुदायलाई समन्याय गर्न सक्नुपर्छ। तर, त्यसो हुन नसकेकाले सामाजिक-राजनीतिक र आर्थिक असमानता सम्बोधन गर्नका लागि सङ्घीय व्यवस्था अपनाइएको हो। यसमा क्षेत्रीय दलहरूले अहम् भूमिका निर्वाह गर्न सक्छन् किनभने ती दल नै प्रादेशिक पहिचान र स्थानीय आवश्यकताबारे बढी जानकार हुन्छन्। क्षेत्रीय मुद्दाहरू उठाउन र तिनको समाधान गर्न भूमिका खेल्ने हुँदा क्षेत्रीय दलको भूमिकासँग प्रादेशिक संरचना सशक्तीकरण

सिधै जोडिएको छ । त्यसैले दल सरकारमा हुँदा तिनले सङ्घीयता सबलीकरणमा केकस्ता योगदान गरे भनी यहाँ लेखाजोखा गरिएको छ । संविधानमा सङ्घीयता मधेश आन्दोलनकै जगमा लिपिबद्ध भएको; उक्त आन्दोलनकै मुख्य माग आफ्नो शासन, आफ्नो प्रशासन हुनु र प्रदेशमा निरन्तर क्षेत्रीय दलले नै सरकारको नेतृत्व गरेको सन्दर्भमा मधेश प्रदेशमा संरचना निर्माण र तिनको कार्यसञ्चालनबारे खोजी अझ अर्थपूर्ण हुन आउँछ । त्यसैले यहाँ मूलतः मधेश केन्द्रित दलले सरकारमा रही गरेका कामको लेखाजोखा गरिएको छ । यद्यपि, सुदूरपश्चिम र कोशी प्रदेशमा पनि क्षेत्रीय दलको उपस्थिति र गतिविधि भएकाले त्यताका सन्दर्भ पनि यहाँ बरोबर आएका छन् ।

मधेश प्रदेशले प्रदेश लोकसेवा आयोग, प्रदेश जनलोकपाल आयोगजस्ता करिब एक दर्जन आयोग, प्रतिष्ठान र समिति स्थापना गरेको छ । सेवा प्रवाह चुस्त बनाउने, सुशासन कायम गर्ने, प्रदेश संरचनालाई समावेशी बनाउँदै सङ्घीयता संस्थागत गर्ने उद्देश्यले यी संरचना बनाइएको हो । मधेश प्रदेशको लोक सेवा आयोग ऐन समावेशिताको जगमा बनेको हो भने छुवाछुत र भेदभाव अन्त्य गर्दै दलित समुदायको उत्थानका लागि दलित विकास समिति पनि गठन गरिएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम राख्नका लागि जनलोकपाल आयोग पनि छ । तर, ती संरचनाले अपेक्षित काम गर्न सकेका छैनन् । लोक सेवा आयोग गठन २०७६ सालमा भएको थियो । एकातिर सङ्घीय निजामती सेवासम्बन्धी ऐन नबनेकाले प्रदेश लोक सेवा आयोगको कामसमेत प्रभावित भएको छ भने अर्कोतर्फ, प्रदेश सरकारले पनि आयोगलाई काम गर्न आवश्यक कानून, बजेट र भौतिक संरचना उपलब्ध गराएको छैन । राजनीतिक नेतृत्वको स्वार्थ बाझिँदा आयोगका अध्यक्ष र सदस्य नियुक्तिमा ढिलाइ भएको र यसको कार्यसञ्चालन प्रभावित भएको छ ।

प्रदेश र पालिकास्तरमा छुट्टाछुट्टै जातीय विभेद तथा छुवाछुत अनुगमन समिति बनाउने, दलित विद्यार्थीको शिक्षामा पहुँच बढाउने जस्ता उल्लेखनीय कामका लागि मधेश प्रदेशमा बनेको दलित सशक्तीकरण ऐनले बाटो खोलेको छ । सोही ऐनबमोजिम मधेश प्रदेशमा दलित विकास समिति गठन गरिएको छ । उक्त समितिलाई आय आर्जन र सीपमूलक कार्यक्रम सञ्चालन गर्ने, दलित समुदायसम्बन्धी विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरेर प्रचारप्रसार एवं प्रकाशन गर्ने गहन जिम्मेवारी दिइएको छ । यद्यपि, ऐनले दलितका लागि हक अधिकार सुनिश्चित गरे पनि दलित विकास समितिको संरचना कमजोर बनाइएकाले कार्यान्वयन पक्ष निकै फितलो भएको अनुभव समितिका सदस्यहरूको छ ।

संवैधानिक प्रावधानका कारण अन्यत्रझैँ मधेश प्रदेशसभा पनि समावेशी छ । तर, प्रदेशसभाका समिति र मन्त्रिमण्डलमा भने समावेशिताको अभ्यास र उपलब्धि अत्यन्तै कमजोर छ । सत्ताको नेतृत्व गरेका क्षेत्रीय दलले समानुपातिक समावेशितालाई आत्मसात्

गरेको पाइँदैन। स्थापनादेखि हाल (पुस २०८१) सम्म २६ पटक गठन/पुनर्गठन भएको मधेश प्रदेश सरकारमा मधेशी मध्यम जातको वर्चश्व देखिएको छ। परम्परागत रूपमा मधेशमा रहेका पहाडी समुदाय र मधेशका उच्च जातले सत्ता र राज्य स्रोतमाथि वर्चश्व स्थापित गरेका थिए। तर, प्रदेश सरकारमा मधेशी मध्यम जातको वर्चश्व देखिनुले अब परम्परागत जातीय वर्चश्व कमजोर हुँदै गएको देखाउँछ। यद्यपि, एक जातीय वर्चश्व विस्थापित भएर अर्को जातीय वर्चश्व स्थापित हुनु सङ्घीयताको मर्म होइन। सङ्घीयताले समुदायका सबै समूहलाई खासगरी सीमान्तकृत समूहलाई जनसङ्ख्याको अनुपातमा समेट्नुपर्ने थियो। तर, त्यसो हुन सकेको देखिएन। मधेश प्रदेशसभाका समिति र मन्त्रिमण्डलमा दलित, थारू, र मुस्लिम समुदायको प्रतिनिधित्व अझै न्यून छ।

सरोजकुमार यादवको नेतृत्वको मन्त्रिमण्डलमा मधेशी उच्च र मध्यम जातको प्रतिनिधित्व लालबाबु राउतको मन्त्रिमण्डलको तुलनामा केही घटेको थियो। तर, यसको लाभ पहाडी खस-आर्य, पहाडी जनजाति र मुस्लिमले प्राप्त गरेका थिए। क्षेत्रीय दलले प्रदेश सरकारमा नेतृत्व गर्दै संविधानले तोकेको समावेशी लोकतन्त्र कार्यान्वयन गर्न प्रयास गरे पनि समावेशिताको मर्ममा धेरै कमीकमजोरी देखिन्छन्। मधेश प्रदेशमा जातीय, लैङ्गिक, र सामुदायिक विविधतालाई प्रतिनिधित्व गराउने सङ्घीयताको आधारभूत मान्यता पूर्ण रूपमा स्थापित हुन सकेको छैन। मध्यम जातीय समूहको वर्चस्व, महिलाको न्यून प्रतिनिधित्व, र दलित, मुस्लिम, तथा जनजातिहरूको सीमित सहभागिताले प्रदेश सरकार र विषयगत समितिमा समावेशीकरणको आवश्यकता झल्काउँछ।

सत्तामा क्षेत्रीय दलको नेतृत्व सशक्त हुनु सङ्घीयता सुदृढ गर्ने मुख्य उपाय हो। तर, राष्ट्रिय दलहरूको बढ्दो प्रभावले क्षेत्रीय दलको भूमिका कमजोर बनाएको छ। यो प्रवृत्ति सङ्घीय संरचनाको प्रभावकारिता र मर्मलाई चुनौतीपूर्ण बनेको छ। यसलाई सम्बोधन गर्न क्षेत्रीय दलले विविधतालाई सम्मान गर्दै सबै जातीय, लैङ्गिक, र सामुदायिक समूहको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न जोड दिनुपर्छ। सङ्घीयतालाई संस्थागत गर्न उनीहरूले समावेशी नीति, प्रभावकारी नेतृत्व, र जनताको विश्वास कायम गर्न आवश्यक छ।

स्थान विशेषका भाषा, परम्परा, र प्राकृतिक स्रोतहरूलाई व्यवस्थापन गर्नु क्षेत्रीय दलहरूको राजनीतिक जिम्मेवारी मात्र नभई, समुदायको सामाजिक र आर्थिक जीवनमा दीर्घकालीन सकारात्मक प्रभाव पार्न सक्ने माध्यम पनि हो। निर्वाचनमा क्षेत्रीय दलले जितेका स्थानीय तहमा संविधानले दिएको यस अधिकारको उपयोग गरेर सामुदायिक सम्पदाको संरक्षण र संवर्द्धनका लागि उल्लेखनीय उपलब्धि हासिल गर्ने सम्भावना भए पनि उक्त अवसरको उपयोगमा क्षेत्रीय दलको कमै ध्यान जान सकेको छ। मातृभाषामा पाठ्यक्रम विकास गरे पनि स्थानीय तहसँग समाजको विविधतालाई सम्बोधन गर्दै उक्त पाठ्यक्रम कसरी लागु गर्ने भन्ने

प्रस्ट खाका छैन । त्यस्तै प्रथा जनित कानून संरक्षणको चुनौती पनि स्थानीय तहलाई छ । थारू समुदायमा प्रचलित बड्घर प्रथालाई संरक्षण गर्न कैलालीको जानकी गाउँपालिकाले टोल विकास समिति बनाएर बड्घरलाई समावेश गराउन बड्घर ऐन बनाएका छन् । तर, त्यसको कार्यान्वयनमा आफ्नै चुनौती छ, थारू बाहुल्य क्षेत्रमा बड्घर, गुरूवालाई निरन्तरता दिए पनि मिश्रित समाजमा त्यो सम्भव देखिँदैन । सामाजिक र सांस्कृतिक विविधता सम्बोधन कसरी गर्ने भन्ने चुनौती स्थानीय तहलाई छ ।

उत्पीडित समुदायको आवाज बनेर आफ्नो साङ्गठनिक आधार अझै बलियो बनाउने अवसर क्षेत्रीय दलले पाएका छन् । पहिलोपटक चुनावी मैदानमा उत्रिएका जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले प्रदेशसभामा आफ्नो महत्त्वपूर्ण उपस्थिति देखाए । ती दलको नागरिकप्रतिको इमानदारिता पनि त्यसै बेला देखिन्छ, जतिबेला दल सरकारमा जान्छ वा ती दल स्थानीय तह नेतृत्व गर्न पुग्छन् । तर, सत्तासमीकरणको जोडघटाउमा व्यस्त क्षेत्रीय दलले यस विषयमा चासो दिएको देखिँदैन ।

मधेश आन्दोलनले माग गरेभन्दा निकै कम अधिकार प्रदेशलाई दिइएको संवैधानिक प्रावधानप्रति मधेशी नागरिक समाज तथा नेताको असन्तुष्टि छ । तर, शीर्ष राजनीतिक नेतृत्व तथा सङ्घीय सरकारका उच्चपदस्थ कर्मचारीको केन्द्रीकृत मानसिकताका कारण त्यही सीमित अधिकार पनि प्रदेशले उपयोग गर्न पाएको छैन । सङ्घीय सरकारले समयमै ऐन निर्माण नगर्नु र बनेका ऐन पनि कार्यान्वयन नगर्नु प्रदेश सरकार कार्यसञ्चालनका चुनौती हुन् । संविधानप्रदत्त अधिकार प्राप्तिका लागि मधेश प्रदेश सरकार र प्रदेशसभाले सङ्घीय सरकारसँग पटकपटक माग गरेका छन् । मधेश सरकारले सङ्घीय सरकारविरुद्ध आन्दोलन नै गरेको छ । संविधानविपरीत खोसिएका अधिकार प्राप्तिका लागि सर्वोच्च अदालतमा सङ्घीय सरकारविरुद्ध मधेश सरकारले करिब आधा दर्जन मुद्दा पनि दायर गरेको छ ।

सङ्घीयतालाई बलियो बनाउन क्षेत्रीय दलले निःसन्देह महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । सङ्घीयताको नेपाली अभ्यासमा पनि त्यसका प्रशस्तै उदाहरणहरू छन् । यद्यपि, क्षेत्रीय दलले यस दिशामा अपेक्षा गरेबमोजिम भूमिका निर्वाह गर्न नसकेको अर्को सत्य हो । तिनले स्थापनाकालीन आफ्नो प्रतिबद्धता र घोषणापत्र मनन गरी सोहीअनुरूप व्यवहार गर्न सके सङ्घीयता संस्थागत गर्नमा तिनको भूमिका अझ धेरै उल्लेखनीय हुने थियो ।

# १. पृष्ठभूमि

नेपाल जातीय, भाषिक, सांस्कृतिक र धार्मिक विविधतायुक्त देश हो । तर, २५० वर्षभन्दा बढी अभ्यास गरिएको एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाले शासक वर्गको भाषा, धर्म र संस्कृतिलाई नै राज्यको भाषा, धर्म र संस्कृतिको रूपमा स्थापित गऱ्यो । गैरहिन्दू र गैरनेपाली भाषी आदिवासी जनजाति, मुस्लिमलगायतका समुदाय राज्यको मूल प्रवाहमा समेटिएनन् । साथै, हिन्दू वर्णव्यवस्था भित्रकै दलित र मधेशीले पनि यो राज्य मेरो पनि हो भन्ने महसुस गर्न पाएनन् । यी समुदायमा नेपाली राज्यले गरेको विभेद, वञ्चना तथा बहिष्करणको साझा भोगाइ र इतिहास छ । प्रत्येक पटक राजनीतिक परिवर्तन सँगसँगै राज्यद्वारा गरिएको असमान व्यवहारमा परिवर्तन हुनुपर्ने माग ती समुदायले मुखरित गरेका उदाहरण छन् । तिनको मागले स्वायत्तता, समानुपातिक समावेशी प्रतिनिधित्व एवं प्राकृतिक स्रोत, भाषा, कला र संस्कृतिमा समान अधिकारलाई समेट्छ । २००७ सालको राजनीतिक परिवर्तनसँगै पूर्वी नेपालमा लिम्बूले स्वायत्तता खोजे । त्यस्तै, तराई-मधेशमा वेदानन्द झा लगायतले पहिलो क्षेत्रीय दल तराई काँग्रेसको स्थापना गरे । त्यस दलले मधेशलाई क्षेत्रीय स्वयत्तता दिनुपर्ने, हिन्दी भाषालाई राजकीय भाषा बनाउनुपर्ने र तराईबासीका लागि निजामती सेवामा समुचित प्रतिनिधित्व हुनुपर्ने जस्ता माग राख्यो । यद्यपि, २०१५ सालमा भएको आम निर्वाचनमा तराई काँग्रेसले एउटा निर्वाचन क्षेत्रबाट पनि जित हासिल गर्न नसकेपछि उसले उठाएको मुद्दा तत्कालीन समयमा कमजोर भयो ।

वि.सं. २०४६ को जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाललाई 'बहुजातीय र बहुभाषिक अधिराज्य' बनायो । निर्दलीय व्यवस्थाको ठाउँमा बहुदलीय व्यवस्था पनि स्थापित भयो । राज्य सञ्चालनका प्रमुख संवाहक राजनीतिक दल बने । तर, ती दलले राज्यले नै लामो समयदेखि बलियोसँग लादेको बहिष्करण र विभेद अन्त्य गर्न पहल गरेनन् । राष्ट्रिय राजनीतिक दलका लागि यो कम प्राथमिकताको विषय बन्यो । त्यसको कारणबारे मुक्त सिंह तामाङ लेख्छन्, "२००७ सालमा राणा शासनविरुद्ध लडिरहेका राजनीतिक दलहरू निश्चित बाहुन, क्षेत्री र ठकुरी जाति र सामन्ती विर्ता वा जागिरवाला परिवारबाट नै नेतृत्व गरेको हुनाले यस परिवर्तनले कुनै खास परिवर्तन ल्याउन सफल भएन । व्यवहारतः यस शासनले पनि नयाँ ढङ्गले हिन्दू बाहुन-क्षेत्री प्रभुत्वलाई नै निरन्तरता र बढावा

दिने काम गऱ्यो ।"[१] यद्यपि, २०४६ को राजनीतिक परिवर्तनपछि संविधान निर्माणको क्रममा जातीय पहिचान, भाषा र धर्मका मुद्दाबारे पनि बहस हुन थाल्यो । सप्तरी जिल्लाका मधेशवादी नेता गजेन्द्रनारायण सिंहले मधेशी मुद्दामा छलफल गर्न पञ्चायत कालमा नै स्थापना गरेको सद्भावना परिषद्लाई मधेश केन्द्रित दल- नेपाल सद्भावना पार्टीमा रूपान्तरण गरे । उक्त दलले तराई क्षेत्रमा स्वायत्त प्रदेश, नागरिकतासम्बन्धी कानूनमा सुधार, हिन्दी भाषालाई राष्ट्र भाषाको मान्यता, दश हजार मधेशीलाई सेनामा भर्ती, सरकारी सेवामा मधेशीको लागि ५० प्रतिशत आरक्षण लगायतको माग उठायो ।[२] बृहत् मधेशवादअन्तर्गत राज्यबाट मधेशीमाथि भएको विभेदविरुद्ध झापादेखि कञ्चनपुर जिल्लासम्मका मधेशी एकबद्ध भएर अघि बढ्नुपर्ने तर्क नेपाल सद्भावना पार्टीको थियो ।[३] पहाडी आदिवासी जनजाति समुदायको पहिचान र सङ्घीयताको मुद्दासहित गोरेबहादुर खपाङ्गी र एमएस थापाले राष्ट्रिय जनमुक्ति पार्टी र खगेन्द्रजङ्ग गुरुङ, काजीमान कन्दङ्वा लगायतले नेपाल जनजाति पार्टी स्थापना गरे । तर, नेपाल जनजाति पार्टीलाई निर्वाचन आयोग नेपालले दर्ता गर्न दिएन ।[४] त्यस्तै, आदिवासी जनजातिसम्बद्ध सङ्घ संस्थाको छाता सङ्गठन आदिवासी जनजाति महासङ्घले उनीहरूको मुद्दालाई थप उजागर गर्दै राज्य निर्देशित विभेदमाथि प्रश्न गऱ्यो ।[५]

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) [नेकपा (माओवादी)] ले एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाविरुद्ध वि.सं. २०५२ देखि सशस्त्र सङ्घर्ष गरिरहेको थियो । २०६२/०६३ को जनआन्दोलनको सफलतापश्चात् नेकपा (माओवादी) हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमार्फत अगाडि बढ्न प्रतिबद्ध भयो । नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको शान्ति सम्झौतामा "केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी

---

[१] तामाङ, मुक्त सिंह । २०६५ । समानता, सङ्घीयता र बहुसांस्कृतिक राष्ट्रवाद । *राज्य पुनर्संरचना : राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण* । कृष्ण खनाल, झलक सुवेदी र मुक्त सिंह तामाङ, पृ. १०५- १५८ । काठमाडौँ : मार्टिन चौतारी ।

[२] २०४७ वैशाखमा नेपाल सद्भावना पार्टी स्थापना भएपछि २०४७ असारमा संस्थापक अध्यक्ष गजेन्द्र नारायण सिंहले दलको पहिलो अधिवेशनमा प्रस्तुत लिखित भाषणबाट उद्धृत (हेर्नुहोस्, गौतम, भास्कर । २०६४ । *मधेस विद्रोहको नालीबेली* । काठमाडौँ : मार्टिन चौतारी) ।

[३] गौतम, भास्कर । २०६४ । मधेसी विद्रोह : नैराश्यको राजनीति । *मधेस विद्रोहको नालीबेली* । भास्कर गौतम सं.,पृ. १-३६ । काठमाडौँ : मार्टिन चौतारी ।

[४] मादेम्बा, सीता । सन् २०१० । अहिलेसम्म लिम्बुवान । *मेरोलिम्बुवान*, मार्च १३ । https://merolimbuwan.wordpress.com/2010/03/13/अहिले-सम्म-लिम्बुवान/ मा उपलब्ध; पुस ६, २०८१ मा हेरिएको ।

[५] ह्योमे, के । सन् २००७ । मधेसीप्रतिको विभेद र समानता आन्दोलन । *मधेस समस्या र सम्भावना* । वसन्त थापा र मोहन मैनाली सं., पृ. ११२-१२६ । ललितपुर : सोसल साइन्स बहाः ।

राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने" उल्लेख गरियो ।[६] त्यसपछि विभिन्न समुदाय र क्षेत्रले पहिचान र स्वायत्तताका मागलाई मुखरित गरे । तर, उनीहरूको राज्य पुनर्संरचनाको मागलाई अन्तरिम संविधानले सम्बोधन गरेन । त्यसको असन्तुष्टि स्वरूप काठमाडौँमा उपेन्द्र यादव लगायत मधेशी समुदायले अन्तरिम संविधान जलाए । त्यो असन्तुष्टि बढ्दै गयो र सबै तहतप्काका नागरिकको सहभागितासँगै मधेशमा विद्रोह उठ्यो । आन्दोलनमा यस अघि तराईबासीबीच कहिल्यै नदेखिएको अभूतपूर्व एकता देखियो । जन दबाबका कारण मधेशका नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) [नेकपा (एमाले)] र नेकपा (माओवादी) का नेतासमेत आन्दोलनमा सहभागी भए । त्यो आन्दोलन कुनै निश्चित दलको मात्र रहेन, बरु सिङ्गो तराईका आम मधेशीको आन्दोलन हुन पुग्यो ।[७] परिणामस्वरूप अन्तरिम संविधानमा संविधानसभाबाट बन्ने संविधानमार्फत सङ्घीय शासन प्रणाली लागु गर्ने सुनिश्चित गरियो । त्यसका अलवा, मधेशी समुदायको पहिचान र आत्मसम्मान पनि यसले स्थापित गऱ्यो ।[८] आन्दोलनमा देखिएको मधेशवादी भावनालाई दल निर्माणमार्फत कार्यान्वयन गर्न क्षेत्रीय राजनीतिक दलको रूपमा मधेशी जनअधिकार फोरम (मजफो) को उदय भयो । त्यही भावना बोकेर महन्थ ठाकुरले नेपाली काँग्रेस त्याग्दै नयाँ दलको पृष्ठभूमि बनाए र पुस १२, २०६४ मा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) स्थापना भयो । त्यस ताका देशैभरि पहिचान पक्षधर अन्य धेरै क्षेत्रीय दल स्थापना गरिएका थिए ।[९] २०६४ र २०७० सालमा भएका संविधानसभा निर्वाचनमार्फत पहिचान पक्षधर एवं क्षेत्रीय प्रकृतिका अनेकौँ दल संविधानसभामा प्रतिनिधित्व गर्न सफल भए ।

२०७२ सालमा संविधान जारी भएपछि नेपालमा अहिले सात प्रदेश सहितको सङ्घीय संरचना छ । क्षेत्रीय एवं पहिचान पक्षधर दलहरूले माग गर्दै आएअनुरूप समानुपातिक समावेशिताको हक पनि संविधानले सुनिश्चित गरेको छ । राज्यको स्वरूप सङ्घीय र राजनीतिक प्रणाली बहुदलीय हुने संवैधानिक व्यवस्थाअनुरूप फरक-फरक प्रदेश वा क्षेत्रका विशिष्ट आवश्यकता र समुदायको पहिचानका साथै क्षेत्रलाई प्रतिनिधित्व गर्न प्रादेशिक राजनीतिक

[६] शान्ति तथा पुनर्निर्माण मन्त्रालय । २०७० । *नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरूको सङ्कलन (बाह्र बुँदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत)* । काठमाडौँ : शान्ति तथा पुनर्निर्माण मन्त्रालय ।

[७] झा, प्रशान्त । २०७२ । *गणतन्त्रको सङ्घर्ष : नेपालको समकालीन इतिहास* । उज्ज्वल प्रसाई, अनु.। काठमाडौँ : फाइन प्रिन्ट ।

[८] गौतम, भास्कर । २०६४ । मधेसी विद्रोह : नैराश्यको राजनीति । *मधेस विद्रोहको नालीबेली* । भास्कर गौतम सं.,पृ. १-३६ । काठमाडौँ : मार्टिन चौतारी ।

[९] खनाल, कृष्ण । २०७० । पहिचानको राजनीति र जातीय-क्षेत्रीय राजनीतिक दलहरू : अवधारणा, प्रयोग र सम्भावनाबारे एक समीक्षा । *मधेश अध्ययन* २(३): ५-३५ ।

दल गठन हुनु संविधानकै मर्मअनुरूप हुन्छ । कुनै पनि राजनीतिक दलले निश्चित प्रदेशमा मात्र केन्द्रित भई साङ्गठनिक र राजनीतिक गतिविधि गर्न सक्छन् । त्यस्ता राजनीतिक दलले प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमा उम्मेदवार उठाउन सक्छन् । तिनले निश्चित प्रदेश र त्यस भित्रका समुदायको पहिचान, प्रतिनिधित्व, स्वशासन र अधिकारको मुद्दा उठाउन सक्छन् । तिनको साङ्गठनिक सामर्थ्य र समर्थन पनि अन्य प्रदेशको तुलनामा ती प्रदेशमा बढी हुन सक्छ ।

विभिन्न समयमा क्षेत्रीय दललगायत विभिन्न समुदायले गरेको आन्दोलनका कारण नै नेपालले सङ्घीय शासन प्रणाली अपनाएको हो । त्यसैले सङ्घीयता संस्थागत गर्न पनि उनीहरूको अहं भूमिका हुन्छ । यस शासन प्रणालीमा प्रदेशले आफ्नो कानून एवं नीति निर्माण आफै गर्छन्, प्राथमिकता निर्धारण र बजेट निर्माण पनि आफै गर्छन् । आफ्नो समुदायको पहिचानको स्थापना, समानुपातिक समावेशिता र बेथितिको अन्त्य र सुशासनको सबलीकरण सङ्घीयताका मुख्य आधार हुन् । यी विषय कार्यान्वयन हुँदा मात्र सङ्घीयता संस्थागत गर्न सहयोग पुग्छ । यिनै विषयलाई आफ्नो उदय र अस्तित्वको आधार बनाइरहेका क्षेत्रीय दलले व्यवहारतः कसरी अभ्यास गरेका छन् भन्नेमा यो अध्ययन केन्द्रित छ । यो अध्ययनका उद्देश्य निम्नलिखित छन् :

- क्षेत्रीय दलको कानूनी र राजनीतिक परिभाषाबारे लेखाजोखा ।
- सङ्घीय संरचनामा क्षेत्रीय दलहरूको प्रभाव र तिनमा समावेशीकरणको मूल्याङ्कन ।
- प्रदेश र स्थानीय तहमा क्षेत्रीय दलहरूले खेलेको भूमिकाको विश्लेषण ।
- सङ्घीयता संस्थागत गर्न यी दलहरूले सामना गरेका चुनौती पहिचान ।

यो प्रतिवेदनको यसपछिको खण्डमा अध्ययन विधि प्रस्ट्याइएको छ । क्षेत्रीय दलबारे बहस तेस्रो खण्डले समेट्छ । चौथो खण्डमा प्रादेशिक संरचना निर्माण र तिनको कार्यसञ्चालनमा क्षेत्रीय दलको भूमिकाबारे उल्लेख गरिएको छ । नीति तथा कार्यक्रममा प्राथमिकता र बजेट कार्यान्वयनमा क्षेत्रीय दलको भूमिकाबारे पाँचौँ खण्ड केन्द्रित छ । सरकार र सदनलाई समावेशी बनाउन क्षेत्रीय दलले गरेका अभ्यासबारे छैटौँ खण्डमा परिचर्चा गरिएको छ । सातौँ खण्ड क्षेत्रीय दलको आन्तरिक विवादले सङ्घीयता संस्थागत गर्नमा परेको असरबारे केन्द्रित छ । आठौँ खण्ड सुदूरपश्चिम प्रदेशमा नाउपाले जितेका स्थानीय तहमा भाषा र संस्कृति संरक्षणमा गरिएका कार्यबारे छ । नवौँ खण्डले क्षेत्रीय दलका उपलब्धि र तिनले अधिकारको लागि सङ्घसँग गरेको सङ्घर्षलाई खोतल्छ । अन्त्यमा यस अध्ययनको निष्कर्ष छ ।

## २. अध्ययन विधि

यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि अपनाइएको छ । सूचना सङ्कलनका लागि सुदूरपश्चिम प्रदेशको कैलाली; मधेश प्रदेशको बारा, पर्सा, रौतहट, धनुषा, सिरहा र सप्तरी, कोशी प्रदेशको झापा, मोरङ र सुनसरीमा राजनीतिक दलका प्रतिनिधि, प्रदेशसभाका सदस्य, स्थानीय तहका जनप्रतिनिधि, प्राज्ञिक व्यक्ति, प्रदेश मन्त्रालय र निकायका पदाधिकारी तथा कर्मचारी, स्थानीय तहका कर्मचारी र नागरिक समाजका सदस्यहरूसँग अन्तर्वार्ता गरिएको थियो । प्राप्त जानकारीलाई पूर्वप्रकाशित सामग्री समेतको मद्दतमा विश्लेषण गरी प्रतिवेदनको मस्यौदा तयार पारिएको थियो । सुदूरपश्चिम प्रदेशको जानकी गाउँपालिका, लुम्बिनी प्रदेशको कपिलवस्तु नगरपालिका, बागमती प्रदेशको ललितपुर महानगरपालिका, मधेश प्रदेशको सिरहा नगरपालिका र कोशी प्रदेशको इटहरी उपमहानगरपालिकामा मंसिर र पुस २०८१ का विभिन्न मितिमा आयोजित कार्यक्रममा यस अध्ययनको प्रारम्भिक मस्यौदा प्रस्तुत गरिएको थियो । ती कार्यक्रमबाट प्राप्त सुझाव र जानकारीका आधारमा यो प्रतिवेदन परिमार्जन गरिएको हो । अन्तर्वार्ता गरिएकामध्ये व्यक्तिगत पहिचान खुलाउन नचाहने उत्तरदाताको गोपनियता कायम गर्दै यस प्रतिवेदनमा नाम उल्लेख गरिएको छैन ।

पहिलो वा दोस्रो प्रदेशसभा निर्वाचनमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने क्षेत्रीय राजनीतिक दललाई यो अध्ययनमा समेटिएको थियो । सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति पार्टी (नाउपा), मधेश प्रदेशमा जनता समाजवादी पार्टी, नेपाल (जसपा नेपाल), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) तथा नेपाल सङ्घीय समाजवादी पार्टी र कोशी प्रदेशमा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (सलोराम) यो अध्ययनमा परेका छन् (यी क्षेत्रीय दल हुन् भन्नेबारे यसपछिको खण्डमा चर्चा गरिएको छ) ।

२०७४ को निर्वाचनपछि जसपा नेपालले पूर्ण अवधि मधेश प्रदेश सरकारको नेतृत्व गर्‍यो र सरकारमा अर्को क्षेत्रीय दल लोसपा पनि सहभागी थियो । २०७९ को निर्वाचनपछि पनि करिब एक वर्ष जसपा नेपाल नै प्रदेश सरकारको नेतृत्वमा थियो । जेठ २०८१ देखि जनमत पार्टी प्रदेश सरकारको नेतृत्वमा छ । त्यसैले सङ्घीयता संस्थागत गर्न मधेश प्रदेश सरकारमा रहेर क्षेत्रीय दलले खेलेको भूमिकाबारे यो अध्ययन केन्द्रित छ । त्यस्तै, सुदूरपश्चिम र कोशी प्रदेशमा क्रमशः नाउपा र सलोराम विभिन्न समयमा प्रदेश सरकारमा सहभागी थिए । सीमित

समय सरकारमा सहभागी भएकाले ती प्रदेशमा भने सङ्घीयता संस्थागत गर्न क्षेत्रीय दलको भूमिका स्पष्ट भन्न कठिन छ । यद्यपि, तिनका प्रयास र गतिविधिलाई पनि यहाँ केही स्थान दिइएको छ । बरु सुदूरपश्चिम प्रदेशमा नाउपाले जितेका टीकापुर र भजनी नगरपालिका एवं जानकी र जोशीपुर गाउँपालिकाले के कसरी काम गरिरहेका छन् भनेर खोतलिएको छ ।

## ३. क्षेत्रीय दलबारे बहस

नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐन क्षेत्रीय दलको अवधारणाबारे मौन छन् । यद्यपि, व्यवहारतः कतिपय दलले क्षेत्रीय चरित्र बोकेका छन् । प्रदेशको सीमाङ्कनमा पहिचान गौण बनेकाले क्षेत्रीय दलको आवाज र प्रतिनिधित्व कमजोर बनेको छ । कुनै प्रदेशमा राजनीतिक शक्ति निर्माण गर्ने, जनसमर्थन हासिल गर्ने र त्यस क्षेत्रमा राजनीतिक शक्ति अभ्यास गर्ने क्षेत्रीय दलका लागि एकातिर संवैधानिक तथा कानूनी अस्पष्टता छ भने अर्कातिर प्रदेशको सीमाङ्कन ती दलको अपेक्षाविपरीत भएको छ । यी चुनौतीका वाबजुद क्षेत्रीय दल सङ्घीयता कार्यान्वयनको दिशामा अघि बढिरहेका छन् ।

राजनीतिक दल क्षेत्रीय हो वा होइन भन्ने निक्यौंल तिनको साङ्गठनिक संरचना, सङ्ख्या र सहभागिता; जनमत र समर्थन; राजनीतिक मुद्दालगायतका पक्षबाट थाहा हुन्छ । त्यसैले, राजनीतिक दलका साङ्गठनिक सामर्थ्य, समर्थन र तिनका मुद्दाको विश्लेषण गर्दै यस अध्ययन प्रयोजनका लागि क्षेत्रीय दल परिभाषित गरिएको छ । प्राध्यापक कृष्ण खनालले दलले उठाएका मुद्दा र जनसमर्थनका आधारमा तिनलाई क्षेत्रीय दल मान्न सकिने उल्लेख गरेका छन् । उनका अनुसार, "केही हिन्दू नाम, एकाध जातीय नाम (जस्तै मङ्गोल), केही क्षेत्रीय नाम (जस्तै थरूहट, लिम्बूवान, मधेश) जोडेर राखिएका दलबाहेक नामबाट मात्रै कुन दल जातीय/क्षेत्रीय पहिचानवादी हो भनेर छुट्याउन सकिन्न ।"[१०] क्षेत्रीय दललाई बुझाउने सन्दर्भमा उनले अङ्ग्रेजीमा प्रयोग गरिने 'एथ्नोरिजनल' (जातीय-क्षेत्रीय) पदावली पनि प्रयोग गरेका छन् । यस अध्ययनको सन्दर्भमा पनि क्षेत्रीय दललाई बुझाउन यी पदावली प्रयोग गरिएको छ ।

### *३.१. कानूनी अस्पष्टता*

संविधानको धारा २६९ मा राजनीतिक दलको गठन, दर्ता, सञ्चालन र सुविधा सङ्घीय कानूनबमोजिम हुने उल्लेख गरिएको छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५२ अनुसार प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ कम्तीमा ३ प्रतिशत मत र पहिलो हुने

[१०] खनाल, कृष्ण । २०७० । पहिचानको राजनीति र जातीय-क्षेत्रीय राजनीतिक दलहरू : अवधारणा, प्रयोग र सम्भावनाबारे एक समीक्षा । *मधेश अध्ययन* २(३): ५-३५ ।

निर्वाचित हुने प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले राष्ट्रिय दलको मान्यता पाउँछ। तर, उक्त कानूनमा 'क्षेत्रीय दल' लाई परिभाषित गरिएको छैन। प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ ले भने यस्ता दलको अस्तित्व स्वीकारेको छ। त्यस निर्देशिकाको दफा ३२(५) मा प्रदेशसभा निर्वाचनमा कुल सदर मतको न्यूनतम १.५ प्रतिशत मत ल्याएका दलले समानुपातिक प्रणालीमार्फत प्रदेशसभामा प्रतिनिधित्व गर्न पाउने उल्लेख छ। स्थापित राष्ट्रिय दलको तुलनामा क्षेत्रीय दलको प्रभाव खासखास स्थानमा सीमित हुन्छ। उनीहरूको सङ्गठन र जनसमर्थन पनि त्यहीँ केन्द्रित हुन्छ। यही तथ्यलाई ध्यानमा राखेर संविधानसभा निर्वाचन ऐन, २०६४ मा क्षेत्रीय दललाई सहज हुने गरी व्यवस्था गरिएको थियो। सो ऐनको दफा ७ को उपदफा १४ मा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुने कुल सदस्य सङ्ख्याको २० प्रतिशतभन्दा कममा उम्मेदवारी दिने राजनीतिक दलले महिला र पुरुषको सङ्ख्या बराबरी हुने गरी मात्र सूची बुझाए हुने, जातीय प्रतिनिधित्व मिलाउन नपर्ने गरी खुकुलो प्रावधान राखिएको थियो।

संविधानसभामा अनेकौँ जातीय र क्षेत्रीय दलको प्रतिनिधित्व थियो। तर, त्यही संविधानसभाबाट बनेको संविधानमा भने जातीय र क्षेत्रीय दलबारे अस्पष्टता पाइन्छ। यसको उदाहरण निर्वाचन आयोग नेपालले फागुन ३, २०८० मा १९ राजनीतिक दललाई तिनको नाम संविधान र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को मर्म र भावनाअनुरूप नदेखिएको निर्णय गर्दै नाम परिवर्तन गरी ३० दिनभित्र निर्वाचन आयोगमा जानकारी दिन दिएको निर्देशनलाई लिन सकिन्छ।[११] संविधानको धारा २६९ को उपधारा (५) मा कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिह्न वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता नहुने व्यवस्था छ। यही प्रावधान राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ६ को उपदफा (१) को खण्ड

[११] निर्वाचन आयोग नेपालले नाम परिवर्तन गर्न निर्देशन दिएका दलहरू मुस्कान सेना नेपाल पार्टी, चुरेभावर लोकतान्त्रिक पार्टी, मधेश तराई फोरम, नेपाल पूर्वराष्ट्र सेवक लोकतान्त्रिक पार्टी, मधेशी जनअधिकार फोरम मधेश, शिवसेना नेपाल, नेपाल दलित पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा नेपाल, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट), नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक), तामाङसालिङ लोकतान्त्रिक पार्टी, अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, पिछडावर्ग निषाद दलित जनजाति पार्टी, राष्ट्रवादी युवा मोर्चा, आमूल परिवर्तन मसिहा पार्टी नेपाल, मंगोल नेशनल अर्गनाइजेशन, सङ्घीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल, किरात खम्बुवान साझा पार्टी, तराई-मधेश लोकतान्त्रिक पार्टी नेपाल। यी १९ दलमध्ये छ ओटाले निर्वाचन आयोगको निर्देशनअनुरूप नाम परिवर्तन गरेका छन्। नेपाल पूर्वराष्ट्र सेवक लोकतान्त्रिक पार्टीले जनसेवा लोकतान्त्रिक पार्टी, नेपाल दलित पार्टीले नेपाल मानवतावादी पार्टी, नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) ले नेपाल जनता संरक्षण पार्टी, तामाङसालिङ लोकतान्त्रिक पार्टीले जनप्रिय लोकतान्त्रिक पार्टी, आमूल परिवर्तन मसिहा पार्टी नेपालले आमूल परिवर्तन रिपब्लिकन पार्टी नेपाल, किरात खम्बुवान साझा पार्टीले राष्ट्रिय साझा पार्टी नेपाल भनी नाम परिवर्तन गरेका हुन् (हेर्नुहोस्, निर्वाचन आयोग नेपाल। २०८०। *निर्वाचन आयोग, नेपालको अठारौँ वार्षिक प्रतिवेदन २०८०/८१*। पृ. ४७-४८। काठमाडौँ : निर्वाचन आयोग नेपाल)।

(च) मा पनि छ । यसकै आधारमा निर्वाचन आयोगले ती दलको नाम परिवर्तन गर्न निर्देशन दिएको थियो । तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले सर्वोच्च अदालतमा उत्प्रेषणको आदेशद्वारा निर्वाचन आयोगको उक्त निर्णय बदर गरी दलको नाम यथावत राख्न परमादेश जारी गर्ने मागसहित चैत १, २०८० मा रिट निवेदन दायर गरेको थियो । उक्त रिट निवेदनमा भनिएको छ :

> निर्वाचन आयोगले सोधेको प्रश्नले तराई-मधेश लोकतान्त्रिक पार्टीको कुनै शब्द वा अक्षर नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐनको मर्म अनुकूल नभएको उल्लेख गर्न सकेको छैन । 'तराई-मधेश' शब्दको प्रयोग गर्दै नेपाल सरकारले कतिपय आयोजना र कार्यक्रमको नामसमेत राखेको छ । उदाहरणको निम्ति तराई मधेश समृद्धि कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, काठमाडौँ तराई द्रुत मार्ग इत्यादि । कुनै क्षेत्र विशेषसँग सम्बन्धित शब्दले क्षेत्र विशेष माथिको सन्दर्भ प्रकाश पार्छ । त्यसले संविधान र कानूनको विपरित भावना अगाडि सार्छ भन्ने छैन ।[१२]

सर्वोच्च अदालतमा परेको सो रिटविरुद्ध निर्वाचन आयोगले लिखित जवाफ पेश गऱ्यो । सो जवाफमा तराई मधेश भन्ने नामले कुनै खास क्षेत्र वा भूगोलमा बस्ने वर्गलाई मात्र निर्दिष्ट गर्ने र यो नाम साम्प्रदायिक प्रकृतिको हुने भएकाले संविधान र कानूनविपरीतको यस्तो नाम परिवर्तन गर्नुपर्ने दलिल पेश गरेको थियो । आयोगले नेपालको संविधान र कानूनले क्षेत्रीय प्रकृतिको दलको परिकल्पनासमेत नगरेकोले तमलोपाले प्रस्तुत गरेको रिट निवेदन खारेज गर्न सर्वोच्च अदालतसमक्ष माग गरेको थियो । तमलोपाले दायर गरेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ । त्यसैले सर्वोच्च अदालतको अन्तिम फैसला नआउँदासम्म दलहरूले नाम परिवर्तन नगरी कार्यसञ्चालन गर्न सक्छन् तर यसले नेपालको सङ्घीय संरचनामा क्षेत्रीय दलको भविष्यमा भने प्रश्न खडा गरेको छ ।

जनआन्दोलन २०६२/०६३ को सफलतापश्चात् विभिन्न जातीय/समुदाय र क्षेत्रको पहिचानको मुद्दा उठाउँदै जातीय क्षेत्रीय पहिचान पक्षधर दलहरू स्थापना गरिए । नेपाल सरकारले विभिन्न समयमा ती दलसँग सम्झौता गरेको छ भने पहिलो र दोस्रो संविधानसभामा त्यस्ता दलको बलियो उपस्थितिसमेत थियो । एकथरीको विचारमा संविधानसभाबाट बनेको

---

[१२] निर्वाचन आयोग नेपालले तराई मधेश लोकतान्त्रिक पार्टीको नाम नेपालको संविधान र ऐनको मर्म अनुकूल नभएकोले नाम परिवर्तन गर्न दिएको निर्देशनविरुद्ध सो दलले सर्वोच्च अदालतमा उत्प्रेषणको आदेशद्वारा बदर गरी पार्टीको नाम यथावत कायम राख्न परमादेश आदेश जारी गर्न दिएको रिट नं. ०८०-WO-०९३६ मा निर्वाचन आयोग नेपालले चैत २१, २०८० मा दिएको लिखित जवाफ ।

संविधान तथा कानूनले भने क्षेत्रीय दलको अस्तित्वलाई अस्वीकार गर्ने परिकल्पना गर्छ । निर्वाचन आयोग नेपालले तमलोपाले नाम परिवर्तनविरुद्ध दिएको रिटमा त्यही तर्क पेश गरेको छ। सलोरामका अध्यक्ष कुमार लिङ्देनका अनुसार जातीय र क्षेत्रीय दललाई निर्वाचन आयोगले प्रश्न उठाउनु राजनीतिक परिवर्तनलाई अस्वीकार गर्दै २०४७ कै संविधानको धङ्धङीमा रमाउनु हो । यद्यपि, त्यही संविधानअन्तर्गत भएका प्रतिनिधिसभा निर्वाचनमा मधेशवादी क्षेत्रीय दल नेपाल सद्भावना पार्टीले पटकपटक मधेशबाट प्रतिनिधित्व गरेको थियो । कुमार लिङ्देन भन्छन्, "निर्वाचन आयोगले जातीय क्षेत्रीय पहिचान झल्काउने नाम हटाउन २०६३ सालको परिवर्तनअघि पनि दबाब दिन्थ्यो । तर, देशले सङ्घीय प्रणाली अपनाएपछि पनि लिम्बूवान, खम्बूवान, मंगोल जस्ता जातीय क्षेत्रीय दलले आफ्नो अस्तित्वको लागि कानूनी लडाइँ लड्नुपर्ने अवस्थाले संविधानमा रहेको कमजोरीलाई नै पुष्टि गर्छ ।"[१३] तमलोपा, एकीकृत समाजवादी पार्टी, नेपाल सद्भभावना पार्टी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] को जातीय मोर्चा मधेशी राष्ट्रिय मुक्ति मोर्चाले साउन ४, २०८१ मा प्रेस विज्ञप्ति निकाल्दै सङ्घीय संरचनामा प्रादेशिक स्वशासन सुदृढ गर्न प्रादेशिक राजनीतिक दलको प्रावधान जरुरी रहेको उल्लेख गरेका थिए। तमलोपाको घोषणापत्र २०७८ मा क्षेत्रीय दलको आवश्यकता र सङ्घीय संरचनामा प्रादेशिक जनताको प्रतिनिधित्वको सुनिश्चितताका लागि कानूनी व्यवस्था माग गरेको छ। घोषणापत्रमा भनिएको छ, "सङ्घीयता सुदृढीकरणका लागि क्षेत्रीय अवधारणाको सही विकास आवश्यक छ । क्षेत्रीय राजनीतिक दलहरूको उपस्थिति र मान्यताले समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत प्रादेशिक मतको आधारमा सङ्घीय व्यवस्थापिकामा प्रादेशिक प्रतिनिधित्वको सुनिश्चितता हुनेछ। त्यसकारण, निर्वाचन र अन्य राजनीतिक प्रयोजनका लागि समेत क्षेत्रीय पार्टीको कानूनी व्यवस्था अनिवार्य गरिनु पर्दछ ।"[१४]

### *३.२. प्रदेश सीमाङ्कन : अवसरको सङ्कुचन*

हालको सात प्रदेशको संरचनाले मधेश प्रदेशबाहेक अन्य छ प्रदेशमा पहिचानको आधारलाई सम्बोधन नगरेकोमा क्षेत्रीय दलको असन्तुष्टि छ । प्रदेश सीमाङ्कन गर्दा आदिवासी जनजाति लगायतको ऐतिहासिक, भौगोलिक तथा जनसांख्यिक सामर्थ्य विभाजित बनेको छ । मधेशबाहेक अन्य छ प्रदेशमा जनसांख्यिक हिसाबले खस-आर्यकै बाहुल्यता छ ।

[१३] लिङ्देनसँग भदौ २९, २०८१ मा गरिएको कुराकानी।

[१४] तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)। २०७८। *तराई-मधेश लोकतान्त्रिक पार्टीको घोषणा पत्र २०७८*। जनकपुरधाम : तमलोपा।

सुदूरपश्चिममा थारू समुदायले हालको सुदूरपश्चिम प्रदेशको संरचनाको विरोध गर्दै चितवन पश्चिमदेखि कञ्चनपुरसम्मका तराई-मधेशका जिल्लालाई थरूहट/थारूवान प्रदेश बनाउने माग राख्दै आएका छन् । हालको प्रदेश सिमाङ्कनले क्षेत्रीय दल र विभिन्न समुदायको प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रतिनिधित्वमा पारेको असरबारे लोसपाको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को घोषणापत्रमा यसरी उल्लेख गरिएको छ :

> सात प्रदेशको सङ्घीय ढाँचाले ठूलो असन्तोष र द्वन्द्व सिर्जना गरेको छ । मधेश प्रदेशबाहेक बाँकी छ प्रदेशमा खस-आर्यको बाहुल्यता रहेकोले यी प्रदेशहरूको सत्तामा उनीहरूको मात्र एकाधिकार रहने तथ्यको पुष्टि विगतका सङ्घीय संसद र प्रदेशसभाहरूको निर्वाचन परिणामबाट प्रस्ट भएको छ । भौगोलिक एकरूपतालाई नष्ट गरी मधेश प्रदेशभन्दा पूर्व र पश्चिमका तराई-मधेशका जिल्लाहरूलाई हिमाल पहाडसँग गाभेर छ भागमा बाँडेकोले गर्दा करिब ४० लाख मधेशी, थारूसहित किराँत, लिम्बू, मगर, गुरूङ आदिवासी जनजातिहरू आफ्नै भूमिमा पनि अल्पमतमा परेको हुनाले तिनको न्यून प्रतिनिधित्व हुँदा सत्ताबाट विमुख हुने अवस्था बनेको छ ।

कञ्चनपुरदेखि दाङ वा कपिलवस्तु वा परासीसम्म एउटा प्रदेश हुन्थ्यो भने क्षेत्रीय दल बन्न सक्ने सम्भावना औँल्याउँदै राजनीतिक विश्लेषक डम्बर खतिवडा भन्छन्, "क्षेत्रीय दल जन्म हुनको लागि प्रदेशको सीमाङ्कन मिलेको हुनुपर्छ । त्यस प्रदेशभित्र प्रादेशिक भावना पनि हुनुपर्छ । प्रादेशिक भावना सिर्जना गर्ने तत्व जातीय समुदाय, सभ्यता, भाषालगायत हुन् ।"[१५] कैलालीका थरूहट आन्दोलनका अगुवा माधव चौधरी भन्छन्, "सुदूरपश्चिम प्रदेशअन्तर्गत नागरिक उन्मुक्ति पार्टी वा थारूको पहिचानको लागि खोलिने दलले यही प्रदेशभित्रकै पहाडका सात जिल्लामा सङ्गठन निर्माण गर्न र निर्वाचनमा मत प्राप्त गर्न सक्दैनन् । जातीय जनसङ्ख्यालाई ध्यान दिने हो भने थारूको जातीय क्षेत्रीय दलको साङ्गठनिक आधार र मताधार त कञ्चनपुरदेखि चितवनसम्मको तराईका जिल्ला हुन् ।"[१६] त्यस्तै सलोरामका अध्यक्ष कुमार लिङ्देनले अरूण पूर्वको नौ जिल्लालाई समेटेर लिम्बूवान प्रदेश बनाउँदा लिम्बूवान सम्बद्ध क्षेत्रीय दलले आफ्नो राजनीतिक गतिविधि गर्ने आधार तय हुने तर्क गर्छन् ।[१७] प्रदेश सीमाङ्कन गर्दा निश्चित जातीय समुदाय बहुल रहेको क्षेत्रलाई विभाजन गरेर फरक प्रदेशमा पारियो । त्यसैले ती जातीय क्षेत्रीय दलको प्रभाव क्षेत्र अन्य प्रदेशमा

---

[१५] खतिवडासँग भदौ ३, २०८१ गरिएको कुराकानी ।

[१६] चौधरीसँग कात्तिक ९, २०८१ मा गरिएको कुराकानी ।

[१७] लिङ्देनसँग भदौ २९, २०८१ मा गरिएको कुराकानी ।

पनि छरिएको छ । उनीहरूले अन्य प्रदेशका आफ्ना जातीय समुदायमा सङ्गठन बनाउने र निर्वाचनमार्फत प्रतिनिधि पठाउन सफल भएका छन् ।

## ३.३. *कार्यकर्ता र समर्थकको दृष्टिकोण*

यस अध्ययनमा समेटिएका दलका नेता तथा कार्यकर्ताले आफ्नो दललाई क्षेत्रीय वा राष्ट्रिय के भनेर चिनाउन चाहन्छन् भन्ने विषय पनि महत्त्वपूर्ण हो । कोशी प्रदेश केन्द्रित सलोरामका अध्यक्षले नै आफू नेतृत्वको दल क्षेत्रीय हो भनिसकेपछि त्यसमा थप छलफल नै चाहिएन । सलोरामका अध्यक्ष कुमार लिङ्देन भन्छन्, "हामी पहिचानको लागि लडिरहेको राजनीतिक समूह हौँ । त्यसकारण हाम्रो दलको दर्ता सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नाम निर्वाचन आयोगलाई चाहिने कानूनी आधारमा राखिएता पनि हाम्रो आन्दोलन लिम्बूवान लगायत पहिचानयुक्त प्रदेश प्राप्तिकै लागि हो ।"[१८] यस्तै धारणा सुदूरपश्चिम केन्द्रित नाउपाका कार्यकर्ता तथा समर्थकमा पनि थियो । अध्ययनको क्रममा भेटिएका उत्तरदाताले नाउपा क्षेत्रीय दल भएको र थारु समुदायको लागि यस्तो राजनीतिक शक्ति अपरिहार्य भएको बताएका थिए । नाउपाका महासचिव ठाकुरसिंह थारूले नाउपा कानूनी आधारमा मात्र होइन, यसको मुद्दा, सङ्गठन एवं समर्थनको आधारमा पनि क्षेत्रीय दल नै भएको दाबी गरे । त्यस्तै, भारतमा क्षेत्रीय दलहरूको महत्त्वलाई औंल्याउँदै महन्थ ठाकुरले आफू नेतृत्वको राजनीतिक दल लोसपा पनि मधेश केन्द्रित एक क्षेत्रीय दल भएको स्वीकारेका छन् । आन्तरिक विवादका कारण लोसपालगायत मधेशवादी दलहरूले मधेशमा नै आफ्नो राजनीतिक उपस्थिति बलियो बनाउन नसकेको उनले बताएका छन् ।[१९]

जसपा नेपाल र जनमत पार्टीका जिल्ला नेताहरूले कुराकानीका क्रममा ती दललाई मधेशवादी वा मधेश केन्द्रित क्षेत्रीय दलको रूपमा चिनाएका थिए । स्थानीय तहका जनप्रतिनिधि, प्रदेशसभा सदस्य, स्थानीय स्तरका कार्यकर्ता र समर्थक यी दल मधेशका क्षेत्रीय दल हुन् भनी बताउँथे । बरु राष्ट्रिय दल बन्ने धुनमा मधेशी क्षेत्रीय दलले मधेशको आधार र मुद्दा बिर्संदै गएको भन्ने गुनासो स्थानीयस्तरका कार्यकर्ता र नेताको थियो । मधेशी दलले आफ्नो नामबाट मधेश शब्द नै हटाएकोमा समर्थकहरू असन्तुष्ट थिए । तीमध्ये एकले भने, "जब काठमाडौँमा काँग्रेस, एमाले र माओवादी जस्ता दलले हाम्रा मधेशी नेतालाई भाउ

[१८] लिङ्देनसँग भदौ २९, २०८१ मा गरिएको कुराकानी ।

[१९] ठाकुर, महन्थ । २०७९ । हाम्रो पार्टी पनि क्षेत्रीय पार्टी हो तर मधेसमै आफ्नो उपस्थिति बलियो देखाउन सकेको छैन– लोसपा अध्यक्ष, महन्थ ठाकुर (अन्तवार्ता) । *हरियाली नेपाल*, असार १८ । https://hariyalinepal.com/166298/ मा उपलब्ध, पुस ७, २०८१ मा हेरिएको ।

दिँदैनन्, त्यसपछि ती आफ्नो औकातमा आउँछन् र मधेश झर्छन् । मधेशीलाई फेरि केन्द्रले हेप्न थाल्यो भन्दै आन्दोलनमा जान जनतालाई उकास्छन् ।" धनुषाका राजु सिंहले जसपा नेपाल, लोसपा र जनमतका शीर्ष नेताहरूले मधेशी जनताको भोटले जितेर गएपछि मधेशी दल भन्न हिनताबोध गर्दा पीडा हुने गरेको बताए । उनले व्याख्या गर्दै भने :

> उपेन्द्र यादव, महन्थ ठाकुर र सीके राउत सङ्घीयताप्रति इमान्दार भएको भए उनीहरू प्रदेशका मुख्यमन्त्री आफैँ बन्नु पर्थ्यो । त्यसो हुँदा केन्द्र सरकार र त्यहाँबाट आउने कर्मचारीले प्रदेशलाई हेर्ने नजरिया नै फरक हुन्थ्यो । सङ्घसँग अधिकार प्राप्तिको लडाँइ झन बलियो हुन्थ्यो । तर, हाम्रो भोट पाएर राष्ट्रिय दलका नेता बन्ने लालसा मधेशी नेतामा देखियो । राष्ट्रिय दल नै चाहिने हो भने त काँग्रेस, एमालेजस्ता परम्परागत दल छँदै छ नि । थप अर्को दल किन चाहियो ? बरु प्रदेशमा राम्रो काम गरेर यहाँको मान्छेको मन जित्न सके मधेशवादी दल बलियो हुन्थे । २०६४ को चुनावमा मधेशीको मुद्दा उठाएकोले जनताले जिताएकै हो । मधेशी दल बलियो भएपछि काँग्रेस, माओवादी र एमाले आफैँ सहकार्य गर्न आउँछन् । हिजो मधेश आन्दोलनको बेला काठमाडौँका मन्त्री मधेशमा वार्ता गर्न आएका होइनन् र ? त्यो इतिहास हाम्रो नेताले किन बिर्सेको ?[२०]

प्रदेशसभा निर्वाचनमा महोत्तरीबाट निर्वाचित सुरिता साहले पनि मधेश आन्दोलनको योगदान स्मरण गर्दै सङ्घीयतालाई बलियो बनाउन प्रदेशस्तरमै काम गर्नुपर्ने बताइन् । त्यसको दृष्टान्तमा उनले आफैलाई प्रस्तुत गर्दै भनिन्, "हिजो राज्य पुनर्संरचना गरी प्रदेश बनाउन हामी नै लडेको हो । त्यसका लागि निर्वाचनमा भाग लिई संविधानसभामा पनि गइयो । प्रदेश बनेपछि म यतै आएकी छु । सङ्घीयता बलियो बनाउनु पर्छ भनेर प्रदेशसभाका दुईटै निर्वाचनमा भाग लिएँ र निर्वाचित पनि भएँ ।"[२१] त्यस्तै, सप्तरीका दलित अगुवा भोला पासवानले मधेशी जनअधिकार फोरमले राष्ट्रिय दल बन्ने महत्त्वाकांक्षामा आफ्नो नामबाट 'मधेश' शब्द हटाएको दिनदेखि मधेशको मुख्य मुद्दा छोडेको टिप्पणी गरे । उनले भने, "जनजातिहरूसँग सहकार्य गर्नु राम्रो हो, तर मधेश र जनजातिको पहिचान झल्किने नाम राख्नुपर्ने थियो ।"[२२] जसपा नेपाल र जनमत पार्टीका जिल्लास्तरीय केही नेतृत्व भने कानूनको हवाला दिँदै प्रतिनिधिसभाको चुनावमा समानुपातिकतर्फ तीन प्रतिशत थ्रेस होल्ड पनि कटाएकोले

---

[२०] सिंहसँग भदौ २३, २०८१ मा गरिएको कुराकानी ।

[२१] साहसँग वैशाख १७, २०८१ मा गरिएको कुराकानी ।

[२२] पासवानसँग भदौ २५, २०८१ मा गरिएको कुराकानी ।

तिनलाई क्षेत्रीय दल नभनेर राष्ट्रिय दल नै भन्नुपर्ने मत पेश गर्थे तर यस्तो मत राख्ने सीमित थिए । पर्सा र रौतहटमा कुराकानी गरिएका जनमत पार्टीका नेता तथा कार्यकर्ताले इलाम उपनिर्वाचनमा जनमत पार्टीको उम्मेदवारको जमानत जफत भएको उदाहरण दिँदै उत्पीडित समुदाय तथा क्षेत्रको मुद्दा दलले उठाउनुका साथै राजनीति र सङ्गठन मधेश प्रदेशमा केन्द्रित गर्नुपर्ने बताए । तर, समानुपातिक प्रणालीतर्फ खस-आर्य वा आदिवासी जनजाति लगायतलाई पनि प्रतिनिधित्वको लागि पठाउनुपर्ने कानूनी बाध्यता छ । त्यसैले मधेश केन्द्रित दलहरूले समानुपातिकतर्फ ती समुदायको मत पनि तान्न तराई/मधेशबाहेक अन्य क्षेत्रमा पनि सङ्गठन फैलाएको तर्क मधेशी दलका केही नेताले गरेका थिए । यस्तै तर्क थारू समुदायका मुद्दामा केन्द्रित नाउपाका नेताहरूले पनि गरेका थिए । तर, आफूहरूले समानुपातिकतर्फ थ्रेस होल्ड नकटाएकोले पनि नाउपालाई थारू समुदायको पहिचान स्थापित गर्न लागिपरेको क्षेत्रीय दल नै भन्थे । यद्यपि, मधेशी दललाई राष्ट्रिय दल भनेर अड्डी कस्ने नेताहरूले पनि नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बाट मधेशको हित नहुने भएकोले मधेशको हक अधिकार स्थापित गर्न मधेशी दलबाट मात्र सम्भव छ भन्न छुटाएनन् ।

## *३.४. क्षेत्रीय दलका मुद्दा*

**जनता समाजवादी पार्टी, नेपाल :** अन्तर पार्टी फोरमका रूपमा उपेन्द्र यादवद्वारा स्थापित मधेशी जनअधिकार फोरममा मधेशी मुद्दा र राजनीतिबारे बहस हुन्थ्यो । यादवले २०६३ सालमा पहिलो मधेश आन्दोलनको सफलतासँगै त्यसलाई राजनीतिक दलमा रूपान्तरण गरे । मधेशी जनअधिकार फोरम र अशोक राई नेतृत्वको सङ्घीय समाजवादी पार्टी एकीकरण भएपछि नयाँ दलको नाम सङ्घीय समाजवादी फोरम, नेपाल राखियो । त्यसपश्चात बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टी लगायतका दलहरूसँग सङ्घीय समाजवादी फोरम मिलाएर समाजवादी पार्टी, नेपाल बनाइयो । २०७७ सालमा महन्थ ठाकुरको नेतृत्वमा रहेको राष्ट्रिय जनता पार्टी, नेपाल (राजपा नेपाल) र समाजवादी पार्टी, नेपाल एकीकरण गरेर जनता समाजवादी पार्टी, नेपाल बन्यो ।

२०६३ मा मधेश आन्दोलनको पूर्वसन्ध्यामा मधेशी जनअधिकार फोरमको तर्फबाट राखिएका माग मधेशी केन्द्रित थिए । यस दलले जातीय/क्षेत्रीय आधारमा राज्यको पुनर्संरचना, सबैखाले निर्वाचनमा सहभागी हुन पाउने गरी क्षेत्रीय दल खोल्न पाउने संवैधानिक व्यवस्था, बहुभाषिक नीति, मधेशको शासन, प्रशासनमा र प्राकृतिक स्रोतमा मधेशीको अग्राधिकारको माग राखेर आन्दोलन गरेको थियो । जेठ २०६४ मा नेपाल सरकारसँग वार्ता प्रारम्भमा पनि उसले मुख्यतः मधेश केन्द्रित माग राखेको थियो । तिनमा मधेशमाथि नेपाली राज्यले गरेको

आन्तरिक औपनिवेशीकरण अन्त्य; आत्मनिर्णयको अधिकारसहित सम्पूर्ण मधेश एक स्वायत्त प्रदेश स्थापना; बहिष्करणमा पारिएका विभिन्न समुदायको जातीय जनसङ्ख्याको आधारमा राज्यका सबै निकायमा समानुपातिक समावेशिता, मधेशका सबै कार्यालयका प्रमुख पदमा मधेशी नियुक्ति आदि थिए।

**लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल :** मधेश केन्द्रित पहिलो आन्दोलन विस्तार हुँदै गर्दा मधेशी नेता महन्थ ठाकुरको नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टी, नेपाल (तमलोपा) को निर्माण भयो। मधेश आन्दोलनकै क्रममा नेपाली काँग्रेस परित्याग गरी उनले नेपाली काँग्रेस, नेकपा (एमाले) लगायतका दलमा मधेशको पक्षमा फरक मत राख्ने प्रभावशाली नेताको संलग्नतामा यो दल गठन गरेका थिए। यसले राष्ट्रिय दलहरूमा रहेर मधेशी मुद्दालाई अघि बढाउने सम्भावना सीमित छ भन्ने संकेत गर्दै क्षेत्रीय राजनीतिको भविष्यलाई पनि सुनिश्चित गर्ने आधार बनायो।[२३] यस दलले पनि समग्र तराई मधेशलाई आत्मनिर्णयको अधिकारसहित एक स्वायत्त प्रदेश हुनुपर्ने माग राख्यो। साथै, सेना तथा प्रशासनमा जनसङ्ख्याको अनुपातमा मधेशीको प्रतिनिधित्वको मुद्दा उठायो। २०७४ को स्थानीय निर्वाचनमा भाग लिने लक्ष्य राखेर महन्थ ठाकुर नेतृत्वको तमलोपा, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, महेन्द्र राय यादवको तराई मधेश सद्भावना पार्टी, नेपाल, अनिलकुमार झा नेतृत्वको नेपाल सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) र शरदसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टीसहित छ दल मिलेर राष्ट्रिय जनता पार्टी, नेपाल (राजपा नेपाल) बन्यो। राजपा नेपाल र उपेन्द्र यादवले नेतृत्व गरेको समाजवादी पार्टी नेपालको एकीकरणपश्चात बनेको जसपा नेपालबाट फेरि महन्थ ठाकुरले दल विभाजन गरेपछि लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा) निर्माण भएको हो। जसपा नेपालबाट फुटेर लोसपा बन्दा पूर्व राजपा नेपाल पक्षधर अधिकांश नेता लोसपामा आएका थिए।

**जनमत पार्टी :** सीके राउत जनमत पार्टी गठन गरेर राजनीतिको मूलधारमा आउनुअघि स्वतन्त्र मधेश गठबन्धनको नामबाट मधेशलाई छुट्टै राष्ट्र बनाउनुपर्ने माग राखेर अलगाववादी आन्दोलनमा लागेका थिए। मधेश स्वराजको नाममा पृथकतावादी मुद्दा उठाएपछि नेपाल सरकारले उनलाई राज्य विप्लवको मुद्दा पनि लगाएको थियो। फागुन २४, २०७५ मा उनले स्वतन्त्र मधेशका मुद्दा परित्याग गर्दै नेपाल सरकारसँग ११ बुँदे सम्झौता गरेर मूल धारको

---

[२३] झा, प्रशान्त। २०७२। *गणतन्त्रको सङ्घर्षः नेपालको समकालीन इतिहास*। उज्ज्वल प्रसाई, अनु.। काठमाडौँ : फाइन प्रिन्ट।

राजनीतिमा फर्कने घोषणा गरेका थिए। उक्त सम्झौतामा तराई-मधेश लागयतका स्थानमा देखिएको असन्तुष्टिलाई जनअभिमतका आधारमा लोकतान्त्रिक विधिबाट समाधान गर्ने, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्ने र तराई-मधेश लगायत समग्र देशमा सुशासन कायम गर्ने उल्लेख थियो। चैत, २०७५ मा उनको नेतृत्वमा गठन गरिएको जनमत पार्टीले उक्त सम्झौतालाई मधेशी जनताको ऐतिहासिक विजयको दस्तावेज मानेको छ। पार्टी गठनबारे तराई-मधेशको सम्पर्क भाषा हिन्दीमा प्रकाशित यस दलको प्रशिक्षण पुस्तिकामा लेखिएको छ : जनमत पार्टीको सरोकार मधेश हो, यो दल राजनीतिमा आउनुको कारण मधेश हो, यसको जनाधार पनि मधेश नै हो। त्यसैले जनमत पार्टीले स्वाभाविक रूपमा मधेशकै मुद्दा उठाउँछ।[२४]

जनमत पार्टीले शासन, प्रशासन आफ्नै समुदायको हुने व्यवस्था गरेर नागरिक सम्प्रभुता स्थापना गर्ने अवधारणा अघि सारेको छ। सङ्घीयता बलियो बनाउन सामुदायिक आत्मनिर्णयको अधिकारसहित आफ्नो प्रदेशमा आफैले निर्णय गर्न पाउने; मधेशमा १० लाख रोजगारी सिर्जना गर्ने; ३० हजार मधेशीलाई नेपाली सेनामा प्रवेश गराउने; जल, जमिन र जंगलमा आइएलओ १६९ अनुसार आदिवासी जनजाति र मधेशीको अग्राधिकारको हुनुपर्ने आदि विषय जनमत पार्टीका माग हुन्। यो दलले हरेक वर्ष पुस १७ मा मधेशीको पहिचान झल्काउने धोती दिवस मनाउँदै आएको छ।

**नागरिक उन्मुक्ति पार्टी :** २०७९ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको पूर्वसन्धामा सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति पार्टी (नाउपा) को उदय भयो। यो दल गठनको पृष्ठभूमि भने टीकापुर घटना थियो। दोस्रो संविधानसभाबाट राज्य पुनर्संरचना गर्दा पञ्चायतकालमा बनाइएको सुदूरपश्चिम विकास क्षेत्रलाई नै एउटा प्रदेश बनाउने प्रस्ताव गरियो। थारू समुदाय यस प्रस्तावविरुद्ध आन्दोलित भए। कैलाली कञ्चनपुरसहित चितवनबाट पश्चिम तराईका जिल्लालाई छुट्टै थरूहट-थारूवान प्रदेश हुनुपर्ने माग उनीहरूको थियो। संविधान जारी हुने पूर्वसन्ध्यामा आन्दोलनकारीले सरकारी कार्यालयमा थरूहट प्रदेश लेखिएका बोर्ड राख्ने अभियान चलाएका थिए। कैलालीको टीकापुर नगरपालिकामा भदौ ७, २०७२ मा थारू समुदायले चोक र सार्वजनिक स्थानमा थरूहट प्रदेश लेखिएको बोर्ड राख्ने कार्यक्रम थियो। यसै क्रममा सुरक्षाकर्मी र आन्दोलनकारी थारू समुदायबीच झडप हुँदा ७ सुरक्षाकर्मीसहित एक बालकको मृत्यु भयो। सो घटनाको भोलिपल्ट टीकापुरमा थारू समुदायको घर

[२४] जनमत पार्टी। मिति उल्लेख नभएको। *जनमत पार्टी : प्रशिक्षण पुस्तिका*। http://janamatparty.org/files/2020/06/janamat-prashikshan-v11r.pdf मा उपलब्ध मंसिर २५, २०८१ मा हेरिएको।

तथा पसलमा आगजनी तथा लुटपाट भयो । उक्त घटना नै टीकापुर घटना भनेर परिचित छ । टीकापुर घटनामा दोषी करार गर्दै रेशम चौधरी लगायत ११ जनालाई जिल्ला अदालत कैलालीले जन्मकैद सुनायो । टीकापुर घटनापछि भूमिगत भएका चौधरी मंसिर २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा कैलाली क्षेत्र नं. १ बाट निर्वाचित भए । तत्कालीन राजपा नेपालबाट प्रतिनिधिसभा सदस्यको चुनाव जितेका उनले वारेसमार्फत चुनाव जितेको प्रमाणपत्र लिन पाउनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा मुद्दा हाले । तर, मुद्दा हारेपछि फागुन १४, २०७४ मा जिल्ला अदालत कैलालीसामु उनले आत्मसमर्पण गरे । जेलमै हुँदा २०७८ फागुनमा उनकी पत्नी रन्जिता श्रेष्ठको अध्यक्षतामा नाउपा स्थापना गरियो । नाउपाको प्रमुख माग रेशम चौधरीको रिहाइ थियो । थारूहरूको भौगोलिक, सांस्कृतिक पहिचानसहितको सङ्घीयता स्थापना नाउपाको मुख्य उद्देश्य हो ।[२५]

**सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च :** ऐतिहासिक पृष्ठभूमिको आधारमा आत्मनिर्णय सहितको लिम्बूवान राज्य माग गर्दै आएको सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (सलोराम) २०६२ मंसिरमा स्थापना भएको हो । कोशी प्रदेश केन्द्रित यो दलका संस्थापकमध्ये एक नेता कुमार लिङ्देनका अनुसार पार्टीको मूल उद्देश्य क्षेत्रीय स्वायत्तता, आर्थिक न्याय, र सांस्कृतिक संरक्षण हो ।[२६]

सलोरामको संस्थापकमध्ये सन्जुहाङ पालुङ्वा र कुमार लिङ्देन यसको स्थापनापूर्व गोरेबहादुर खपाङ्गी, एमएस थापा लगायतले स्थापना गरेको राष्ट्रिय जनमुक्ति पार्टीमा थिए । माघ १९, २०६१ मा तत्कालीन राजाले सम्पूर्ण शासन व्यवस्था आफ्नो हातमा लिएपछि घोषणा गरेको नगरपालिका निर्वाचनमा उक्त दल सहभागी भयो । त्यसको खुलेर विरोध गर्दा पालुङ्वा र लिङ्देन समूह कारबाहीमा परेपछि तिनले मंसिर २६ र २७, २०६२ मा झापामा भेला गरी सलोराम गठन गरे । त्यसको अध्यक्ष सन्जुहाङ पालुङ्वा भए । यसैबीच सन्जुहाङ पालुङ्वा अध्यक्ष र कुमार लिङ्देन महासचिव रहेर अरूण पूर्वका नौ जिल्लालाई लिम्बूवान प्रान्त बनाउनुपर्ने मागसहित कात्तिक २७, २०६३ मा सङ्घीय लिम्बूवान राज्य परिषद् पनि गठन गरियो ।

परिषद् र सलोरामलगायतका पहिचानसहित प्रादेशिक राज्य माग गरिरहेका राजनीतिक सङ्घ सङ्गठनले पूर्वी नेपालमा लिम्बूवान स्वायत्त राज्य माग्दै आन्दोलन थाले । आन्दोलनरत् पक्ष र राज्यबीच चरणबद्ध वार्ता भए । वार्ताकै क्रममा आन्दोलनरत् पक्षका केहीले वार्ता भङ्ग

[२५] नागरिक उन्मुक्ति पार्टी (नाउपा) । २०७९ । *नागरिक उन्मुक्ति पार्टीको प्रतिनिधिसभा र प्रदेशसभामा निर्वाचनको घोषणा पत्र - २०७९* । स्थान उल्लेख नभएको : नाउपा ।

[२६] लिङ्देनसँग भदौ २९, २०८१ मा गरिएको कुराकानी ।

भएको घोषणा गरी सङ्घीय गणतान्त्रिक मोर्चा गठनसहित आन्दोलनमै लागे। अर्को समूह भने राज्यसँग पाँच बुँदे सहमति गरी संविधानसभा निर्वाचन २०६४ मा भाग लियो। यसरी आन्दोलनकारी बीचको फाटोले सङ्घीय लिम्बूवान राज्य परिषद् र सलोराम दुई फक्लेटा बनायो। मंसिर २४, २०६४ मा आफू छुट्टिएको घोषणा गर्दै सञ्जुहाङ पालुङ्वाले सङ्घीय लिम्बूवान राज्य परिषद् पार्टी बनाए। त्यसपछि सङ्घीय लिम्बूवान राज्य परिषद्लाई भातृसङ्गठन बनाएर कुमार लिङ्देनले सलोरामको नेतृत्व गरे। लिङ्देनकै नेतृत्वमा निरन्तर रहेको सलोराम संविधानसभा निर्वाचन २०६४ देखि संसदीय निर्वाचनमा सहभागी हुँदै आयो। तर, पार्टीमा टुटफुट भने भइरह्यो। टुटफुट शृङ्खलाको पछिल्लो घटना वैशाख, २०८० मा सलोरामका उपाध्यक्ष र महासचिवलगायतले नाउपासँग दल एकीकरण गरेको उद्घोष गरेपछि विवाद सतहमा आयो। असन्तुष्ट पक्षले तत्कालीन अध्यक्ष कुमार लिङ्देनका गतिविधि दलको विधानविपरित भएको आरोपसहित ५१ प्रतिशत बहुमत सदस्यले उनलाई कारबाही गरेको बताएको थियो।[२७] उक्त कारबाहीपछि चयन गरेको नयाँ नेतृत्वको आधिकारिकताको लागि निर्वाचन आयोगमा निवेदन पनि दियो। आयोगले उक्त निवेदनउपर निर्णय गरी सलोरामको अध्यक्ष कुमार लिङ्देन नै यथावत गरेको छ।[२८] तर, आन्तरिक विवाद भने हल हुन सकेको छैन।

सलोराम लगायतले फागुन १, २०६४ मा गरेको देशव्यापी बन्द, हडताल, आन्दोलनको बलमा तत्कालीन नेपाल सरकार र मञ्चको महासचिव कुमार लिङ्देन लगायतका आन्दोलनकारी नेतृत्वबीच सहमति भएको थियो। उक्त सहमतिको एउटा बुँदा संविधानसभामा १०+१ प्रान्तको विषय समावेश गरी कार्यान्वयन गराउने थियो। त्यसयता सलोरामले सोही प्रादेशिक संरचना नेपालको सङ्घीय व्यवस्थामा हुनुपर्ने माग गर्दै आएको छ।[२९] स्थानीय मातृभाषा सरकारी कामकाजमा प्रयोग हुनुपर्ने मुद्दा पनि सलोरामले उठाएको छ। प्रदेश र स्थानीय तहमा सांस्कृतिक पहिचान, संरक्षण र आर्थिक स्रोतको प्रभावकारी व्यवस्थापन पनि यसको प्राथमिकतामा परेका छन्।

---

[२७] अधिकारी, राजु। २०८०। लिङ्देनलाई हटाएर सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले नागरिक उन्मुक्तिसँग गऱ्यो एकता। *सेतोपाटी*, वैशाख १८। https://www.setopati.com/politics/300990 मा उपलब्ध; पुस ६, २०८१ मा हेरिएको।

[२८] प्रधान, रश्मी। २०८०। निर्वाचन आयोगद्वारा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको आधिकारिकता अध्यक्ष कुमार लिङ्देनको नेतृत्वलाई। *कपुरी न्यूज*, पुस १३। https://kapurinews.com/news/2023/12/29/22304.html मा उपलब्ध; पुस ५, २०८१ मा हेरिएको।

[२९] ती ११ प्रान्तहरूमा लिम्बूवान, किरात खम्बुवान, तामाङसालीङ, शेर्पा, नेवा, मगरात, तमुवान, खसान, थरूहट र मधेश गरी १० प्रदेश र शिल्पी (दलित) हरूको थप एक प्रदेश हुन् (सलोरामको चुनावी घोषणा पत्र २०७४ र २०७९)।

**नेपाल सङ्घीय समाजवादी पार्टी :** पूर्व गृहराज्यमन्त्री मुहमद रिजवानको नेतृत्वमा पुस २, २०७३ मा नेपाल सङ्घीय समाजवादी पार्टी स्थापना भएको हो । नेकपा (एमाले) बाट छुट्टिएर अशोक राई नेतृत्वको समूहले सङ्घीय समाजवादी पार्टी स्थापना गऱ्यो । रिजवान अशोक राई नेतृत्वको समूहमा लागे । तर, सङ्घीय समाजवादी पार्टी र मधेशी जनअधिकार फोरम बीचको एकतापछि, रिजवान र उनका समर्थक असन्तुष्ट भए । विशेष गरी, पार्टीको विधानमा समानुपातिक समावेशिता हटाइएको विषयमा रिजवान समूहले आपत्ति जनाए । यसको परिणामस्वरूप, पार्टी नेतृत्वप्रति असन्तुष्टि जनाउँदै 'सङ्घीय नवविचार समूह' बनाएपछि फोरमले रिजवानलाई निस्कासन गऱ्यो । उनको नेतृत्वमा बनेको सङ्घीय नवविचार समूह नै पछि नेपाल सङ्घीय समाजवादी पार्टीमा रूपान्तरण भयो । यस पार्टीको मुख्य लक्ष्य उत्पीडित समुदायको मुद्दामा काम गर्ने रहेको अध्यक्ष मुहमद रिजवानले बताए ।[३०] पार्टीले सङ्घीयता, पहिचान, र अधिकारका मुद्दाहरूलाई प्राथमिकतामा राखेको छ । नेपाल सङ्घीय समाजवादी पार्टीको समर्थन आधार मुख्यतः मधेश प्रदेशमा केन्द्रित छ ।

## ३.५. *साङ्गठनिक संरचना*

कुनै पनि राजनीतिक दलको साङ्गठनिक संरचना दलको विचार, उपस्थिति, पहुँच, र समावेशिताको दर्पण हो । तिनीहरूको उद्देश्य, गतिविधि र प्रभाव क्षेत्रलाई यसले परिभाषित र प्रभावित गर्दछ । कुनै दललाई क्षेत्रीय मान्दा त्यसको नीति निर्माण गर्ने सर्वोच्च निकाय केन्द्रीय समितिको साङ्गठनिक संरचना हेरिनु एउटा महत्त्वपूर्ण पक्ष हो । यसले दलको प्रमुख कार्यक्षेत्रको भौगोलिक दायरा र प्रभाव क्षेत्रलाई देखाउँछ । यदि दलको केन्द्रीय समितिमा निश्चित प्रदेशको बाहुल्यता छ भने, यसले दलको क्षेत्रीयता पुष्टि गर्छ । यो अध्ययनमा क्षेत्रीय परिभाषामा परेका दलको केन्द्रीय समिति सदस्यको प्रादेशिक प्रतिनिधित्व अन्य दल खासगरी नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) भन्दा कसरी फरक रहेछ भनेर पनि हेरिएको छ । पहिलो हुने निर्वाचित हुने प्रणालीमा सातै प्रदेशसभामा यी दलको प्रतिनिधित्व भएकोले तुलनाका लागि यिनलाई लिइएको हो ।

अध्ययनमा समेटिएका क्षेत्रीय दलमध्ये सलोरामको केन्द्रीय समिति सदस्यको विवरण प्राप्त हुन सकेन ।[३१] तर, त्यसबारे उक्त दलका केन्द्रीय समितिका केही सदस्यसँग कुराकानी गरिएको थियो । उनीहरूका अनुसार सलोरामको केन्द्रीय सदस्यमा उनीहरूले दाबी गर्ने लिम्बूवान क्षेत्र

---

[३०] रिजवानसँग पुस १६, २०८१ मा गरिएको कुराकानी ।

[३१] सलोरामको केन्द्रीय समिति सदस्यको विवरण पार्टी अध्यक्ष कुमार लिङ्देनसँग माग्दा उनले दलबारे केही विवाद बाँकी रहेकाले केन्द्रीय समितिको सङ्ख्या यकिन गरेर भन्न नसकिने बताए ।

(ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, संखुवासभा, धनकुटा, झापा, मोरङ र सुनसरी) बाट मात्रै ५० प्रतिशतभन्दा बढी छन् । नेपाल सङ्घीय समाजवादी पार्टीको केन्द्रीय समितिका १२४ सदस्यको विवरण दलकै अध्यक्ष मुहमद रिजवानबाट प्राप्त भयो । उक्त विवरणमा केन्द्रीय सदस्यले प्रतिनिधित्व गर्ने प्रदेश वा स्थानीय तहको ठेगाना खुलाइएको थिएन । अध्यक्ष रिजवानका अनुसार दलको सङ्गठन कोशी, मधेश, बागमती र लुम्बिनी प्रदेशमा मात्र विस्तार भएको छ । १२४ केन्द्रीय सदस्यमध्ये ६५ जना अर्थात् ५२ प्रतिशत सदस्य मधेश प्रदेशबाट रहेको उनले बताए ।[३२]

अध्ययनमा समेटिएका क्षेत्रीय दलमध्ये जनमत पार्टी, जसपा नेपाल र लोसपाको पनि केन्द्रीय समिति सदस्यहरूको अधिक प्रतिनिधित्व मधेश प्रदेशमा नै छ । ती दलका कुल केन्द्रीय सदस्यमध्ये जनमत पार्टीका ६५ प्रतिशत, जसपा नेपालका ४९ प्रतिशत र लोसपाका ६६ प्रतिशत मधेश प्रदेशबाट छन् । त्यस कारण यी दलहरूको मुख्य साङ्गठनिक प्रभाव क्षेत्र मधेश हो । यी दलको त्यसपछिको प्रभाव क्षेत्र लुम्बिनी र कोशी प्रदेशमा देखिन्छ । जनमत पार्टीको लुम्बिनी र कोशी प्रदेशमा क्रमश १८ र ९ प्रतिशत केन्द्रीय सदस्य छन् । त्यस्तै जसपा नेपालको लुम्बिनी र कोशी प्रदेशमा क्रमश ७ र २२ प्रतिशत केन्द्रीय सदस्यको प्रतिनिधित्व छ । लोसपाको लुम्बिनीमा १६ प्रतिशत र कोशीमा ५ प्रतिशत केन्द्रीय सदस्य छन् । बागमती प्रदेशमा जनमतको ३ प्रतिशत, जसपा नेपालको १० प्रतिशत र लोसपाको ९ प्रतिशत केन्द्रीय सदस्य छन् । केन्द्रीय समितिमा सुदूरपश्चिम, कर्णाली, गण्डकीमा भने यी दलको प्रतिनिधित्व अत्यन्त न्यून छ (हेर्नुहोस् तालिका १) । यसले ती प्रदेशमा यी दलको प्रभाव कमजोर भएको देखाउँछ ।

नाउपाको केन्द्रीय समितिका कुल १९५ सदस्यमध्ये ६५ (३३%) सदस्य सुदूरपश्चिम प्रदेशका हुनाले नाउपाको बलियो आधार क्षेत्र यो प्रदेश भएको पुष्टि गर्छ । तर, यसको प्रभाव मुख्यतः प्रदेशभित्रकै कैलाली जिल्लामा मात्र केन्द्रित छ । कैलालीका ५५ जना, कञ्चनपुरका आठ जना र अछामका दुई जना केन्द्रीय समितिमा छन् । कैलालीका साथै थारू समुदायको सघन जनसङ्ख्या भएको क्षेत्र नाउपाको मुख्य साङ्गठनिक आधार क्षेत्र हो । सुदूरपश्चिम प्रदेशकै कञ्चनपुर र अछामबाट केही केन्द्रीय समिति सदस्यको प्रतिनिधित्व भए पनि बाजुरा, डोटी, डडेल्धुरा, बैतडी, बझाङ, र दार्चुला जिल्लाबाट यस दलमा केन्द्रीय सदस्यको उपस्थिति छैन । अन्य प्रदेशमा कुल केन्द्रीय समितिमा लुम्बिनीबाट १७ प्रतिशत, कोशीबाट १५ प्रतिशत, मधेशबाट १४ प्रतिशत र बागमतीबाट १२ प्रतिशत सदस्य छन् । यी प्रदेशको

[३२] रिजवानसँग पुस १६, २०८१ मा गरिएको कुराकानी ।

**तालिका १ : राजनीतिक दलका केन्द्रीय समितिमा प्रदेशगत प्रतिनिधित्व**

| दल → | जनमत पार्टी | | जसपा नेपाल | | नाउपा | | नेकपा (एमाले) | | नेकपा (माओवादी केन्द्र) | | नेपाली काँग्रेस | | लोसपा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सुदूरपश्चिम | २ | १ | ५ | २ | ६५ | ३३ | ३२ | ९ | ४८ | १२ | १७ | १० | १० | ३ |
| कर्णाली | ० | ० | ६ | ३ | ३ | २ | २९ | ८ | ४८ | १२ | ९ | ५ | १ | ० |
| लुम्बिनी | ६१ | १८ | १६ | ७ | ३३ | १७ | ५४ | १५ | ६३ | १५ | २३ | १४ | ५१ | १६ |
| गण्डकी | ० | ० | १३ | ६ | १३ | ७ | ४८ | १३ | ५२ | १३ | २० | १२ | १ | ० |
| बागमती | १० | ३ | २१ | १० | २४ | १२ | ९२ | २५ | ९८ | २४ | ४१ | २५ | २७ | ९ |
| मधेश | २२२ | ६५ | १०६ | ४९ | २७ | १४ | ३९ | ११ | ४८ | १२ | १८ | ११ | २०६ | ६६ |
| कोशी | ३० | ९ | ४८ | २२ | ३० | १५ | ६८ | १९ | ४९ | १२ | ३७ | २२ | १५ | ५ |
| अन्य* | १६ | ५ | ० | ० | ० | ० | ३ | १ | १ | ० | ० | ० | ० | ० |
| **जम्मा** | **३४१** | **१००** | **२१५** | **१००** | **१९५** | **१००** | **३६५** | **१००** | **४०७** | **१००** | **१६५** | **१००** | **३११** | **१००** |

*स्रोत : सम्बन्धित दलका सचिवालय, पदाधिकारी र वेबसाइट ।*

** केन्द्रीय समितिको सदस्यमध्ये तिनले प्रतिनिधित्व गर्ने प्रदेश वा स्थानीय तहको ठेगाना उल्लेख नगरिएका; प्रवास ठेगाना उल्लेख गरिएका र उपत्यका विशेष कमिटी, समन्वय कमिटी र केन्द्रीय कमिटीको पदेन सदस्यहरू अन्यमा राखिएको हो ।*

तुलनामा यस दलको गण्डकी (७%) र कर्णाली (२%) मा केन्द्रीय सदस्य सङ्ख्या कम छ (हेर्नुहोस् तालिका १) । यसले क्षेत्रीय दलको साङ्गठनिक आधार र प्रभाव केही निश्चित प्रदेशमा मात्रै सीमित रहेको स्पष्ट पार्छ ।

अर्कोतिर, केन्द्रीय सदस्यमा नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले सात प्रदेशबाट प्रतिनिधित्व गराएका छन् । । यद्यपि, बागमतीबाट सबैभन्दा धेरै प्रतिनिधित्व छ [नेपाली काँग्रेस २५%, नेकपा (एमाले) २५%, नेकपा (माओवादी केन्द्र) २४%] । अध्ययनमा समेटिएका क्षेत्रीय दलको पनि बागमती प्रदेशबाट केन्द्रीय सदस्यको प्रतिनिधित्व उल्लेखनीय छ । सङ्घीय राजधानी रहेको काठमाडौं उपत्यकामा दलहरूको साथै तिनका भातृ सङ्गठनको पनि केन्द्रीय कार्यालय छन् । दलले आफ्ना विशेष समितिलाई पनि काठमाडौँ उपत्यकामै समेट्ने गरेका छन् । दलका भातृ सङ्गठन र विशेष समितिबाट पनि केन्द्रीय समितिमा प्रतिनिधित्व हुने भएकोले बागमती प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व बढी हुने गरेको छ । कर्णाली [नेकपा (माओवादी केन्द्र) १२%, नेकपा (एमाले) ८%, नेपाली काँग्रेस ५%] र सुदूरपश्चिम [नेकपा (माओवादी केन्द्र) १२%, नेपाली काँग्रेस १०%, नेकपा (एमाले) ९%] प्रदेशमा प्रतिनिधित्व कम छ (हेर्नुहोस् तालिका १) ।

## ३.६. *जनमत र समर्थन*

निर्वाचनमार्फत मतदाताले जनताको चाहना र अपेक्षाको प्रतिनिधित्व गर्ने नेतृत्व चयन गर्छ । यसै प्रक्रियामार्फत दलको भूमिका र पहिचान पनि स्थापित हुन्छ । कुनै दलले निश्चित प्रदेशमा प्रत्येक निर्वाचनमा तुलनात्मक रूपमा बढी उम्मेदवार उठाउँछ र जित हासिल गर्दछ भने, उक्त दल त्यस क्षेत्र वा प्रदेशको क्षेत्रीय दल हो । साथै, दलले निश्चित क्षेत्र वा प्रदेशमा धेरै उम्मेदवार उठाउनु सो क्षेत्रलाई आफ्नो राजनीतिक प्राथमिकताको केन्द्र बनाउनु हो । त्यही क्षेत्रको समस्या, आवश्यकता, र जनताको भावना बुझेर काम गर्ने बाचा निर्वाचनमा उम्मेदवारले गर्छन् । तथापि, क्षेत्रीय दलको पहिचान केवल उम्मेदवार र जितको आधारमा मात्र नभई, दलको उद्देश्य, जनसेवा, र मुद्दाप्रतिको प्रतिबद्धताबाट पनि परिभाषित हुनुपर्छ । प्रदेशसभा निर्वाचन २०७९ को पहिलो हुने निर्वाचित हुने प्रणालीमा क्षेत्रीय दलले उठाएका उम्मेदवार र निर्वाचित सदस्यको आधारमा ती दलप्रति जनमत र समर्थन यहाँ केलाइएको छ ।

जनमत पार्टीले प्रदेशसभा निर्वाचन २०७९ को पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कुल ९० उम्मेदवार उठाएको थियो । तीमध्ये ६० उम्मेदवार मधेश प्रदेशका थिए र ६ जना निर्वाचित भए । बाँकी अन्य छ प्रदेशमध्ये लुम्बिनी १८ र कोशीमा १२ उम्मेदवारी दर्ता गराएकोमा लुम्बिनी प्रदेशबाट एक जना मात्र निर्वाचित भए । त्यस्तै, जसपा नेपालले प्रदेशसभा निर्वाचनमा

सातै प्रदेशमा उम्मेदवारी खडा गर्न सफल भए पनि यसको प्रभाव र पकडको क्षेत्र तराई-मधेश नै देखिएको छ । जसपा नेपालले कोशी प्रदेशमा सबैभन्दा धेरै ७४ जना उम्मेदवार उठाएर एक जना पनि निर्वाचित नहुनु र त्यसपछिको धेरै ५२ उम्मेदवारी मधेश प्रदेशमा खडा गरी नौ जना निर्वाचित गराउन सफल हुनुले मधेशमा यो दलको जनमत बलियो रहेको देखाउँछ । यस दलका तेस्रो धेरै उम्मेदवार लुम्बिनी प्रदेशमा थिए र दुई जना निर्वाचित भए । ती उक्त प्रदेशको बाँके जिल्लाबाट थिए जहाँ मधेशी समुदायको बाहुल्यता छ । अन्य प्रदेशमा उम्मेदवार भए पनि निर्वाचित हुन सकेनन् । मधेशमै केन्द्रित अर्को दल लोसपाले सबैभन्दा धेरै २३/२३ जना उम्मेदवार लुम्बिनी र कोशी प्रदेशमा उठाएको थियो । लुम्बिनी प्रदेशबाट दुई जना मात्र निर्वाचित गराउन सक्यो भने कोशीमा यस दलबाट कोही निर्वाचित भएनन् । तर, मधेशमा भने १८ उम्मेदवार प्रतिस्पर्धामा उतारेकोमा सात जना निर्वाचित भए । कर्णाली र गण्डकी प्रदेशबाट लोसपाको केन्द्रीय समितिमा प्रतिनिधित्व शून्य रहे जस्तै उम्मेदवारी पनि शून्य रह्यो । तसर्थ, उल्लिखित निर्वाचन परिणामले यी दलको जनसमर्थन र प्रभाव क्षेत्र मधेश प्रदेशमा केन्द्रित छ भन्ने देखाउँछ ।

प्रदेशसभा निर्वाचन २०७९ मा नाउपाले ५ प्रदेशमा कुल ५३ जना उम्मेदवार उठाएको थियो । सुदूरपश्चिम प्रदेशमा १५ उम्मेदवार उठाएकोमा पाँच जना निर्वाचित भए । नाउपाले सुदूरपश्चिममा भन्दा धेरै २२ उम्मेदवार लुम्बिनी प्रदेशमा उठाएको भए पनि केवल दुई जना निर्वाचित भए । बाँकी तीन प्रदेशमा उम्मेदवार भए पनि निर्वाचित भएनन् । कर्णाली र गण्डकी प्रदेशमा नाउपाको एकजना पनि उम्मेदवार थिएनन् (हेर्नुहोस् तालिका २) । उम्मेदवार सङ्ख्या लुम्बिनी प्रदेशमा धेरै भए पनि निर्वाचित हुनेमा न्यून छ । यस आधारमा, नाउपाको मुख्य समर्थन र प्रभाव सुदूरपश्चिम प्रदेशको कैलालीमा नै सीमित छ भन्न सकिन्छ । उसो त साङ्गठनिक सामर्थ्य पनि नाउपाको सुदूरश्चिममा नै थियो । अध्ययनमा समेटिएको अर्को दल सलोरामले कर्णाली र गण्डकी प्रदेशबाहेक बाँकी पाँचै प्रदेशमा गरी जम्मा ४७ उम्मेदवार उठाएको भए पनि कुनै पनि प्रदेशमा प्रतिनिधित्व गराउन सकेन । तथापि, सलोरामले कोशी प्रदेशमा सबैभन्दा धेरै उम्मेदवार (३५ जना) उठाएको थियो । क्षेत्रीय दलको तुलनामा नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले सबै प्रदेशमा उम्मेदवारी दर्ता गरेर निर्वाचित गराउन पनि सफल भएका छन् ।

**तालिका २ : पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ प्रदेशसभा सदस्य निर्वाचन २०७९ मा दलका उम्मेदवार र निर्वाचित सङ्ख्या**

| दल | जनमत पार्टी | | जसपा नेपाल | | लोसपा | | नेपाल सङ्घीय समाजवादी पार्टी | | नाउपा | | सलोराम | | नेकपा (एमाले) | | नेकपा (माओवादी केन्द्र) | | नेपाली काँग्रेस | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | उ. | नि. | उ. | नि. | उ. | नि. | उ. | नि. | उ. | नि. | उ. | नि. | उ. | नि. | उ. | नि. | उ. | नि. |
| सुदूरपश्चिम | ० | ० | २ | ० | ५ | ० | ० | ० | १५ | ५ | ५ | ० | ३० | ३ | १२ | ८ | १९ | १२ |
| कर्णाली | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २४ | ५ | १० | ९ | १२ | ९ |
| लुम्बिनी | १८ | १ | २१ | २ | २३ | २ | ० | ० | २२ | २ | १ | ० | ४७ | १८ | १८ | ५ | ३४ | १७ |
| गण्डकी | ० | ० | १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३४ | १२ | १२ | ४ | २१ | १८ |
| बागमती | ० | ० | ३२ | ० | ८ | ० | ० | ० | २ | ० | ५ | ० | ६५ | १३ | २४ | १४ | ४२ | २५ |
| मधेश | ६० | ६ | ५२ | ९ | १८ | ७ | १३ | ० | ९ | ० | १ | ० | ३३ | १५ | १७ | ४ | २६ | १३ |
| कोशी | १२ | ० | ४७ | ० | २३ | ० | ४ | ० | ५ | ० | ३५ | ० | ५२ | २५ | १९ | ९ | २६ | १७ |
| **जम्मा** | **९०** | **७** | **१७१** | **११** | **७७** | **९** | **१७** | **०** | **५३** | **७** | **४७** | **०** | **२८५** | **९१** | **११२** | **५३** | **१८०** | **१११** |

*स्रोत : निर्वाचन आयोग नेपाल।*

*नोट : उ. = उम्मेदवार, नि.= निर्वाचित*

## ४. प्रादेशिक संरचना निर्माण र कार्यसञ्चालन

कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार प्रदेश तहले ५६५ ओटा कार्य गर्छन् । ती कार्य गर्न प्रदेशमा विभिन्न संरचनाहरू स्थापना गरिएका छन् । विगतको केन्द्रीकृत संरचनाले भन्दा प्रदेशमा भएका संरचनाले कसरी फरक तरिकाले कार्य गर्छ भन्ने चासो सर्वत्र थियो । स्थानीय आवश्यकताअनुसार संरचना निर्माण गर्न सक्ने भए पनि प्रदेशले अधिकांश सङ्घीय सरकारले हस्तान्तरण गरेका संरचनामार्फत नै कार्य गरिराखेका छन् ।[३३] यद्यपि, मधेश प्रदेशमा अन्य छ प्रदेशको तुलनामा थप संरचना क्षेत्रीय दल नेतृत्वको पहिलो सरकारले नै स्थापना गरेको थियो ।[३४] यसरी स्थापित प्रदेश संरचनाले गर्ने प्रभावकारी कार्यसञ्चालनले प्रदेशको आवश्यकतालाई थप बलियो बनाउँछ । त्यसैले, ती प्रादेशिक संरचनाको स्थापना र तिनलाई संस्थागत गर्नमा क्षेत्रीय दलले खेलेको भूमिकाबारे यहाँ केलाउन खोजिएको छ ।

प्रदेशसभा निर्वाचन २०७४ मा मधेश प्रदेशमा सङ्घीय समाजवादी फोरम (ससफो) ले २९ सिट र राजपा नेपालले २५ सिट जिते । दुवै मिल्दा एक सय सात सदस्यीय मधेश प्रदेशसभामा बहुमत पुग्थ्यो । यी दुई दलको गठबन्धनले त्यसबेला नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को बाम गठबन्धन र नेपाली काँग्रेसको भन्दा बढी सिट मधेश प्रदेशमा जितेको थियो । अन्य छ प्रदेशमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) [नेकपा (नेकपा)] को नेतृत्वमा सरकार बनाउँदा मधेश प्रदेशको पहिलो सरकार ससफो र राजपा नेपालले बनाए । सो सरकारको नेतृत्व ससफोका लालबाबु राउतले गरेका थिए । त्यस्तै, दोस्रो प्रदेशसभाको निर्वाचनपश्चात पनि मधेश प्रदेशमा जसपा नेपालकै नेतृत्वमा सरकार बन्यो । जेठ २०८१ देखि हाल (पुस २०८१) सम्म जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकार निरन्तर छ ।

संवैधानिक तथा कानूनी अधिकार प्रयोग गर्दै मधेश प्रदेश सरकारले करिब एक दर्जन आयोग, प्रतिष्ठान र समिति स्थापना गरेको छ । तीमध्ये मधेश केन्द्रित कतिपय दलले आफ्ना चुनावी प्रतिबद्धतामा उल्लेख गरेका संरचना पनि छन् । स्थापित त्यस्ता संरचनाहरूमा प्रदेश

[३३] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) । २०७६ । *सङ्घीय संरचनामा प्रादेशिक निकायको स्थापना र कार्यसञ्चालन* । ललितपुर : डीआरसीएन ।

[३४] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) । २०७९ । *नेपालको प्रादेशिक संरचना र कार्यसञ्चालन* । ललितपुर : डीआरसीएन ।

लोकसेवा आयोग, मधेश प्रदेश जनलोकपाल आयोग, नीति तथा योजना आयोग, मधेश प्रज्ञा प्रतिष्ठान, मधेश सहिद प्रतिष्ठान, आमसञ्चार प्राधिकरण, मधेश मिडिया काउन्सिल, दुग्ध विकास वोर्ड, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन वोर्ड, दलित विकास समिति, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र आदि हुन् । सेवा प्रवाह चुस्त बनाउने, सुशासन कायम गर्ने, प्रदेश संरचनालाई समावेशी बनाउँदै सङ्घीयतालाई संस्थागत गर्ने उद्देश्यले ती संरचना निर्माण गरेको पाइन्छ । आफ्नो प्रदेशको आवश्यकताअनुसार संयन्त्र निर्माण गरेर कार्यसञ्चालन गर्ने ऐतिहासिक अवसर मधेशका क्षेत्रीय दललाई छ ।

मधेश प्रदेश सरकारले प्रदेश तथा स्थानीय सेवामा पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोग गठन गऱ्यो । छुवाछुत र भेदभाव अन्त्य गर्दै प्रदेशभित्रका दलित समुदायको बृहत्तर विकासको लागि छुट्टै दलित विकास समिति पनि गठन गरिएको छ । सुशासन कायम गर्न र भ्रष्टाचार न्यूनीकरणका लागि मधेश प्रदेश जनलोकपाल आयोग पनि स्थापना भएको छ । सङ्घीयता संस्थागत गर्नमा ती संरचना कोशेढुंगा भएको मधेशका क्षेत्रीय दलका प्रतिनिधि दाबी गर्छन् । प्रदेश जनलोकपाल आयोग र दलित विकास समिति मधेश प्रदेशमा मात्र छन् । तसर्थ, प्रदेश लोक सेवा आयोग, दलित विकास समिति र प्रदेश जनलोकपाल आयोग जस्ता संरचनाको स्थापना र तिनको कार्यसञ्चालन सङ्घीयता संस्थागत गर्नका लागि क्षेत्रीय दलको उद्देश्य, दृष्टिकोण र प्रतिबद्धता चियाउने आँखीझ्याल पनि हुन् । ती संरचनाको स्थापनामार्फत तिनको कार्यसञ्चालन प्रभावकारी बनाएर सङ्घीयता संस्थागत गर्न क्षेत्रीय दल नेतृत्वको सरकारले खेलेको भूमिकाबारे चर्चा यहाँ गरिएको छ ।

## *४.१. प्रदेश लोक सेवा आयोग*

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ । सोहीअनुसार ससफो र राजपा नेपाल गठबन्धनको मधेश प्रदेश सरकारले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अन्य प्रदेशभन्दा पहिला बनायो । उक्त ऐनमा सबै निकायमा जातीय जनसङ्ख्याको अनुपातमा समानुपातिक समावेशिताका साथै महिलाका लागि ५० प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ । प्रदेश लोक सेवा आयोगले सम्बन्धित प्रदेश र स्थानीय तहका सेवाहरूमा कानूनबमोजिम पदपूर्तिका लागि योग्यता प्रणाली लागु गरेर उपयुक्त उम्मेदवार सिफारिस गर्नुपर्ने कानूनी व्यवस्था छ । प्रदेश संरचनाको प्रभावकारी कार्यसञ्चालनका लागि कर्मचारी व्यवस्थापनको भूमिका महत्त्वपूर्ण छ । सङ्घीय सरकारले सङ्घीय निजामती सेवासम्बन्धी ऐन निर्माण नगर्दा प्रदेश लोक सेवा आयोगको कामसमेत प्रभावित भएको छ । अर्कोतर्फ, प्रदेश सरकारले पनि आयोगलाई सहज रूपमा काम गर्न

आवश्यक कानून, बजेट र भौतिक संरचना उपलब्ध गराउन नसक्दा आयोगको कामले अपेक्षा गरेबमोजिम गति लिन सकेको छैन । आयोगले वार्षिक कार्यतालिका बनाएर रिक्त दरबन्दी परिपूर्तिको माग सङ्कलन गरी विज्ञापन निकाल्नुका साथै विभिन्न पदमा बढुवा, खुला तथा समावेशी समूहको प्रतिशत निर्धारण गर्छ । त्यस्तै पाठ्यक्रम तथा प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, अन्तर्वार्ता र नियुक्तिको सिफारिस पनि आयोगकै जिम्मेवारीका काम हुन् ।

मधेश प्रदेश सरकारले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को आधारमा मधेश प्रदेश लोक सेवा आयोग गठन गऱ्यो । उक्त आयोगमा अध्यक्ष तथा अन्य दुई सदस्यसहित तीन पदाधिकारी हुने व्यवस्था छ । भदौ २२, २०७६ मा आयोगको अध्यक्ष र त्यसको दुई महिनापछि बाँकी दुई सदस्य नियुक्ति भएसँगै मधेश प्रदेश लोक सेवा आयोगको कार्यथालनी भयो । मधेश प्रदेश लोक सेवा आयोगका प्रवक्ताका अनुसार २०८१ मंसिरको दोस्रो सातासम्म १,११० विभिन्न पदको विज्ञापन भएको थियो । तीमध्ये ४१६ जना बढुवा र ६९४ जना खुल्लाबाट गरी जम्मा १,११० जनाको पदपूर्ति भएको छ । दुई आ.व. २०७७/०७८ र २०७८/०७९ मा आह्वान गरिएका आवश्यकताको पदपूर्ति भइसकेको छ । आ.व. २०७९/०८० र २०८०/०८१ मा विभिन्न पदका लागि पदपूर्ति विज्ञापन भए पनि लिखित परीक्षा नै सम्पन्न गर्न बाँकी छ ।[३५]

अध्यक्ष र सदस्य नियुक्तिमा भएको ढिलाइले पनि आयोगको कार्यसञ्चालन प्रभावित भएको छ । यस्तो ढिलाइको मुख्य कारण राजनीतिक दलका नेतृत्वमा आफू अनुकूलको मान्छे नियुक्त गर्ने स्वार्थ हुने गरेको बताइयो । तत्कालीन अध्यक्ष सुरेन्द्रप्रसाद यादवले ६५ वर्षे उमेर हदका कारण फागुन २२, २०८० मा अवकाश पाए । अर्का सदस्य महारुद्र झा पनि पुस ३, २०७९ मा नै निवृत्त भइसकेका थिए । आयोगमा एकजना सदस्य डा. सुजाता देव मात्र थिइन् । मधेश प्रदेश सरकारले प्रदेश मन्त्रालय र निकायमा कर्मचारी नभएको गुनासो गरिराख्यो तर प्रदेशमा कर्मचारी पदपूर्ति गर्ने आयोगमा नयाँ अध्यक्ष र सदस्य चयन गर्न भने ढिलाइ गऱ्यो । पद रिक्त भएको चार महिनापछि साउन २३, २०८१ मा मात्र नयाँ अध्यक्ष नियुक्त भए । आयोगका पदाधिकारी नियुक्तिमा भएको ढिलाइले कर्मचारी पदपूर्तिका सबै प्रक्रिया ठप्प भए ।[३६] अर्कोतर्फ आयोगका पदाधिकारीहरूको योग्यता र क्षमतामा पनि प्रश्न उठ्ने गरेको छ । आयोगमा नियुक्त भएका व्यक्ति अन्य क्षेत्रका विज्ञ नै भए पनि लोक सेवा आयोगका कार्यमा

---

[३५] प्रवक्ता गंगेश गुन्जन झासँग मंसिर ९, २०८१ मा गरिएको कुराकानी ।

[३६] महतो, शैलेन्द्र । २०८१ । पदाधिकारी विहीन मधेश लोक सेवा आयोग, कर्मचारी नियुक्ति सिफारिस ठप्प । *अनलाइनखबर*, साउन १ । https://www.onlinekhabar.com/2023/10/1383446/4-judgments-of-the-administrative-court-which-raised-questions-on-the-credibility-of-the-madhesh-public-service-commission मा उपलब्ध; मंसिर १८, २०८१ मा हेरिएको ।

भने उनीहरूको विज्ञता नभएकोले त्यसको असर यसको कार्यसञ्चालनमा र विश्वसनीयतामा नै पर्ने गरेको छ । लोसपाका प्रदेशसभा सदस्य प्रमेश्वरप्रसाद साह मधेशी दलका शीर्ष नेतृत्वले प्रदेश लोक सेवा आयोग लगायतका प्रतिष्ठान, समितिका पदाधिकारीमा आफ्नो मान्छे राख्ने परिपाटी विकास गरेकाले मधेश प्रदेश सरकारले गठन गरेका कुनै पनि संरचनाले प्रभावकारी काम गर्न नसकेको तर्क गर्छन् ।[३७] त्यस्तै मत राजनीतिक विश्लेषक रोशन जनकपुरीको पनि थियो । उनी भन्छन्, "मधेशवादी क्षेत्रीय दलहरूले प्रदेशका संरचनालाई आफ्ना कार्यकर्ता र समर्थक व्यवस्थापन गर्ने उद्देश्यअनुरूप बनाएकोले त्यसले सङ्घीयतालाई बलियोभन्दा पनि कमजोर बनाइरहेको छ ।"[३८]

स्थानीय तहमा कर्मचारी पदपूर्तिमार्फत सेवा प्रवाहलाई सुदृढ र प्रभावकारी बनाउन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन आवश्यक छ । तर, तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले आफ्नो कार्यकालको अन्तिमतिर मात्र 'स्थानीय सेवाको गठन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभामा दर्ता गराएका थिए । प्रदेशसभाबाट विधेयक पारित नहुँदै चुनाव घोषणा भयो, विधेयक निष्क्रिय भयो । २०७९ को प्रदेशसभा निर्वाचनपछि जसपा नेपालकै नेतृत्वको सरकारले फेरि उक्त विधेयक प्रदेशसभामा दर्ता गरायो । भदौ, २०८१ मा राजपत्रमा प्रकाशित भएपछि मात्रै उक्त ऐन लागु भयो । उक्त कानूनको अभावमा स्थानीय तहमा आवश्यक कर्मचारी भर्ना गर्न सकिएको थिएन । जसपा नेपालको राजनीतिक दस्तावेजमा प्रदेश सरकार तथा स्थानीय तहमा कर्मचारी अभाव र कम उपस्थितिको कारण विकास निर्माण प्रभावित भएको विषय उठाइएको छ । त्यस्तै सोही दस्तावेजमा स्थानीय तह प्रदेशअन्तर्गत नभई सोझै सङ्घको मातहतमा हुँदा स्थिति जटिल र अन्यौलग्रस्त भएकोले स्थानीय तहलाई प्रदेश मातहत राख्नुपर्ने पनि उल्लेख छ ।[३९] जसपा नेपाल नेतृत्वको प्रदेश सरकारले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन प्राथमिकतासाथ निर्माण गरेको भए प्रदेश लोक सेवा आयोगमार्फत स्थानीय तहमा कर्मचारीको पदपूर्ति गर्न सकिन्थ्यो । यसले गर्दा प्रदेश र स्थानीय तहबीच समन्वयमा सहज वातावरण बन्न सक्ने सम्भावना हुन सक्थ्यो ।

अर्कोतर्फ प्रदेश मुख्यमन्त्री कार्यालयअन्तर्गत बढुवा समितिले विभिन्न समयमा कनिष्ठ कर्मचारीलाई वरिष्ठ भनेर गरेको निर्णय प्रदेश लोक सेवा आयोगले सदर गऱ्यो । बढुवाको निर्णयविरुद्ध परेको मुद्दामाथि प्रशासकीय अदालतले फैसला गर्दै उक्त निर्णय उल्टयाइदियो ।

---

[३७] साहसँग मंसिर १०, २०८१ मा गरिएको कुराकानी ।

[३८] जनकपुरीसँग मंसिर ७, २०८१ मा गरिएको कुराकानी ।

[३९] यादव, उपेन्द्र, प्रस्तोता । २०८१ । *जनता समाजवादी पार्टी, नेपाल : राजनीतिक दस्तावेज* । ललितपुर : जसपा नेपाल । https://jspnepal.org/wp-content/uploads/2024/07/राजनीतिक-प्रतिवेदन.pdf मा उपलब्ध; मंसिर १८, २०८१ मा हेरिएको ।

प्रदेश सरकारका ती निर्णयले गर्दा प्रदेश लोक सेवा आयोगको निष्पक्षता र स्वच्छतामाथि गम्भीर प्रश्न उठ्यो ।[४०] आफूलाई सङ्घीयताको जननी भनेर दाबी गर्ने जसपा नेपाल र लोसपाकै प्रदेश सरकार हुँदा प्रदेश लोक सेवा आयोगप्रति विश्वासको सङ्कट उत्पन्न हुने कार्य सङ्घीयता संस्थागतको दिशामा सकारात्मक संकेत पक्कै पनि होइन ।

## *४.२. दलित विकास समिति*

सङ्घीयताको मूल मर्म सबै जाति समुदायबीच राज्यको स्रोत, साधन एवं निकायमा बराबरी हिस्सेदारी हो । सात प्रदेशमध्ये मधेश प्रदेशले सबैभन्दा पहिला प्रदेश प्रहरी विधेयक ल्यायो । तर, त्यस विधेयकमा दलित आरक्षण ७ प्रतिशत मात्रै राखिएकाले दलित अगुवाहरूले आन्दोलन गरे । आन्दोलनको मुख्य माग प्रदेश प्रहरी विधेयकमा भएको दलित समूहको प्रस्तावित आरक्षणलाई सच्याउने, प्रदेशको नीति तथा कानून बनाउने बेलामा सीमान्तकृत, दलित तथा आदिवासी जनजातिसँग सुझाव लिनुपर्ने र राज्यको सबै निकाय तथा प्रादेशिक संरचनामा दलित जनसङ्ख्याको आधारमा समानुपातिक सहभागिता गर्ने थियो । आन्दोलनपछि प्रदेश सरकारले प्रदेश प्रहरी ऐनमा मधेश प्रदेशमा दलितको जातीय जनसङ्ख्याको आधारमा १७.२९ प्रतिशत आरक्षण व्यवस्था गऱ्यो । प्रदेश निजामती ऐनमा पनि दलितका लागि त्यति नै प्रतिशत आरक्षण गरिएको छ । अहिले ऐन कानून निर्माणमा दलितको सुझाव लिने गरेको बताइयो । दलित अगुवाहरूकै दबावमा दलित सशक्तीकरण ऐन प्रदेश सरकारले बनाउन बाध्य भएको आन्दोलनका नेतृत्वकर्ता भोला पासवानले दाबी गरे ।[४१]

यस ऐनले प्रदेश र पालिका स्तरमा छुट्टाछुट्टै जातीय विभेद तथा छुवाछुत अनुगमन समिति बनाउने व्यवस्था गरेको छ । प्राविधिक शिक्षाका साथै कानून र पत्रकारिता विषय अध्ययन गर्न चाहने दलित विद्यार्थीको लागि विशेष व्यवस्था गर्ने र प्रदेश सरकारले शिक्षामा सबभन्दा पछाडि रहेको मुसहर, डोम, मेस्तर र बाँतर समुदायका विद्यार्थी लक्षित गरी विशेष कार्यक्रम गर्ने पनि ऐनमा छ । मधेश प्रदेश प्रहरीअन्तर्गत जातीय विभेद तथा छुवाछुत नियन्त्रण एकाइ स्थापनाको प्रावधान पनि त्यसमा छ ।

---

[४०] महतो, शैलेन्द्र। २०८०। प्रशासकीय अदालतका ४ फैसला, जसले मधेश लोक सेवा आयोगको विश्वसनीयतामा उठायो प्रश्न । *अनलाइनखबर,* कात्तिक ३ । https://www.onlinekhabar.com/2023/10/1383446/4-judgments-of-the-administrative-court-which-raised-questions-on-the-credibility-of-the-madhesh-public-service-commission मा उपलब्ध; मंसिर १९, २०८१ मा हेरिएको ।

[४१] पासवानसँग भदौ २५, २०८१ मा गरिएको कुराकानी ।

मधेश प्रदेशका दलित समुदायको हकहितसम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा एवं कार्यान्वयन गर्न दलित सशक्तीकरण ऐन, २०७६ को दफा ७ बमोजिम दलित विकास समिति मधेश प्रदेशमा गठन गरिएको छ । ऐनमा प्रदेशस्तरमा दलितसम्बन्धी कार्यक्रमको स्वीकृति र सञ्चालन गर्दा त्यसका लागि समितिसँग अनिवार्य परामर्श गर्नुपर्ने व्यवस्था छ । आय आर्जन र सीपमूलक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पनि समितिसँग छ । दलित समुदायसम्बन्धी विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरेर प्रचारप्रसार एवं प्रकाशन गर्ने भूमिका पनि समितिलाई दिइएको छ । दलित सशक्तीकरण ऐनमा भएका व्यवस्थालाई दलित समुदायले प्रदेश सरकारले गरेको सकारात्मक कदम मानेका छन् । तर, ऐनले दलितका लागि हक अधिकार सुनिश्चित गरे पनि दलित विकास समितिको संरचना कमजोर बनाइएकाले कार्यान्वयन पक्ष निकै फितलो भएको अनुभव समितिका सदस्यहरूको छ ।[४२]

दलित सशक्तीकरण ऐन, २०७६ को दफा ७ मा सामाजिक विकास मन्त्रीको अध्यक्षतामा दलित विकास समिति गठन गर्ने प्रावधान छ । उपाध्यक्ष भने स्नातक तह उत्तीर्ण गरी दलित समुदायको उत्थान, विकास र दलितसम्बन्धी कार्यमा अध्ययन, अध्यापन, अनुसन्धान कार्यमा ख्याति प्राप्त गरेको दलित समुदायको व्यक्ति मध्येबाट हुने भनिएको छ । त्यस्तै, दलित समुदायको उत्थान र विकासमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति मध्येबाट दुई महिलासहित चार सदस्य हुने ऐनको व्यवस्था छ । प्रस्तावित दलित सशक्तीकरण विधेयक, २०७५ सुझाव संयोजन समितिका संयोजक भोला पासवानका अनुसार मस्यौदामा समितिको अध्यक्ष दलित समुदायकै हुने व्यवस्था थियो । तर, पछि मधेश प्रदेश सरकारले प्रदेशसभामा त्यस व्यवस्था परिवर्तन गरेर सामाजिक विकास मन्त्रीलाई समितिको अध्यक्ष बनाउने व्यवस्था राखिएको पासवानले बताए । तत्कालीन सुझाव समितिका सदस्य तथा हाल दलित विकास समितिका एक सदस्यका अनुसार समितिको अध्यक्ष सामाजिक विकास मन्त्री बनाउन नहुने पक्षमा दलित समुदाय थिए । उनी भन्छन्, "त्यति बेला नै समितिको अध्यक्ष मन्त्री हुने व्यवस्थाले समिति स्वायत्त नहुने, कमजोर हुने र काममा व्यवधान उत्पन्न हुने भनेर विरोध गरियो । तर, तत्कालीन सामाजिक विकास मन्त्री नवल किशोर साहले समितिको अध्यक्ष मन्त्री नै हुनुपर्ने अडान राखेर करिब छ महिना विधेयक अगाडि नबढाएपछि बाध्य भएर स्वीकार गर्नुपऱ्यो ।" अहिले पटकपटक मन्त्री परिवर्तन हुँदा नीति र प्राथमिकता पनि परिवर्तन हुने गरेको छ । फागुन २०७७ मा दलित विकास समितिको पदाधिकारी नियुक्त भएदेखि मंसिर २०८१ सम्म चार मन्त्री परिवर्तन भइसकेका छन् । अर्कोतर्फ, नियमित बैठकको लागि समेत मन्त्रीले समय दिन सकेका छैनन् । २०८१ साउनदेखि मंसिरसम्म समितिको एउटै पनि बैठक

[४२] ती सदस्यहरूसँग मंसिर ९, २०८१ मा गरिएको कुराकानी ।

बस्न सकेको छैन । समितिको अध्यक्ष गैर दलित समुदायबाट हुँदा दलितको समस्या महसुस नै गर्न नसकेको आरोप समितिका एक सदस्यले लगाए ।

कानूनमा व्यवस्था भएअनुरूपको कार्य गर्न समितिलाई प्रदेश सरकारले पर्याप्त रकम नछुट्याएको गुनासो पनि छ । आ.व. २०७७/०७८ मा समितिलाई ५० लाख बजेट विनियोजन गरिएको थियो । सो रकम कार्यालय व्यवस्थापनमा खर्च भयो । आ.व. २०७८/०७९ मा दुई करोड रकम दिइयो । आ.व. २०७९/०८० मा ३७ करोड बजेट माग गरिएकोमा करिब ४ करोड ८० लाख बजेट समितिलाई विनियोजन गरियो । त्यो रकममध्ये करिब १ करोड रूपैयाँ विभिन्न कार्यमा खर्च भयो । त्यसबाट दलित समुदायको लागि लोक सेवा तयारी कक्षा सञ्चालन र स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गर्न खर्च गरिएको थियो । बाँकी करिब ३ करोड ८० लाख रूपैयाँमध्ये केही रकम बारा प्रतिनिधिसभा क्षेत्र नं २ को उपनिर्वाचनलाई ध्यानमा राखेर रकमान्तर गरिएको दलित अगुवाहरू दाबी गर्छन् । सो निर्वाचन क्षेत्रमा वैशाख ११, २०८० मा सम्पन्न उपनिर्वाचनमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले विजय हासिल गरेका थिए ।

आर्थिक रूपमा शोषित, राजनीतिक रूपमा उपेक्षित, सामाजिक रूपमा उत्पीडित, शैक्षिक रूपमा वञ्चित साथै धार्मिक र सांस्कृतिक रूपमा अपहेलित मधेश प्रदेशका विभिन्न जिल्लामा छरिएको करिब १८ प्रतिशत जनसङ्ख्या भएको दलित समुदायको विकास र सशक्तीकरणका लागि बनेको समिति प्रदेश सरकारबाटै उपेक्षित छ । समितिले उद्देश्यअनुरूप कार्य गर्न नसक्दा नसक्दै यसको चार वर्षे कार्यकाल फागुन, २०८१ मा सकिँदै छ । उपाध्यक्षबाहेक अन्य चार जना सदस्यको सेवा सुविधा नगन्य छ । दलित विकास समितिका एक पदाधिकारीले गुनासो गरे, “हामी आर्थिक दृष्टिकोणले सबैभन्दा पिछडिएको समुदायमा पर्छौं । यस समितिका सदस्यहरू मधेशका विभिन्न जिल्लाका छौँ । हामीलाई बैठकमा जान भाडा त चाहिन्छ । प्रदेश सरकारले बनाएको विनियमावलीमा हामीलाई कुनै सुविधा छैन । हामी धेरै सुविधा खोजेको होइन तर सातौँ या आठौँ तहको अधिकृतको जति सुविधा त दिए हुन्छ नि । हाम्रो समुदायको पनि त मधेश आन्दोलनमा भूमिका थियो । अहिले सरकार सञ्चालन मधेश आन्दोलनबाटै आएका दलले गरिरहेका छन् । तर, ती दलका सरकारले हामीलाई देखिने गरी विभेद गरेको छ ।”[४३]

दलितको समानता, न्याय र विकासको पक्षमा कानून निर्माण हुनु सकारात्मक पक्ष हो । तर, कानून कार्यान्वयनतर्फ भने मधेश सरकारको ध्यान गएको देखिँदैन । दलित सशक्तीकरण ऐनले प्रदेशका सबै संवैधानिक आयोग एवं निकायमा दलितको समानुपातिक समावेशी

[४३] ती सदस्यसँग मंसिर १२, २०८१ मा गरिएको कुराकानी ।

प्रतिनिधित्व गराउने व्यवस्था गरे पनि दलित विकास समितिबाहेक अन्य निकायमा दलित प्रतिनिधित्व हुन सकेको छैन ।

### *४.३. प्रदेश जनलोकपाल आयोग*

मधेशका प्रमुख तीन क्षेत्रीय दलहरू जसपा नेपाल, लोसपा र जनमत पार्टीले जनलोकपाल आयोग गठनलाई चुनावी प्रतिबद्धतामा राखेका थिए । लोसपाले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को घोषणापत्रमा जनलोकपाल आयोग गठन गर्नुपर्ने कारणबारे यसरी उल्लेख गरेको छ, "भ्रष्टाचारको अन्त्य गरी राजनीति र सार्वजनिक सेवाको क्षेत्रमा सुशासन र सदाचार कायम गर्नु हाम्रो आधारभूत लक्ष्य हो । भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक र प्रशासनिक अंग र निकाय ठूला दलका मातहतका कार्यालयका रूपमा काम गर्दै छन् । त्यसैले भ्रष्टाचार र अनुचित कार्यमाथि नागरिक तहबाट निगरानी राखेर त्यसबारे छानबिन र आवश्यक कारबाही सिफारिस गर्न स्वतन्त्र र निष्पक्ष जनलोकपालको व्यवस्था गरिनुपर्छ ।" जसपा नेपाल नेतृत्वको सरकारको अग्रसरतामा प्रदेशसभाले प्रदेश जनलोकपाल ऐन, २०७७ निर्माण गर्‍यो । सो ऐनमा अध्यक्षसहित तीन सदस्यीय जनलोकपाल आयोग गठन गर्ने व्यवस्था छ । प्रदेश निजामती सेवा, प्रदेश सरकारी सेवा तथा प्रदेश प्रहरी सेवा तर्फका कर्मचारीसमेत रहने गरी सङ्गठन संरचना आयोगमा बनाइएको छ । आयोगले सूचना एकाइसमेत गठन गरेर काम गर्न सक्ने अधिकार ऐनले दिएको छ । यस ऐनले प्रदेश जनलोकपाल आयोगलाई भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न अधिकार सम्पन्न बनाउन खोजेको छ ।

प्रदेश जनलोकपाल ऐनअनुसार भदौ २२, २०७८ मा जनलोकपाल आयोग गठन गरियो । त्यसको एक हप्तामा नै आयोगले ४७ जना कर्मचारी माग गरेकोमा प्रदेश सरकारले ३३ दरबन्दीमात्रै स्वीकृत गर्‍यो । त्यसमाथि स्वीकृत दरबन्दीअनुसार कर्मचारी पदपूर्ति गर्न र आयोगका लागि आवश्यक नियमावली बनाउनेतर्फ मधेश प्रदेश सरकारले ध्यान दिन सकेको छैन । आयोग गठनको पहिलो आठ महिनामा प्रदेश सरकारले एकजना कर्मचारी पनि उपलब्ध गराएन । आठ महिनापछि कार्यालय प्रमुख र लेखापाल त पठायो, तर दैनिक कार्यालयमा आएर कार्यसञ्चालन गर्नेभन्दा पनि आठ महिनादेखि आयोगका पदाधिकारीको रोकिएको तलब खुवाउने उद्देश्यले तिनलाई पठाइएको थियो । उनीहरूलाई अन्य कार्यालयको पनि जिम्मेवारी दिइएको थियो । ऐनले दिएको अधिकार प्रयोग गर्ने हो भने आयोगमा आफ्नै कर्मचारी हुनुपर्ने आयोगका सदस्य राजकिशोर साहको तर्क छ । "अन्य ठाउँमा पनि काम गर्ने

कर्मचारीविरुद्ध उजुरी परेमा आयोगले कसरी तहकीकात गर्न सक्छ ?" उनी प्रश्न गर्छन् ।[४४] आयोगमा प्राविधिक कार्य गर्न इन्जिनियर, ओभरसियर र अमिनजस्ता प्राविधिक कर्मचारीका साथै अनुसन्धान कार्यमा सहयोग गर्न प्रहरी आवश्यक पर्छ । आयोग गठन भएको तीन वर्षभन्दा बढी भइसकेको छ तर त्यहाँ एकजना कम्प्युटर अपरेटर मात्र नियमित कर्मचारीका रूपमा कार्यरत छन् ।

आयोग स्थापना भएको ५ महिनामा नै १० उजुरी परे । आयोगले काम गर्छ भन्ने सन्देश नागरिकमा पुगेको यसले पुष्टि गर्छ । तर, पनि प्रदेश सरकारले नियमावली बनाउन र कर्मचारी व्यवस्थापन गर्न नसक्दा यसको काम प्रभावकारी हुन सकेको छैन । बरु यसको औचित्यमाथि नै जनस्तरबाट प्रश्न उठ्न थालेको आयोगका सदस्य राजकिशोर साहको ठम्याइ छ । उनी भन्छन्, "सेवा प्रवाहमा भएका कैयौँ अनियमितताबारे उजुरी परे पनि प्रदेश सरकारले नियमावली नबनाउँदा र कर्मचारी नदिँदा हामी टुलुटुलु हेरेर बस्न बाध्य छौँ ।"

तीन वर्षको अवधिमा स्थानीय सरकार र प्रदेश सरकारविरुद्ध ४२ उजुरी आयोगमा परे पनि तिनमाथि अनुसन्धान गरेर आयोगले टुंगो लगाउन सकेको छैन । आयोगका अध्यक्ष रामसहाय यादवले प्रदेश सरकारले आयोग सक्षम होस् भनेर नचाहेकोले कुनै उपलब्धि हासिल गर्न नसकेको बताए ।[४५] ४२ उजुरीमध्ये १० ओटाको बयान पनि लिइसकिएको छ । केही उजुरीले भ्रष्टाचार भएको सङ्केत गरेकाले ती उजुरीहरू रायसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउनुपर्ने हो । आयोगका सदस्य राजकिशोर साहका अनुसार भ्रष्टाचारजस्तो संवेदनशील विषयमा कानून अधिकृत र प्राविधिकको सहयोग नलिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा राय पठाउनु उचित नहुने भएकोले ती फाइल थन्किएका छन् ।

आ.व. २०७९/०८० मा प्रदेश सरकार अर्थ मन्त्रालयले कानूनी व्यवस्थाविपरीत असार मसान्तमा रकमान्तर गरी भ्रष्टाचार गरेको उजुरीमाथि छानबिन गर्न कागजात माग गरे पनि मन्त्रालयले दिन अस्वीकार गर्‍यो । त्यस्तै मुख्यमन्त्री कार्यालयबाट कर्मचारी सरूवामा भ्रष्टाचार भएको विषय प्रदेशसभामा उठेपछि र पत्रपत्रिकामा पनि समाचार आएपछि मुख्यमन्त्री कार्यालयलाई पनि आवश्यक कागजात पठाइदिनू भनेर पत्र पठाए पनि बेवास्ता गरेको सदस्य राजकिशोर साहले बताए ।[४६] स्थानीय सरकारको तुलनामा प्रदेश सरकारले आयोगले मागेको कागजपत्रको जवाफ नदिने अभ्यास बढी भएको साहको अनुभव छ ।

---

[४४] साहसँग मंसिर १७, २०८१ मा गरिएको कुराकानी ।

[४५] रातोपाटी । २०८१ । जनलोकपाल आयोग कामविहीन । कार्तिक ८ । https://www.ratopati.com/story/454131/jan-lokpal-commission-workless मा उपलब्ध; मंसिर १०, २०८१ मा हेरिएको ।

[४६] साहसँग मंसिर १७, २०८१ मा गरिएको कुराकानी ।

निकै उत्साहसाथ स्थापना गरिएको जनलोकपाल आयोग खारेज गर्नुपर्ने पक्षमा मुख्यमन्त्री नै पुगेका छन् । जसपा नेपालका तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादवले कुनै पनि परिणाम दिन नसकेकोले आयोग खारेज गर्नुपर्ने बताएका थिए ।[४७] तर, लोसपाका प्रदेशसभा सदस्य प्रमेश्वरप्रसाद साह भने जसपा नेपाल नेतृत्वको सरकारले गरेका अनियमितताबाहिर आउने डरले प्रदेश सरकारले जनलोकपाल आयोगलाई असहयोग गरेको तर्क गर्छन् ।[४८] मधेश प्रदेश सरकार आर्थिक अनियमितता र भ्रष्टाचारका कारण बदनाम हुँदै गएपछि त्यसको कारण उत्पन्न असन्तुष्टिलाई मत्थर गर्न मात्र जनलोकपाल आयोग गठन गरिएको दाबी अध्ययनको क्रममा धेरैले गरे । निकै प्रचारबाजी गरेर स्थापना गरेको प्रदेश जनलोकपाल आयोग सरकारको असहयोगकै कारण प्रभावकारी हुन नसक्दा प्रदेश सरकारको सुशासन र सेवा प्रवाहप्रतिको प्रतिबद्धतामा नै प्रश्न उब्जेको छ ।

---

[४७] मिश्र, अनिल । २०८० । जनलोकपाल आयोगलाई मधेस प्रदेश सरकारकै असहयोग, खारेज गर्नुपर्ने मुख्यमन्त्रीको जोड । *कान्तिपुर टेलिभिजन,* साउन ११ । https://kantipurtv.com/news/2023/07/27/1690436025.html मा उपलब्ध; मंसिर १०, २०८० मा हेरिएको ।

[४८] साहसँग मंसिर १०, २०८१ मा गरिएको कुराकानी ।

# ५. नीति तथा कार्यक्रममा प्राथमिकता र बजेट कार्यान्वयन

सरकारले प्रत्येक वर्ष ल्याउने नीति तथा कार्यक्रम एवं त्यसका आधारमा गरिने बजेट विनियोजनलाई अर्थराजनीतिक दस्तावेज मानिन्छ । संसदले बजेट अनुमोदन गरेपछि सरकारलाई कर एवं राजस्व उठाउने, ऋण उठाउने र खर्च गर्ने अधिकार प्राप्त हुन्छ । सरकारका विभिन्न निकाय वा संरचनामा निश्चित उद्देश्यसहित स्रोत बाँडफाँट गर्ने प्रक्रिया विशुद्ध प्राविधिक मात्र नभई मूलतः राजनीतिक हुन्छ । बजेट विनियोजन र कार्यान्वयनमा विभिन्न समूहको पहुँच र बहिष्करणले असमान शक्ति सम्बन्धलाई पनि अभिव्यक्त गर्छ ।[४९] राजनीतिक दलका आ-आफ्ना सिद्धान्त, उद्देश्य, नीति एवं कार्यक्रम हुन्छन् । सोहीअनुरूप तिनले निर्वाचनमा मतदातासँग विभिन्न बाचा पनि गरेका हुन्छन् । निर्वाचनमा सहभागी दलले कानूनले व्यवस्था गरेअनुसार सदनमा बहुमत पुर्‍याउन सफल भएमा सरकार सञ्चालन गर्ने अवसर पाउँछन् । दलले आफ्ना लक्ष्य तथा उद्देश्य हासिल सरकार सञ्चालनमार्फत गर्छन् । त्यसका लागि प्रत्येक वर्ष सरकारले सदनमा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्छन् । सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सङ्घीयता संस्थागतको महत्त्वपूर्ण पक्ष हो ।

## *नीति तथा कार्यक्रमका प्राथमिकता*

मधेश प्रदेशमा पहिलो कार्यकाल जसपा नेपाल (तत्कालीन ससफो) को नेतृत्वमा लालबाबु राउतले सरकार सञ्चालन गरे । दोस्रो प्रदेशसभाको निर्वाचनपश्चात् पनि जसपा नेपालकै सरोजकुमार यादवको नेतृत्वमा सरकार गठन भयो । जेठ २५, २०८१ देखि जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री छन् । मधेशका मुख्य क्षेत्रीय दल जसपा नेपाल, जनमत पार्टी, लोसपाले सुशासनलाई दलको आदर्श मानेका छन् । मधेशका नेतालाई भ्रष्टाचारी आरोप लगाउँदै जनमत पार्टीले ती नेताको भ्रष्टाचारको भेद खोल्ने र भ्रष्टाचार अन्त्य गरेर सुशासन

[४९] Norton, Andy and Diane Elson. 2002. *What's behind the budget? Politics, rights and accountability in the budget process*. Place not Mentioned: Overseas Development Institute. https://internationalbudget.org/wp-content/uploads/Whats-Behind-the-Budget-Politics-Rights-and-Accountability-in-the-Budget-Process.pdf मा उपलब्ध; मंसिर २३, २०८१ मा हेरिएको ।

कायम गर्ने दाबी गरेको छ ।[५०] जसपा नेपालले आफ्नो आदर्श र सिद्धान्त जनताका लागि स्वच्छ, पारदर्शी, सदाचारी एवं प्रभावकारी सेवा प्रवाह गर्नु मानेको छ ।[५१] तर, सात वर्षको प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्राथमिकता, बजेट विनियोजनको तरिका र बजेट कार्यान्वयनको विश्लेषण गर्ने हो भने मधेशका क्षेत्रीय दल आफ्नो आदर्श र सिद्धान्तबाट विमुख भएको पाइन्छ ।

जसपा नेपाल होस् या जनमत पार्टी नेतृत्वको सरकार, तिनले निर्धारण गरेको प्राथमिकता र प्रदेशको आवश्यकताबीच तादत्म्य मिल्न नसकेको भनेर तिनको आलोचना हुने गरेको छ । मधेश प्रदेशको आर्थिक र सामाजिक सूचक कमजोर छ । आर्थिक सर्वेक्षणअनुसार २०७९/०८० मा नेपालको औसत गरिबी २०.२७ प्रतिशत र मधेश प्रदेशको गरिबी २२.५३ प्रतिशत छ ।[५२] औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा) सात प्रदेशमध्ये सबैभन्दा कम मधेश प्रदेशको ग्रामीण क्षेत्रमा रू ७१,८२८ छ । आ.व. २०८०/०८१ मा प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन सात प्रदेशमध्ये मधेश प्रदेशको सबैभन्दा न्यून अर्थात् ८९२ अमेरिकी डलर छ ।[५३] आ.व. २०७५/०७६ देखि आ.व. २०७८/०७९ सम्म मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका पक्षमा डा. विनय मिश्रले अध्ययन गरेका छन् । उनका अनुसार अविकास, गरिबी र विद्यमान असमानतालाई मधेश प्रदेश सरकारले चार आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रमले सम्बोधन गर्न सकेको छैन । एकातर्फ प्रदेशमा आन्तरिक स्रोतको कमी छ भने बजेट विनियोजन वितरणमुखी छ ।[५४] तर, प्रदेश सरकारले सञ्चालन गरेका केही कार्यक्रम त्यहाँको सामाजिक एवं आर्थिक परिवेशलाई ध्यानमा राखेर गरिएको थियो । जसपा नेपालकी नेता तथा पोखरीया नगरपालिकाकी पूर्व उपमेयर सल्मा खातुन भन्छिन्, “मधेशको सामाजिक र आर्थिक परिवेशलाई ध्यानमा राखेर बनाइएको मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम दीर्घकालीन रूपमा सकारात्मक असर

---

[५०] जनमत पार्टी । मिति उल्लेख नभएको । *जनमत पार्टी : प्रशिक्षण पुस्तिका* । http://janamatparty.org/files/2020/06/janamat-prashikshan-v11r.pdf मा उपलब्ध मंसिर २५, २०८१ मा हेरिएको ।

[५१] यादव, उपेन्द्र, प्रस्तोता । २०८१ । *जनता समाजवादी पार्टी, नेपाल : राजनीतिक दस्तावेज* । ललितपुर : जसपा नेपाल । https://jspnepal.org/wp-content/uploads/2024/07/राजनीतिक-प्रतिवेदन.pdf मा उपलब्ध; मंसिर १८, २०८१ मा हेरिएको ।

[५२] अन्य तीन प्रदेशमा सुदूरपश्चिममा ३४.१६, लुम्बिनीमा २४. ३५ र कर्णालीमा २६.६९ प्रतिशत छ । गरिबीको दर सबैभन्दा कम गण्डकी प्रदेशमा ११. ८८ प्रतिशत छ ।

[५३] नेपाल सरकार अर्थ मन्त्रालय । २०८१ । *आर्थिक सर्वेक्षण २०८०/८१* । काठमाडौँ : नेपाल सरकार अर्थ मन्त्रालय । https://giwmscdnone.gov.np/media/pdf_upload/1717566409_Economic%20Survey%202080_81_qfdhxbg.pdf मा उपलब्ध; पुस ५, २०८१ मा हेरिएको ।

[५४] मिश्र, विनय । २०७९ । मधेश प्रदेशका नीति, कार्यक्रम र बजेटको समीक्षा । *मधेश अध्ययन* ८(८): २३३-२४८ ।

पार्ने कार्यक्रम थियो । स-साना पोखरी, मन्दिर, मस्जिद, गुम्बा मर्मत तथा सम्भारका लागि पनि विगतमा सङ्घमा नै धाउनुपर्ने बाध्यतालाई जसपा नेपाल नेतृत्वको सरकारको पालामा शुरू भएको 'मुख्यमन्त्री स्वच्छता अभियान' कार्यक्रमले तोड्यो । त्यस्तै सरकारले कोभिड-१९ विरुद्ध सशक्त अभियान सञ्चालन गरी मानवीय क्षति कम गरायो ।"[५५] तर, जसपा नेपाल नेतृत्वको प्रदेश सरकारले ल्याएको बेटी पढाउ, बेटी बचाउ र मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमको कार्यान्वयन पक्ष भने आर्थिक अनियमितताका कारण विवादास्पद बन्यो ।

मधेश प्रदेशमा करिब १८ प्रतिशत जनसङ्ख्या रहेको दलित समुदायको उत्थान तथा विकास मधेश प्रदेश सरकारको प्राथमिकतामा पर्न सकेको छैन । प्रदेश सरकारले विनियोजन गर्ने रकम निरन्तर घट्दै गएको छ । बरु मधेश प्रदेश सरकारको मुख्य प्राथमिकता मठ मन्दिर, मस्जिद एवं पोखरीको सौन्दर्य बढाउनमा देखिन्थ्यो । प्रदेशले त्यस्ता कार्य गर्न आवश्यक भए पनि ती मुख्य प्राथमिकताको क्षेत्र बन्नु नपर्ने हो । आ.व. २०७६/०७७ को वार्षिक बजेटमा मुख्यमन्त्री कार्यालयले कार्यान्वयन गर्ने गरी पोखरी संरक्षण तथा शौचालय निर्माण (१८५ ओटा) का लागि ३१ करोड ३३ लाख ३४ हजार बजेट छुट्याइएको थियो । त्यस्तै आठ ओटै जिल्लाका मठ मन्दिर, मस्जिद र सार्वजनिक स्थल मर्मत सम्भार (३० ओटा) का लागि १० करोड ३१ लाख ८८ हजार विनियोजन गरियो ।[५६] प्रदेश सरकारले योजना निर्माण तथा बजेट विनियोजन सही तवरले गर्न नसकेकोबारे दलित अगुवा भोला पासवान भन्छन् :

> मधेश प्रदेश शिक्षा, स्वास्थ्य लगायतका सूचकमा पछाडि पर्नुको मुख्य कारण दलितको जनसङ्ख्या सबैभन्दा धेरै हुनु हो । ती सूचकमा दलित समुदाय सबैभन्दा पछाडि छ । त्यसैले मधेशी दलितको उत्थान नभएसम्म प्रदेशले समृद्धि हासिल गर्न सक्दैन । तर, जसपा नेपाल नेतृत्वको सरकारको प्राथमिकता मठ मन्दिर निर्माणमा बढी भयो । जनमत पार्टी नेतृत्वको सरकारले त झन् जसपा नेपाल नेतृत्वको सरकारले भन्दा कम रकम मधेशी दलितका लागि विनियोजन गर्‍यो । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ का लागि ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रूपैयाँको बजेट सार्वजनिक गरेको छ । त्यसमा दलित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने बजेट भने ३५ करोड ३ लाख रूपैयाँ मात्र छ । यो कुल बजेटको करिब ०.७९ प्रतिशत मात्र हो ।[५७]

---

[५५] खातुनसँग मंसिर १५, २०८१ मा गरिएको कुराकानी ।

[५६] महालेखापरीक्षकको कार्यालय । २०७८ । *महालेखापरीक्षकको प्रतिवेदन २०७८ प्रदेश नं. २* । काठमाडौँ : महालेखापरीक्षकको कार्यालय । https://oag.gov.np/uploads/files/Erk-महालेखापरीक्षकको%20वार्षिक%20प्रतिवेदन,%20२०७८%20प्रदेश%20नं.%20२.pdf मा उपलबध; मंसिर १०, २०८१ मा हेरिएको ।

[५७] पासवानसँग भदौ २५, २०८१ मा गरिएको कुराकानी ।

प्रदेश सरकारले तयार गरेको बजेट तथा योजना नेपाल सरकारले संयुक्त राष्ट्र सघंसँग सहमतिमा हस्ताक्षर गरेअनुरूप दिगो विकासको लक्ष्य पूरा गर्ने किसिमको हुनुपर्छ । तर, प्रदेशले छनौट एवं कार्यान्वयन गरेका योजना दिगो विकासको लक्ष्यलाई सघाउ नपुग्ने किसिमको स-साना र प्रचारमुखी भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ मा उल्लेख गरिएको छ ।[५८]

प्रदेशको योजना र बजेटमा राजनीतिक कार्यकर्ता, उपभोक्ता समिति र व्यवसायीको स्वार्थ हावी हुने गरेको छ । योजनामा बजेट पार्न मन्त्री तथा स्थानीय तहका जनप्रतिनिधिदेखि, निर्माण व्यवसायी र उपभोक्ता समितिले समेत 'कमिसन' बुझाउने गरेको दाबी गर्छन् । वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले पालिकामा बजेट पार्न मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जसपा नेपालका मुख्यमन्त्रीलाई कमिसनबापत मोटो रकम बुझाएको समाचार मिडियामा आएको थियो ।[५९] उनी आफै जसपा नेपालबाट वीरगंज महानगरपालिकाको मेयर पदमा विजयी भएका थिए । यस अध्ययनको क्रममा पर्सामा भेटिएका उत्तरदाताका अनुसार सिंहले आफ्नो पालिकामा बजेट पार्न जसपा नेपालको प्रदेश सरकार नेतृत्वलाई ६० लाख रूपैयाँ बुझाएको बताउने गरेका छन् ।[६०] अध्ययनको क्रममा कुराकानी गरिएका धेरै व्यवसायीले प्रदेश सरकारबाट योजना पार्न योजनाको लागतको १० देखि २० प्रतिशत रकम बुझाउनु परेको दाबी गरे । तिनैमध्ये धनुषाका एक व्यवसायी योजना पार्नलाई प्रदेश सरकारका विभिन्न मन्त्रालयमा रकम बुझाउँदाको अनुभव यसरी सुनाउँछन्, "मधेश प्रदेश सरकारबाट रातो किताबमा योजना पार्न कुल लागतको ५ प्रतिशत रकम अग्रिम बुझाउनुपर्छ । त्यस रकमलाई 'प्रिपेड रकम' भनिन्छ । रातो किताबमा योजना परेन भने त्यो रकम फिर्ता आउने कुनै ग्यारेन्टी हुँदैन । रातो किताबमा योजना परेपछि थप १५ प्रतिशत रकम बुझाएपछि मात्र त्यो योजनाको कार्यादेश दिइन्छ ।"[६१] मधेश प्रदेशका एक मन्त्रीले समेत भौतिक निर्माणका अधिकांश योजनाबापत १२ प्रतिशतसम्म रकम दिने प्रस्ताव उपभोक्ता समिति, व्यवसायीबाट आउने गरेको बताए । उनले उपभोक्ता समिति वा व्यवसायीको रूचीअनुसार योजना बनाएर पठाइने भएकोले प्रदेश सरकार प्राथमिकता निर्धारणमा नै चुकेको स्वीकारे ।[६२] ती मन्त्रीका

---

[५८] महालेखापरीक्षकको कार्यालय । २०७८ । *महालेखापरीक्षकको प्रतिवेदन २०७८ प्रदेश नं. २* । काठमाडौं : महालेखापरीक्षकको कार्यालय । https://oag.gov.np/uploads/files/Erk-महालेखापरीक्षकको%20वार्षिक%20प्रतिवेदन,%20२०७८%20प्रदेश%20नं.%20२.pdf मा उपलबध; मंसिर १०, २०८१ मा हेरिएको ।

[५९] तिवारी, यादव । २०८१ । महानगरमा बजेट ल्याउन मधेश सरकारको नेतृत्वलाई कमिसन दिएको मेयर सिंहको दाबी । *नयाँ पत्रिका*, जेठ ५ । https://www.nayapatrikadaily.com/news-details/141393/2024-05-18 मा उपलब्ध; मंसिर २४, २०८१ मा हेरिएको ।

[६०] ती उत्तरदातासँग भदौ २०-२१, २०८१ मा गरिएको कुराकानी ।

[६१] ती व्यवसायीसँग भदौ २४, २०८१ मा गरिएको कुराकानी ।

[६२] ती मन्त्रीसँग फागुन ३, २०८० मा गरिएको कुराकानी ।

अनुसार प्रदेशमा पनि अर्थ मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय हात पार्न दलबीच रस्साकस्सी हुने गरेको छ । त्यसको मुख्य कारण आर्थिक चलखेल र बजेट साथै योजना वितरणमार्फत दलको सङ्गठन निर्माण हो ।

अर्थ मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय नपाउँदासम्म प्रदेश सरकारमा सामेल नहुने वा सरकार ढलाउनेसम्म कसरत भएका उदाहरण पनि छन् । जनमत पार्टीका सतिशकुमार सिंहले मुख्यमन्त्री भई सरकार गठन गरेपछि नेपाली काँग्रेसले पनि उनको सरकारलाई विश्वासको मत दिएको थियो । अर्थ मन्त्रालयमा नेपाली काँग्रेसले दाबी गरेपछि सरकार गठन भएको एक हप्तासम्म जनमत पार्टी र नेपाली काँग्रेसमध्ये कुन दलले सो मन्त्रालय लिने भन्ने विवाद चल्यो । उक्त मन्त्रालय नपाए सरकारलाई दिएको समर्थन नै फिर्ता लिने बताएपछि अन्ततः मुख्यमन्त्री सिंहले नेपाली काँग्रेसलाई अर्थ मन्त्रालय दिन बाध्य भए ।[६३] जसपा नेपालका सरोजकुमार यादवको सरकारले प्रदेशसभाबाट विश्वासको मत पाउन नसकेपछि जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति भएको थियो । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)] ले जनमत पार्टीलाई मुख्यमन्त्रीको लागि विश्वासको मत दिने तर त्यसबापत अर्थ वा भौतिक पूर्वाधारमध्ये एक मन्त्रालय पाउनुपर्ने दाबी गर्‍यो । जसका कारण मुख्यमन्त्री नियुक्ति प्रक्रिया नै पर धकेलियो ।[६४] त्यस्तै, तत्कालीन जसपा नेपालका मुख्यमन्त्री सरोजकुमार यादवले वैशाख ४, २०८१ मा चौथो पटक विश्वासको मत लिएको केही समयपछि ११ औँ पटक मन्त्रिपरिषद् विस्तार गरेका थिए । त्यसमा नेकपा (माओवादी केन्द्र) का संसदीय दलका नेता भरतप्रसाद साहलाई अर्थ मन्त्रालयको सट्टा वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिएपछि उनी असन्तुष्ट बने । उनले प्रदेश भित्रको शक्ति सन्तुलनअनुसार नेकपा (माओवादी केन्द्र) लाई अर्थ मन्त्रालय र नेकपा (एमाले) लाई भौतिक पूर्वाधार मन्त्रालय दिने सहमति भएको दाबीसहित आफूलाई जनताको काम गर्न अर्थ मन्त्रालय नै चाहिने अड्डी कसेका थिए ।[६५] स्रोतको विनियोजन गर्ने भएकोले अर्थ मन्त्रालयलाई सबैले प्राथमिकतामा राखेको देखिन्छ । भौतिक पूर्वधारलाई नै विकासको मानक मान्ने र बजेट पनि अन्य मन्त्रालयको तुलनामा धेरै हुने भएकाले पूर्वाधार विकास मन्त्रालय पनि दलको रोजाइमा पर्छ ।

---

[६३] सिंह, सन्तोष । २०८१ । काँग्रेसले अर्थ पाएपछि मधेस सरकार विस्तार । *कान्तिपुर*, साउन ४ । https://ekantipur.com/pradesh-2/2024/07/19/madhesh-government-expansion-after-congress-gets-money-06-50.html मा उपलब्ध; मंसिर ९, २०८१ मा हेरिएको ।

[६४] दि मिरर अफ सोसाईटी । २०८१ । मन्त्रालयमा भागबण्डा नमिल्दा मधेशको मुख्यमन्त्री नियुक्ति प्रक्रिया अन्योलमा । जेठ २४ । https://themirrorofsociety.com/53987 मा उपलब्ध; मंसिर २४, २०८१ मा हेरिएको ।

[६५] हसिद, वाहिद । २०८१ । मधेस गठबन्धनमा फेरि चर्कियो विवाद, माओवादी र जसपा आमने-सामने । *शिलापत्र*, वैशाख १६ । https://shilapatra.com/detail/135542 मा उपलब्ध; मंसिर २४, २०८१ मा हेरिएको ।

नेपालमा आफ्नो निर्वाचन क्षेत्रमा नेताले बढी बजेट विनियोजन गर्न सक्नुलाई शक्तिको मापक मानिन्छ। विभिन्न विधि र प्रक्रियामार्फत राज्य स्रोतको दोहन गर्ने प्रवृत्ति प्रदेश सरकारमा पनि देखिनु सङ्घीयता सवलीकरणमा प्रत्युत्पादक हुन जान्छ।

तीन तहका सरकारबीच स्रोतको वितरण असन्तुलित छ। यद्यपि, प्रदेश सरकारले पाएको सीमित स्रोतको प्राथमिकता निर्धारण गरेर प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेशकै हो। मधेश प्रदेश सरकार सञ्चालनको शुरूआती चरणबाटै प्राथमिकता निर्धारण साथै बजेट कार्यान्वयनमा आर्थिक अनुशासनहीनता, प्रदेश सरकारको क्षेत्राधिकारबाहिर बजेट तथा कार्यक्रम सञ्चालनका बग्रेल्ती उदाहरण महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ। मधेशसम्बन्धी अध्येता तुलानाराण साह विभेद तथा बेथिति नेपाली राज्य संरचनाको मूलभूत समस्या भएको तर्क गर्छन्। साहका अनुसार "राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँट साथै समानुपातिक समावेशितामार्फत विभेदको समस्या केही हदसम्म सम्बोधन भयो। तर, बेथिति अर्थात् सुशासनको समस्या, त्यसको आयतन अझ फराकिलो र सघन बनेको छ। तीनै तहका सरकारमा भ्रष्टाचार झ्याङ्गिँदै जाँदा राज्यद्वारा नागरिकलाई प्रवाह गरिने सेवा पनि प्रभावकारी हुन सकेको छैन।"[६६] क्षेत्रीय दलले नेतृत्व गरेका मधेश प्रदेश सरकारका आ.व. २०७४/०७५ देखि २०८०/०८१ सम्मको बजेट कार्यान्वयनमा देखिएका केही प्रवृतिलाई यसप्रकार चर्चा गरिएको छ।

### अबण्डा बजेट

प्रदेशका मन्त्रालयले योजना र कार्यक्रम नतोकी एकमुस्ट अबण्डा बजेट विनियोजन गर्ने र पछि रकमान्तर गरी खर्च गर्ने अभ्यास प्रदेश सरकार सञ्चालनको प्रारम्भदेखि नै गर्‍यो। यसरी अबण्डा बजेट राख्नु बजेट सिद्धान्तविपरीत कार्य हो। कुनै नीति र विधिमा आधारित नभई मन्त्रीको तजबिजमा बाँडिने यस्तो अबण्डा बजेटबाट हुने कार्य अपारदर्शी हुनुका साथै आर्थिक अनियमिततासमेत हुने गरेको बताइन्छ। त्यस्तो बजेट वर्षान्तमा खर्च गरिने हुनाले अनुगमन पनि राम्रोसँग हुन सक्दैन। उदाहरणको लागि, आ.व. २०७६/०७७ को बजेट व्यक्तव्यमा अर्थ मन्त्रालयले अर्थ विविध (अबण्डा) मा चालु खर्चतर्फ रू ७ अर्ब ५६ करोड र पुँजीगत खर्चतर्फ रू ६ अर्ब ८६ करोड गरी रू १४ अर्ब ४२ करोड (कुल बजेटको ३७.२९ प्रतिशत) एकमुस्ट बजेट विनियोजन गर्‍यो। सोमध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रू ३ अर्ब ६७ करोड र पुँजीगत खर्चतर्फ रू २ अर्ब ८० करोड गरी जम्मा रू ६ अर्ब ४७ करोड खर्च गरेको थियो। उक्त रकम कुल बजेटको १६.७०

[६६] साहसँग मंसिर २३, २०८१ मा गरिएको कुराकानी।

प्रतिशत थियो ।[६७] त्यस्तै महालेखापरीक्षकको प्रतिवेदन अनुसार आ.व. २०७७/०७८ मा मन्त्रालयले पुँजीगततर्फ अर्थ विविध (अबण्डा) मा राखेको रू १ अर्ब २४ करोड ८७ लाख ९९ हजारमध्ये ७ मन्त्रालयलाई रू ३६ करोड ४ लाख ३२ हजार रकमान्तर गऱ्यो । सोमध्ये रू ३ करोड ७२ लाख १५ हजार असारमा मात्र रकमान्तर गरेको थियो । चालुतर्फ रू २ अर्ब ५ करोड अबण्डा रकमबाट ११ निकायलाई रू ७७ करोड ३१ लाख ९६ हजार रकमान्तर गरेर थपियो । त्योमध्ये असारमा मात्र रू ५२ करोड ३८ लाख २७ हजार थप दिएको थियो । अबण्डा रकम मध्येबाट सर्लाही जिल्लाको बागमती नगरपालिकालाई ताल निर्माण गर्न रू ३० करोड थप गरियो ।[६८] प्रत्येक आर्थिक वर्ष प्रदेश सरकारले अबण्डा बजेट राख्ने अभ्यासलाई निरन्तरता दिएको छ ।

## वर्षान्तमा बजेट खर्च

आर्थिक कार्यविधि नियमावलीअनुसार स्वीकृत वार्षिक कार्यक्रमबमोजिम कार्यालयले बजेटको चौमासिक योजना बनाई कार्यक्रम वा क्रियाकलाप सञ्चालन गर्नुपर्छ । आ.व. २०७५/०७६ मा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७६ वैशाखसम्म गरेको खर्च रू ५ अर्ब २ करोड ८८ लाख थियो । तत्पश्चातका दुई महिनामा सो मन्त्रालयको खर्च रू १० अर्ब ५ करोड ३५ लाख थियो । खर्चको भार असार महिनामा मात्र रू ८ अर्ब ५३ करोड ९६ लाख ३१ हजार रही कुल खर्चको अनुपातमा ५७ प्रतिशत रह्यो ।[६९] यस्तो कार्यले आर्थिक अनियमितता बढाउनुको साथै कामको गुणस्तर पनि कायम हुन सक्दैन । मधेशका क्षेत्रीय दलहरूले कर्मचारी अभावमा खर्च गर्न नसकिएको र सेवा प्रवाहमा पनि असर परिरहेको दाबी गर्छन् । तर, सङ्घीय सरकारकै नक्कल गरेर असारमा गरिने ठूलो खर्चले कर्मचारी अभावभन्दा बजेट कार्यान्वयनमा नेतृत्वको इच्छा शक्तिको अभावलाई दर्शाउँछ ।

---

[६७] महालेखापरीक्षकको कार्यालय । २०७७ । *महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ प्रदेश नं २* । काठमाडौँ : महालेखापरीक्षकको कार्यालय । https://oag.gov.np/uploads/files/Erk-महालेखापरीक्षकको%20वार्षिक%20प्रतिवेदन,%20२०७८%20प्रदेश%20नं.%20२.pdf मा उपलब्ध; पुस ४, २०८१ मा हेरिएको ।

[६८] महालेखापरीक्षकको कार्यालय । २०७९ । *महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ मधेश प्रदेश* । काठमाडौँ : महालेखापरीक्षकको कार्यालय । https://oag.gov.np/uploads/files/qw3-मधेश%20प्रदेशको%20महालेखापरीक्षकको%20चौठो%20वार्षिक%20प्रतिवेदन,%20२०७९.pdf मा उपलब्ध; पुस ४, २०८१ मा हेरिएको ।

[६९] महालेखापरीक्षकको कार्यालय । २०७७ । *महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ प्रदेश नं. २* । काठमाडौँ : महालेखापरीक्षकको कार्यालय । https://oag.gov.np/uploads/files/प्रदेश%20नं.%20२%20को%20२०७५।७६%20को%20वार्षिक%20प्रतिवेदन%20.pdf मा उपलब्ध; पुस ४, २०८१ मा हेरिएको ।

असारमा हुने विकास खर्चलाई घटाउन र विकास निर्माणमा भ्रष्टाचार रोक्न नै जनमत पार्टीको नेतृत्वमा मधेशमा सरकार बनेको जनमत पार्टीका नेता तथा कार्यकर्ताले दाबी गरेका थिए । उनीहरूले जनमत पार्टी नेतृत्वको सरकारले कार्यविधि संशोधन गरेर दशैँअगाडि नै बजेटको कार्यादेश दिने तयारी गरेको बताए । जनमत पार्टीले आफ्ना कार्यकर्तालाई योजना कार्यान्वयनमा संलग्न नभई त्यसको अनुगमन र सहजीकरण गर्न निर्देशन दिएको उक्त दलका रौतहटका नेता शेख जम्सेदले बताए ।[७०] जनमत पार्टी नेतृत्वको सरकारले सदनमा प्रस्तुत गरेको आ.व. २०८१/०८२ को बजेट वक्तव्यको बुँदा नं १४७ मा विकास निर्माणका कार्य खुल्ला प्रतिस्पर्धामार्फत मात्र गरिने उल्लेख थियो । बढी राजनीतीकरण र भ्रष्टाचार हुने भएकोले उपभोक्ता समितिबाट विकास निर्माण कार्यमा रोक लगाइएको पर्सा जिल्ला जनमत पार्टीका नेता ओमप्रकाश सर्राफले बताए ।[७१] जनकपुरस्थित अनुसन्धान संस्था नर्थसाउथ कलेक्टिभका कार्यकारी निर्देशक राकेश मिश्रको भने फरक दाबी थियो । उनका अनुसार उपभोक्ता समितिबाट कार्य नगरी निर्माण व्यवसायीबाट कार्य गर्दा झन ठूलो कमिसन र भ्रष्टाचारको सम्भावना हुन्छ । जनमत पार्टी नेतृत्वको सरकारले ल्याएको त्यो नीति लोकरिझ्याँईको लागि मात्र भएकाले कार्यान्वयन हुनेमा मिश्रले आशंका व्यक्त गरेका थिए ।[७२] गहन तयारीबिना उपभोक्ता समितिमार्फत विकास निर्माणका कार्य नगर्ने निर्णयले आ.व. २०८१/०८२ को पहिलो त्रैमासिकमा ०.०५ प्रतिशतमात्र बजेट खर्च भएपछि जनमत पार्टी नेतृत्वको प्रदेश सरकार आफ्नो निर्णयबाट पछि हट्ने तयारी गरेको छ ।[७३]

## क्षेत्रअधिकार बाहिरको खर्च

प्रदेश सरकारले आफ्ना निकायमार्फत कार्य गरेर सेवा प्रवाह प्रभावकारी बनाउँदा प्रदेश सरकारप्रति नागरिकको विश्वास बढ्छ । तर, मधेश प्रदेश सरकारले सङ्घीय सरकार मातहतका कार्यालयलाई बजेट विनियोजन गरेको पाइयो । आ.व. २०७७/०७८ मा प्रदेश सरकारले सङ्घीय सरकारका कार्यालयको लागि रू ३ करोड १९ लाख २८ हजार खर्च गरेको थियो । उक्त रकम जनकपुर उच्च अदालतमा शौचालय तथा कम्पाउण्ड वाल निर्माण, जिल्ला प्रशासन कार्यालय सिरहामा निर्माण कार्य, सशस्त्र प्रहरी बल जनकपुरमा निर्माण कार्य, नेपाली

[७०] जम्सेदसँग भदौ २२, २०८१ मा गरिएको कुराकानी ।

[७१] सर्राफसँग भदौ २०, २०८१ मा गरिएको कुराकानी ।

[७२] मिश्रसँग भदौ २४, २०८१ मा गरिएको कुराकानी ।

[७३] महतो, शैलेन्द्र । २०८१ । बजेट खर्च मार्गदर्शनले मधेशमा पूँजीगत खर्च ठप्पै, पछि हट्यो सरकार । *अनलाइनखबर*, कात्तिक ४ । https://www.onlinekhabar.com/2024/10/1556041/in-madhesh-the-government-retreated-from-the-budget-expenditure-guidance मा उपलब्ध; मंसिर ३०, २०८१ मा हेरिएको ।

सेनाको २८ नं. बाहिनी अड्डामा पार्क निर्माण लगायतमा खर्च भएको थियो।[७४] त्यस्तै प्रदेश सरकारले सङ्घीय सरकारका कार्यक्रमलाई समेत बजेट दिने गरेको छ। आ.व. २०७८/०७९ मा प्रदेशले विनियोजन गरेको बजेटबाट सङ्घीय सरकारका कार्यक्रम सञ्चालन गर्न नौ सङ्घीय कार्यालयलाई रू ५६ करोड ८१ लाख ५१ हजार निकासा दिएको थियो।[७५]

तत्कालीन प्रदेशको वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय र नेपाली सेना श्री नं. ९ वाहिनीबीच वैशाख २८, २०७९ मा जैविक विविधतातर्फ १२ र ऐतिहासिक धरोहर प्रवर्द्धन र सम्बर्द्धनतर्फ १८ गरी ३० कार्यक्रमको लागि सम्झौता गरेर सो कार्यबापत रकम भुक्तानी पनि गरेको थियो। प्रदेशको मन्त्रालय र नेपाली सेना श्री नं. ९ वाहिनीबीचको कार्यसम्झौता र रकम भुक्तानी प्रदेश सरकार (कार्यविभाजन) नियमावलीभन्दा बाहिर भएको महालेखापरीक्षकको पाचौँ वार्षिक प्रतिवेदन, २०७९ ले औँल्याएको छ।[७६] प्रदेशले निर्माण गरेका संरचनाहरू बजेटको अभावमा प्रभावकारी हुन नसकिरहेको परिप्रेक्ष्यमा सङ्घ मातहतका कार्यालयको खर्चको औचित्यमा प्रश्न उठ्नु स्वाभाविकै हो। गोपनीयतासहित परीक्षा सञ्चालनको लागि कोठाको अभाव झेल्दै आएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू बताउँछन्। तर, प्रदेश सरकारको प्राथमिकता सङ्घीय सरकारका संस्था, संरचना र कार्यक्रमलाई बजेट विनियोजन गर्नेतर्फ देखिन्छ। यस्ता दृष्टान्तले क्षेत्रीय दलले नै नेतृत्व गरेको प्रदेश सरकार प्रादेशिक संरचानलाई बलियो बनाउन प्रतिबद्ध नभएको आरोपलाई नै पुष्टि गर्छ।

## शान्तिसुरक्षा खर्च

जसपा नेपाल र लोसपाको संयुक्त मधेश प्रदेश सरकारले जेठ १०, २०७५ मा आन्तरिक मामिला तथा कानून मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षाको काममा खर्च गर्न सक्ने निर्णय गऱ्यो। यस्ता कार्यबापत विल भरपाई पेश गर्न नपर्ने गरी मन्त्रीलाई

---

[७४] महालेखापरीक्षकको कार्यालय। २०७९। *महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ मधेश प्रदेश*। काठमाडौँ: महालेखापरीक्षकको कार्यालय। https://oag.gov.np/uploads/files/qw3-मधेश%20प्रदेशको%20महालेखापरीक्षकको%20चौठो%20वार्षिक%20प्रतिवेदन,%20२०७९.pdf मा उपलब्ध; पुस ४, २०८१ मा हेरिएको।

[७५] महालेखापरीक्षकको कार्यालय। २०७९। *महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदन २०७९ मधेश प्रदेश*। काठमाडौँ: महालेखापरीक्षकको कार्यालय। https://oag.gov.np/uploads/files/qmZ-महालेखापरीक्षकको%20पाँचौ%20वार्षिक%20प्रतिवेदन,%20२०७९%20मधेश%20प्रदेश.pdf मा उपलब्ध; पुस ५, २०८१ मा हेरिएको।

[७६] महालेखापरीक्षकको कार्यालय। २०७९। *महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदन २०७९ मधेश प्रदेश*। काठमाडौँ: महालेखापरीक्षकको कार्यालय। https://oag.gov.np/uploads/files/qmZ-महालेखापरीक्षकको%20पाँचौ%20वार्षिक%20प्रतिवेदन,%20२०७९%20मधेश%20प्रदेश.pdf मा उपलब्ध; पुस ५, २०८१ मा हेरिएको।

प्रतिपटक रू ३० हजार र सचिवलाई रू १० हजारका दरले प्रति महिना ५ पटकसम्म खर्च गर्न सक्ने व्यवस्था छ। प्रत्येक वर्ष आन्तरिक मामिला तथा कानून (हाल गृह, सञ्चार तथा कानून) मन्त्री, राज्यमन्त्री र सचिवले सोबापत पैसा बुझ्ने गरेका छन्। शान्ति सुरक्षा खर्च लिने यस्तो अभ्यास मधेश प्रदेशमा मात्र छ। आ.व. २०७५/०७६ देखि २०७९/०८० सम्म शान्तिसुरक्षा खर्चबापतको रकम रू १ करोड ३५ लाख ५० हजार भुक्तानी भएको छ।[७७] सङ्घ सरकारका गृह मन्त्रीले पनि गर्ने यस्तै खर्चको चर्को विरोध भएको थियो। सङ्घ सरकारले सङ्घीय प्रहरी समायोजन ऐन नबनाएकोले प्रहरीको नियन्त्रण प्रदेशअन्तर्गत नभएको अवस्थामा यस्तो किसिमको खर्चको त झन कुनै औचित्य नै देखिँदैन। तसर्थ, यस्तो खर्च नियन्त्रण गर्ने कार्यमा मधेशका क्षेत्रीय दल जवाफदेही हुनैपर्छ।

[७७] आ.व. २०७५/०७६ मा आन्तरिक मामिला तथा कानून मन्त्री र सचिवले क्रमशः रू १८ लाख र रू ६ लाख गरी कुल २४ लाख; आ.व. २०७६/०७७ मा मन्त्रीलाई रु १८ लाख र सचिवलाई ११ महिनाको रू ५ लाख ५० हजार गरी कुल रू २३ लाख ५० हजार; आ.व. २०७७/०७८ मा मन्त्रीलाई रू १८ लाख र सचिवलाई रू ५ लाख ७० हजार गरी रू २३ लाख ७० हजार; आ.व. २०७८/०७९ मा मन्त्री र राज्यमन्त्रीलाई रू ३० लाख र सचिवलाई रू ६ लाख गरी कुल रू ३६ लाख; आ.व. २०७९/०८० मन्त्री, राज्यमन्त्री र सचिवलाई गरेर रू २८ लाख ३० हजार भुक्तानी गरिएको छ (हेर्नुहोस्, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५–२०८१)।

# ६. समावेशिताको कसीमा क्षेत्रीय दल

समावेशिता नेपाली सङ्घीयताको एक मुख्य शर्त हो । यस अध्ययनमा समेटिएका सबै क्षेत्रीय दलले तिनका विधान र चुनावी घोषणापत्रमा जातीय जनसङ्ख्याको आधारमा समानुपातिक समावेशितालाई प्राथमिकताका साथ उठाउँदै आएका छन् । त्यति मात्र नभई नेपालको संविधानमा समानुपातिक समावेशिताको व्यवस्था हुनुमा क्षेत्रीय दलको माग र आन्दोलनकै धेरै भूमिका भएको दाबी गर्छन् । त्यसको कार्यान्वयनमा क्षेत्रीय दलहरू कति खरो उत्रे भन्ने मापनको एउटा आधार प्रदेशसभा, सरकार र विभिन्न नियुक्तिमा अपनाइएको समावेशिता हुन सक्छ ।

## ६.१. *प्रदेशसभामा समावेशिता*

प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ६० प्रतिशत र समानुपातिक निर्वाचनबाट ४० प्रतिशत सदस्य आउँछन् । समानुपातिकतर्फ जनसङ्ख्याको आधारमा दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व हुन्छ । त्यसैगरी राजनीतिक दलले प्रदेशसभा सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला पठाउनुपर्छ । यिनै संवैधानिक प्रावधानका कारण प्रदेशसभा समावेशी बनेका छन् ।

अध्ययनमा समेटिएका क्षेत्रीय दलबाट प्रदेशसभाको प्रतिनिधित्व केलाउँदा, कुल ९३ सिट रहेको कोशी प्रदेशमा सलोरामले प्रदेशसभा निर्वाचन २०७४ मा एक सिट जितेको थियो । समानुपातिक निर्वाचन प्रणालीबाट जितेको उक्त सिटमा सलोरामले महिलालाई पठायो । दोस्रो प्रदेशसभा निर्वाचन २०७९ मा सबैभन्दा धेरै (कुल ४७ मध्ये ३५) उम्मेदवार कोशी प्रदेशमा उठाएको सलोरामको प्रदेशमा प्रतिनिधित्व रहेन । त्यसैगरी सुदूपश्चिम प्रदेश प्रतिनिधित्व गर्ने क्षेत्रीय दल नाउपा पहिलो प्रदेशसभा निर्वाचन अवधिमा स्थापना नै भएको थिएन । दोस्रो प्रदेशसभा निर्वाचनमा सुदूरपश्चिम प्रदेशको कुल ५३ सिटमा सात सिट नाउपाले जित्यो । पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ पाँच सिट जितेको नाउपाबाट सबै पुरुष र थारू थिए । त्यसैगरी, समानुपातिकमा दुई सिट जितेकोमा दुवै खस-आर्य समूहका महिला  नाउपाले चुनेको थियो ।

मधेश प्रदेशमा अध्ययनमा समेटिएका तीन क्षेत्रीय दल जसपा नेपाल, लोसपा र नेपाल सङ्घीय समाजवादी पार्टीको पहिलो र दोस्रो प्रदेशसभामा प्रतिनिधित्व थियो भने जनमत पार्टीको दोस्रो प्रदेशसभामा मात्र प्रतिनिधित्व थियो। मधेश प्रदेशसभामा कुल सदस्य सङ्ख्या १०७ रहेकोमा पहिलो प्रदेशसभामा जसपा नेपालले ३८ सिट (१२ महिला) लोसपाले १५ सिट (५ महिला) जित्यो। त्यस्तै, दोस्रो प्रदेशसभामा जसपा नेपालले १९ (६ महिला), जनमत पार्टीले १३ (४ महिला) र लोसपाले ९ (३ महिला) सिट जितेका छन्। मधेश प्रदेशको पहिलो र दोस्रो प्रदेशसभा सदस्य सङ्ख्यालाई एकमुस्ट हिसाब गरी त्यहाँको जातीय (वर्गीकरणको आधारबारे हेर्नुहोस् ७.३.१. *मधेश प्रदेशको सामाजिक तथा जातीय संरचना*) तथा लैङ्गिक प्रतिनिधित्वलाई यस प्रकार प्रस्तुत गरिएको छ :

पहिलो प्रदेशसभाको कार्यकालमा मधेश प्रदेशसभामा समानुपातिक निर्वाचन प्रणालीको मुस्लिम कोटाबाट निर्वाचित नेकपा (माओवादी केन्द्र) का मोहम्मद समीर पार्टी कारबाहीमा परी पदमुक्त भए।[७८] उक्त रिक्त पदमा पशमिना कादरीलाई नियुक्त गरेपछि प्रदेशसभा सदस्य हुनेको सङ्ख्या १०८ पुग्यो। तीमध्ये ३६.११ प्रतिशत (३९ जना) महिला र ६३.८९ प्रतिशत (६९ जना) पुरुष थिए। लगभग यही अवस्था प्रदेशसभाको दोस्रो कार्यकालमा पनि छ। जातीय समूहको आधारमा मधेश प्रदेशसभामा सबैभन्दा धेरै ५३.९५ प्रतिशत मधेशी मध्यम जातको प्रतिनिधित्व छ। मधेशी उच्च जात र मुस्लिमको प्रतिनिधित्व ११.६३ प्रतिशतले दोस्रो स्थानमा छ। मधेशी जनजातिको प्रतिनिधित्व ८.४ प्रतिशतले तेस्रो स्थानमा छ। मधेशी दलितको प्रतिनिधित्व ६.५१ प्रतिशतसहित चौथो स्थानमा छ। पहाडी जनजाति र खस-आर्यको प्रतिनिधित्व ४ प्रतिशतको हाराहारीले पाँचौँ स्थानमा छ। पहिलो प्रदेशसभाको तुलनामा दोस्रो प्रदेशसभामा मधेशी उच्च र मधेशी मध्यम जातको प्रतिनिधित्व घट्दा मधेशी दलित र मुस्लिमको प्रतिनिधित्व भने केही बढेको छ (हेर्नुहोस् चित्र १)। मधेश प्रदेशसभामा मधेशी दलितको प्रतिनिधित्व पहिलो प्रदेशसभामा ५.६ प्रतिशत रहेकोमा दोस्रो प्रदेशसभामा १.९ प्रतिशतले वृद्धि भएर ७.५ प्रतिशत पुगेको छ। त्यस्तै, पहिलो प्रदेशसभामा मुस्लिमको प्रतिनिधित्व १०.२ रहेकोमा २.९ प्रतिशतले वृद्धि भएर १३.१ प्रतिशत पुगेको छ।

[७८] समिरसँगै नेकपा (माओवादी केन्द्र) को कारबाहीमा परी पदमुक्त हुने अरू तीन प्रदेशसभा सदस्य ज्वालाकुमारी साह, रामचन्द्र मण्डल र कुन्दनप्रसाद कुशवाहा थिए। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकीकरण सर्वोच्च अदालतको निर्णयबाट बदर भई पूर्ववत् रूपमा नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) भए। ती चार प्रदेशसभा सदस्य नेकपा (माओवादी केन्द्र) बाट निर्वाचित भएका थिए। तर, अदालतको निर्णयबाट नेकपा (माओवादी केन्द्र) पूर्ववत् अवस्थामा आएपछि उनीहरू भने नेकपा (एमाले) मा प्रवेश गरे। त्यसैले नेकपा (माओवादी केन्द्र) ले चैत ३०, २०७७ मा चार जना प्रदेशसभा सदस्यलाई बर्खास्त गर्‍यो। समीरबाहेक तीन जना पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएका थिए।

**चित्र १: मधेश प्रदेशसभा (२०७४-२०८१) को लैङ्गिक तथा जातीय प्रतिनिधित्व**




*स्रोत : प्रदेशसभा सचिवालय, मधेश प्रदेश।*

## ६.२. *प्रदेशसभाका विषयगत समितिको नेतृत्वमा समावेशिता*

प्रदेशसभाका विषयगत समितिहरूले नीति निर्माण, निगरानी, र स्थानीय आवश्यकता सम्बोधनमा प्रमुख भूमिका खेल्ने भएकाले तिनको नेतृत्वमा समावेशिता जरुरी छ। विविधतायुक्त नेतृत्वले नीति निर्माण प्रक्रियामा सहभागी सबैको विश्वास बढाई विभेदको अनुभूति घटाउँछ । अतः समावेशिता केवल प्रतिनिधित्वको प्रश्न नभई सङ्घीयतालाई प्रभावकारी र दिगो बनाउनका लागि पनि अपरिहार्य छ । संसदका विषयगत समितिहरू समावेशी बनाउन राजनीतिक दलको भूमिका रहन्छ । राजनीतिक दलहरू नीतिगत निर्देशन दिने, जनताको प्रतिनिधित्व गर्ने, र विधायिकाको संरचना तय गर्ने मुख्य संस्था हुन् । अध्ययनमा समेटिएका क्षेत्रीय दलले प्रदेशसभाका विषयगत समितिको नेतृत्व गरेका प्रदेश मधेश र सुदूरपश्चिम मात्र थिए ।

### ६.२.१. मधेश प्रदेशसभाका विषयगत समितिको नेतृत्व छनोट र समावेशिता

प्रदेशसभामा समितिको सभापति चयन गर्दा दलहरूबीच भागबन्डा गरिन्छ । यस्तोमा राजनीतिक स्वार्थ हावी हुनु स्वाभाविकै हो। राजनीतिक स्वार्थकै कारण मधेश प्रदेशसभाको पहिलो पाँच वर्षे कार्यकाल (२०७४-२०७९) को चार वर्ष बितिसक्दा पनि सार्वजनिक लेखा समितिको सभापति चयन हुन सकेको थिएन। तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को भागमा परेको सार्वजनिक लेखा समितिमा सभापति चयनका लागि दलभित्र विवाद भएको थियो। सभापतिका लागि रामकुमार यादव र शत्रुधन महतोले उम्मेदवारी दिएका थिए। तर, विवाद नमिल्दा सभापतिको लागि निर्वाचनसमेत हुन सकेन । प्रदेश सरकारको सार्वजनिक खर्चको निगरानी, महालेखापरीक्षकको प्रतिवेदनमाथि छलफल र त्यसले औंल्याएको बेरूजुको जाँचबुझ तथा सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारबाहीको लागि निर्देशन लगायतका काम लेखा समितिको जिम्मेवारीमा पर्छन्। महालेखापरीक्षकको पहिलो वार्षिक प्रतिवेदनबाहेक अरू वर्षको प्रतिवेदनमाथि छलफल नै भएको छैन । समिति चार वर्षसम्म सभापतिविहीन हुँदा ती कुनै गतिविधि हुन सकेनन् । समितिको वरिष्ठ सदस्यको हैसियतमा नेकपा (एमाले) का लगनलाल चौधरीको अध्यक्षतामा लेखा समितिको बैठक दुई पटक बसे पनि नीतिगत निर्णय भएन।[७९]

[७९] खबरहब। २०७८। प्रदेश २ प्रदेशसभाका ४ वर्ष : चयन भएनन् सार्वजनिक लेखा समिति सभापति। मंसिर ११। https://khabarhub.com/2021/27/327241/ मा उपलब्ध; मंसिर २१, २०८१ मा हेरिएको।

**तालिका ३ : मधेश प्रदेशसभाका विषयगत समितिको नेतृत्वमा समावेशिता**

| समिति | सभापति | जाति | लिङ्ग | दल |
|---|---|---|---|---|
| निर्वाचन चक्र २०७९ देखि २०८४ को अवधिमा विषयगत समितिका सभापति | | | | |
| सार्वजनिक लेखा | मञ्जु कुमारी थापा मगर | पहाडी जनजाति | महिला | नेकपा (एमाले) |
| विकास | सारदा सङ्कर कलवार | मधेशी मध्यम जात | पुरुष | जसपा नेपाल |
| प्रदेश मामिला | रत्नेश्वर गोइत यादव | मधेशी मध्यम जात | पुरुष | नेकपा (एकीकृत समाजवादी) |
| महिला, बालबालिका तथा सामाजिक न्याय | रूपा कुमारी यादव | मधेशी मध्यम जात | महिला | लोसपा |
| प्राकृतिक स्रोत तथा वातावरण | शारदा दास (पहाडी) | दलित | महिला | नेकपा (माओवादी केन्द्र) |
| कृषि तथा भूमि व्यवस्थापन | संजय कुमार महतो | मधेशी मध्यम जात | पुरुष | नेपाली काँग्रेस |
| अर्थ तथा योजना | अनिता कुमारी शाह | मधेशी मध्यम जात | महिला | जनमत पार्टी |

| निर्वाचन चक्र २०७४ देखि २०७९ को अवधिमा विषयगत समितिका सभापति | | | | |
|---|---|---|---|---|
| **समिति** | **सभापति** | **जाति** | **लिङ्ग** | **दल** |
| सार्वजनिक लेखा | नरेश कुमार यादव | मधेशी मध्यम जात | पुरुष | नेपाली काँग्रेस |
| विकास | शेख अबुल कलाम आजाद | मुस्लिम | पुरुष | समाजवादी पार्टी |
| प्रदेश मामिला | अशोककुमार यादव | मधेशी मध्यम जात | पुरुष | समाजवादी पार्टी |
| महिला, बालबालिका तथा सामाजिक न्याय | जयनुल राइन | मुस्लिम | पुरुष | राजपा नेपाल |
| प्राकृतिक स्रोत तथा वातावरण | रामचन्द्र मण्डल/जगत प्रसाद यादव | मधेशी मध्यम जात | पुरुष | नेकपा (नेकपा)*/नेकपा (माओवादी केन्द्र) |
| कृषि तथा भूमि व्यवस्थापन | वीरेन्द्रप्रसाद सिंह/ मदनसेन श्रीवास्तव | मधेशी उच्च जात | पुरुष | नेपाली काँग्रेस/नेकपा (एकीकृत समाजवादी) |
| अर्थ तथा योजना | मनिषकुमार सुमन | मधेशी मध्यम जात | पुरुष | राजपा नेपाल |

*स्रोत : मधेश प्रदेशको प्रदेशसभा सचिवालय ।*

** नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच जेठ ३, २०७५ मा एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) [नेकपा (नेकपा)] को गठन भयो । प्रदेशसभाको विषयगत समितिमा सोही दलबाट प्रतिनिधित्व गर्दै सभापति भएकालाई नेकपा (नेकपा) दलमा राखिएको हो । पछि उक्त दल विभाजन भई पूर्ववत् नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) भइसकेका छन् ।*

जेठ २६, २०७८ मा नेपाली काँग्रेस, साउन २, २०७८ मा नेकपा (माओवादी केन्द्र) र माघ ६, २०७८ मा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)] तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारमा सामेल भएपछि माघ २५, २०७८ मधेश प्रदेशसभाका सबै विषयगत समितिले सभापति पाए । सत्तारुढ नेपाली काँग्रेसबाट नरेशकुमार यादव सार्वजनिक लेखा समितिको सभापतिमा चयन भए । तत्कालीन मधेश प्रदेशका प्रमुख प्रतिपक्षी लोसपा र विपक्षी नेकपा (एमाले) ले संयुक्त रूपमा लोसपाबाट उक्त पदका लागि प्रह्लाद गिरी गोस्वामीले पनि मनोनयन दर्ता गराए। संसदीय अभ्यासमा सार्वजनिक लेखा समितिको सभापति प्रतिपक्षी दललाई दिने प्रचलन छ । लोसपा – नेकपा (एमाले) को गठबन्धनका उम्मेदवार सभापति पदमा नजितेपछि सत्तारुढ दलले लोकतान्त्रिक अभ्यासको उपहास गरेको आरोप प्रतिपक्षी दलका नेताले लगाए । प्रदेश सरकारको नेतृत्व गरेको क्षेत्रीय दल जसपा नेपालले समितिको नेतृत्व चयनमा समावेशी प्रतिनिधित्वलाई ध्यान त दिएन नै, सार्वजनिक लेखा समितिको सभापति प्रतिपक्ष दललाई दिने परम्परा पनि कायम गर्न सकेन ।

प्रदेशसभाको पहिलो कार्यकालमा गठन भएका सात विषयगत समितिमा एक जना पनि महिला सभापति थिएनन् । दोस्रो प्रदेशसभाको कार्यकालमा सातमध्ये चार समितिका सभापति महिला छन् । ती जनमत पार्टी, लोसपा, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बाट हुन् । तीमध्ये दुई जना मधेशी मध्यम जातीय समूहका हुन् भने एक जना दलित र एक जना पहाडी जनजाति हुन् ।

समितिका सभापतिमा मधेशी मध्यम जातीय समूहकै वर्चश्व छ । सातमध्ये पाँच समितिका सभापति सोही समूहबाट छन् । यो विगतकै निरन्तरता हो । पहिलो कार्यकालमा दुई समितिका सभापति मुस्लिम समुदायका थिए भने बाँकी सबैमा मधेशी उच्च जातीय र मधेशी मध्यम जातीय समूहका सभापति थिए । दलित र जनजातिको प्रतिनिधित्व विषयगत समितिको सभापतिमा थिएन (हेर्नुहोस् तालिका ३) । एउटै जातीय समूहबाट अधिक सभापति चयन हुनु समावेशी लोकतन्त्रका लागि दीर्घकालीन चुनौती पनि हो । राजनीतिक दलले समाजको विविधतालाई सम्मान गर्दै समावेशितालाई प्राथमिकतामा राख्न जरुरी छ । अर्कोतिर, मधेश प्रदेशसभाका सात विषयगत समितिमध्ये तीन समिति मात्र क्षेत्रीय दलले नेतृत्व गर्न पाएका छन् । बाँकी चार समितिमा अन्य दल नेकपा (एमाले), नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) कै नेतृत्व छ ।

### ६.२.२. सुदूरपश्चिम प्रदेशसभाका विषयगत समितिको नेतृत्व छनोट र समावेशिता

सुदूरपश्चिम प्रदेशसभामा क्षेत्रीय दलको भूमिका र प्रभावको राम्रो उदाहरण नाउपाको प्रतिनिधित्वबाट देख्न सकिन्छ। कुल ५३ सदस्यीय प्रदेशसभामा सात सिटसहित चौथो ठूलो शक्ति बनेको नाउपा सत्ता गठबन्धनमा महत्त्वपूर्ण हिस्सेदार हो। नाउपाको सात सिटमध्ये पाँच जना पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएका हुन्। त्यसमा सबै थारु समुदायका पुरुष छन्। समानुपातिक निर्वाचन प्रणालीबाट खस-आर्य समुदायका दुई महिला छन्। त्यहाँका चार विषयगत समितिमध्ये एकको सभापति नाउपाले पाउनु प्रदेशसभाको शक्ति सन्तुलनमा त्यस दलले महत्त्वपूर्ण प्रभाव पार्छ भन्ने प्रमाण हो।

दोस्रो प्रदेशसभा गठन भएको झण्डै एक वर्षपछि सुदूरपश्चिम प्रदेशसभाका विषयगत समितिले नेतृत्व पाएका थिए। पुस २०८० मा तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सत्ता गठबन्धनले चारओटा विषयगत समितिमा नेतृत्वको भागबन्डा तय गरेको थियो।[८०] त्यसमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको सभापतिमा नाउपाका घनश्याम चौधरी चयन भएका थिए।

पटक-पटक सत्ता गठबन्धनको फेरबदल र त्यसभित्रको शक्ति सन्तुलनमा भएको परिवर्तनका कारण विषयगत समितिका सभापति सरकारमा मन्त्री बने। सङ्घमा बदलिइरहने राजनीतिक सत्ता गठबन्धनको असर प्रदेशमा पनि देखिनाले माघ २६, २०८० मा सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका नेपाली काँग्रेसका कमलबहादुर शाह आफ्नो सरकार जोगाउने दबाबमा थिए। उनको सरकार जोगाउन नाउपाको मत निर्णायक थियो। तर, नाउपाका अध्यक्ष रन्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरीबीच शक्ति सङ्घर्ष चलिरहेको थियो। मुख्यमन्त्री कमल शाहले नाउपाका सात प्रदेशसभा सदस्यमध्ये रेशम चौधरी पक्ष पाँच जनालाई मन्त्री बनाए। त्यसैक्रममा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको सभापति रहेका नाउपाका घनश्याम चौधरीलाई पनि मन्त्री बनाइयो। सङ्घकै सत्ता समीकरण अदलबदलकै असर सुदूरपश्चिम प्रदेश सरकारमा पनि फेरबदल भयो र त्यस क्रममा विषयगत समितिका सभापतिहरू मन्त्री बने। यसले गर्दा प्रदेशका तीन विषयगत समिति नेतृत्वविहीन छन्। समितिका बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने गरेको छ। ज्येष्ठताको आधारमा सबै समितिको नेतृत्व नेपाली काँग्रेसका पुरुष सदस्यले गरिरहेका छन्। हाल सुदूरपश्चिम प्रदेशमा नेपाली काँग्रेस, नेकपा

[८०] भट्ट, तेजराज। २०८०। सुदूरपश्चिम प्रदेश सभा विषयगत समितिका सभापति निर्विरोध। *नयाँपत्रिका*, पुस २५। https://www.nayapatrikadaily.com/news-details/132246/2024-01-10 मा उपलब्ध; पुस ४, २०८१ मा हेरिएको।

(एमाले) र नाउपाको गठबन्धन सरकार छ । प्रदेशसभामा रिक्त तीन विषयगत समितिका सभापति पदमध्ये एउटा समितिको सभापति पदको दाबी नाउपाले गरेको छ ।

## ६.३. *प्रदेश मन्त्रिपरिषद्मा समावेशिता*

क्षेत्रीय दलले प्रदेश सरकार नेतृत्व गरेको मधेश प्रदेशमा मात्रै हो भने सरकारमा अन्य दल पनि सामेल भएका छन् । तसर्थ, समावेशितालाई कार्यान्वयन गर्ने सन्दर्भमा ती दलको भूमिकालाई पनि उत्तिकै जिम्मेवारी ठानिनु उचित हुन्छ । मधेश प्रदेशसभा स्थापनादेखि हाल (पुस २०८१) सम्म जसपा नेपाल र जनमत पार्टीले प्रदेश सरकारको नेतृत्व गरेका छन् । यस अवधिमा २६ पटकसम्म सरकार गठन तथा पुनर्गठन भएको छ । पटकपटक परिवर्तित ती सरकारमा सामेल हुने दलको सङ्ख्या नामका हिसाबले १२ पुगेको छ ।[८१] तिनले संविधानले अङ्गिकार गरेको समानुपातिक समावेशितालाई कसरी अभ्यास गरे भन्ने केलाउनुअघि मधेश प्रदेशको सामाजिक तथा जातीय संरचनाको झलक दिनु सान्दर्भिक हुन्छ ।

### ६.३.१. मधेश प्रदेशको सामाजिक तथा जातीय संरचना

मधेश प्रदेशका प्रमुख समुदायमा मधेशी, थारू, जनजाति, दलित, मुस्लिम, र पहाडी आप्रवासीहरू पर्छन् । यी समुदायका विविध उपजातीय समूह छन् । मधेशी आयोगले चैत २०७८ मा सार्वजनिक गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदनअनुसार त्यहाँ १५२ जात/जातिहरू छन् ।[८२] यस्तै, विभिन्न अध्ययन र हरेक दशकमा हुने जनगणनाबाट थपिँदै गएका जात/जातिलाई राजनीतिक तथा प्राज्ञिक प्रयोजनका लागि बुझ्न बृहत्तर विभिन्न समूहमा वर्गीकरण गर्ने गरिएको छ । त्यसरी हेर्दा पहाडमा मूलतः खस-आर्य, जनजाति र दलित गरी तीन समूहमा वर्गीकरण गरेजस्तै मधेशमा त्यस्ता जातजातिलाई पाँच जातीय समूहमा वर्गीकरण गरिएको पाइन्छ ।[८३] यो वर्गीकरणसँग मिल्दो राय मधेश

---

[८१] ती १२ दलहरू ससफो, जसपा नेपाल, राजपा नेपाल, समाजवादी पार्टी नेपाल, नेपाल सङ्घीय समाजवादी पार्टी, नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले), नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, लोसपा, नाउपा हुन् ।

[८२] गुप्ता, दीपक कुमार । २०७८ । *नेपालमा मधेशी समुदायको थर सूचिकरण अध्ययन प्रतिवेदन २०७८* । ललितपुर : मधेशी आयोग ।

[८३] श्रीगोविन्द शाहले ब्राह्मण/क्षेत्रीय/कायस्थ; वैश्य, यादव र अन्य; दलित; आदिवासी जनजाति र मुस्लिम गरी पाँच समूहमा वर्गीकरण गरेका छन् (हेर्नुहोस, Shah, Shree Govind. Date not mentioned. Social Inclusion of Madheshi Community in National Building. Presented in Civil Society Forum Workshop for Research Program on Social Inclusion and National Building in Nepal, Day 2, Session 1.) ।

अध्येता तथा अभियन्ता तुलानारायण साहको पनि थियो । उनले बरु यसमा एउटा जातीय समूह 'पहाडी' पनि थपिनुपर्ने सुझाएका थिए । त्यसबारे प्रस्ट्याउँदै उनले भने, "जसरी हामी मधेशीलाई पहाडकाले बुझ्दा उच्च, मध्यम, दलित, जनजाति जो भए पनि मधेशी नै भनेर बुझिन्छ, हामी पनि पहाडको खस-आर्य, जनजाति, दलित जो भए पनि पहाडी भनेर बुझ्छौँ। त्यसैले मधेशको सामाजिक तथा जातीय संरचना हेर्दा पहाडी एक जातीय समूह थपिनु पर्छ । किनभने उनीहरूको पनि जनसङ्ख्या छ, मधेशमा ।"[८४]

यी सबै खालका वर्गीकरणमा शाब्दिक भिन्नता देखिए पनि तात्विक भिन्नता छैन । यस अध्ययन प्रयोजनका लागि मधेशी उच्च जात, मधेशी मध्यम जात, मधेशी दलित, मधेशी जनजाति, मुस्लिम, पहाडी दलित, पहाडी जनजाति, र पहाडी खस-आर्यको जातीय समूह बनाइएको छ । यी समूहभित्र उपसमूह पनि थुप्रै छन् । कतिपय त्यस्ता नयाँ-नयाँ समूहहरू पनि समयक्रममा निर्मित भइरहेका छन् । डिक्का मध्यम जातीय समूहमा पर्ने नयाँ निर्मितमध्ये एक जातीय समूह हो ।[८५] मध्यम जातीय समूहको जनसङ्ख्या मधेश प्रदेशमा धेरै छ । यसभित्रको एक समूह यादवको मात्र मधेश प्रदेशको कुल जनसङ्ख्या (६१,१४,६००) को १५.२ प्रतिशत छ ।[८६] प्रदेशमा एकल जातको सबैभन्दा ठूलो समूहको प्रतिनिधित्व यादवले गर्छ । लामा र गुरुङ सम्पादित पुस्तकले यो मधेशी मध्यम जातीय समूहमा यादव, साह, लगायत ३५ जात समेटिएका छन्, जसको कुल जनसङ्ख्या ५१.८० प्रतिशत छ ।[८७] यसपछिको ठूलो जनसङ्ख्या भएको जातीय समूह दलित हो । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसङ्ख्याको १६.५ प्रतिशत जनसङ्ख्या दलित समुदायको छ ।

---

उक्त वर्गीकरण मधेशको जातीय स्वरूपसँग मेल खाने कुरा स्वीकार्दै वैश्य र क्षेत्रीयमा एकरूपता नहुने हुँदा त्यसलाई बुझ्न फरक तरिकाले वर्गीकरण गर्नुपर्ने तर्क दिपक चौधरीले गरेका छन् । उनको वर्गीकरणमा छ जात, छत्तीस जात र अन्य, दलित हिन्दू, जनजाति र मुसलमान गरी पाँचै समूह छन् (हेर्नुहोस्, चौधरी, दिपक । २०६५ । *नेपालको मधेशी समाज* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।) । त्यस्तै मुक्त सिंह लामा र ओम गुरुङ सम्पादित पुस्तकमा उच्च मधेशी जात, मधेशी अन्य जात, तराई जनजाति, मधेशी दलित, मुसलमान र अन्य गरी पाँच समूहमा वर्गीकरण गरिएको छ (हेर्नुहोस्, Lama, Mukta S., Om Gurung, eds. 2014. *Social Inclusion Atlas of Nepal Ethnic and Caste Groups*. Kathmandu: Central Department of Sociology/Anthropology.) ।

[८४] साहसँग मंसिर २३, २०८१ मा गरिएको कुराकानी ।

[८५] मिश्र, विनय कुमार, मोहम्मद अयुव, कृष्ण कुमार साह र तुलानारायण साह । २०७९ । *मधेश प्रदेशको अवस्था विश्लेषण (वैशाख २०७९)* । ललितपुर : नेपाल मधेश फाउण्डेशन (नेमाफ) ।

[८६] केन्द्रीय तथ्याङ्क कार्यालय । २०७८ । *राष्ट्रिय जनगणना २०७८ : प्रमुख दश जातजातिअनुसार जनसङ्ख्या* । काठमाडौँ : केन्द्रीय तथ्याङ्क कार्यालय । https://censusnepal.cbs.gov.np/results/np/cast-ethnicity?province=2 मा उपलब्ध, मंसिर २१, २०८१ मा हेरिएको।

[८७] Lama, Mukta S., Om Gurung, eds. 2014. *Social Inclusion Atlas of Nepal Ethnic and Caste Groups*. Kathmandu: Central Department of Sociology/Anthropology.

राष्ट्रिय दलित आयोगले तयार पारेको दलित जातीय अनुसूची विवरणअनुसार मधेश मूलका १९ जात सूचीकृत छन् ।[८८]

कुनै प्रदेशमा एक जातीय समूहको धेरै जनसङ्ख्या हुनु राजनीतिक शक्ति, सांस्कृतिक पहिचानको संरक्षण, र नीति निर्माणमा अवसरहरू सिर्जना गर्ने आधार हो । यस्तो समूहले आफ्नो आवश्यकतालाई प्राथमिकता दिन राजनीतिक प्रतिनिधित्व र अधिकारका लागि प्रभावकारी भूमिका खेल्न सक्छ । तर, मधेश प्रदेशमा दलितहरू मधेशी उच्च भनिने जातिबाट ऐतिहासिक रूपमा अपहेलित र पछाडि पारिएका छन् । मधेशको राजनीतिमा जातीय र वर्गीय विभेदको पक्षमा राजनीति गर्नेहरूले दलितलाई मात्रै विश्वासमा लिन सकेको खण्डमा यो एउटा भरपर्दो क्लस्टर बन्न सक्छ ।[८९] मधेश प्रदेशमा मुस्लिमहरूको जनसङ्ख्या तेस्रो (१३ प्रतिशत) स्थानमा छ । यद्यपि, मधेश प्रदेशमा मधेशी उच्च जात र मधेशी मध्यम जातबीच राजनीतिक प्रतिस्पर्धा हुने गरेको उत्तरदाताले बताए । तराई मूलका बाहुन विशेषतः झा, मिश्र, पण्डित, त्रिपाठी, ठाकुर, भट्ट, तिवारी, पाठक, आदि थरका व्यक्तिलाई मधेशी समुदायको उच्च जात मानिन्छ । कायस्थ, राजपूत, र भूमिहारलाई पनि मधेशी उच्च जातको समूहमा गनिन्छ । धानुक, धिमाल, खवास, मुन्डा, थारू लगायत जातिहरू तराईका जनजाति हुन् । मधेश प्रदेशमा तराईका जनजातिको सङ्ख्या चौथो स्थानमा आउँछ । तराई जनजातिमा सबैभन्दा बढी (४.९ प्रतिशत) थारू समुदायको छ । त्यसैगरी, मधेश प्रदेशमा कुल जनसङ्ख्याको ४९.८६ प्रतिशत महिला र ५०.१४ प्रतिशत पुरुष छन् ।[९०]

### ६.३.२. मधेश प्रदेश मन्त्रिपरिषद्मा समावेशिता

मंसिर २०७४ मा प्रदेशसभा निर्वाचनपश्चात् फागुन ३, २०७४ मा मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सात सदस्यीय मन्त्रिपरिषद् गठन भई कार्यप्रारम्भ भयो । प्रदेश सरकार प्रमुखको जिम्मेवारी बहन गर्ने भूमिका तत्कालीन सङ्घीय समाजवादी पार्टीले पाएअनुसार उक्त दलबाट लालबाबु राउत मुख्यमन्त्री नियुक्त भए । त्यसयता (पुस २०८१ सम्म) अरू थप दुई जना जसपा नेपालका सरोजकुमार यादव र जनमत पार्टीका सतिशकुमार सिंह मधेश प्रदेश सरकारका मुख्यमन्त्री बनिसकेका छन् । सात वर्षमा प्रदेश सरकार २६ पटकसम्म

[८८] राष्ट्रिय दलित आयोग । मिति उल्लेख नभएको । *दलित जातीय अनुसूची विवरण* । https://ndc.gov.np/storage/listies/June2022/Anusuchi_News_2074.pdf मा उपलब्ध, मंसिर २१, २०८१ मा हेरिएको।

[८९] पासवानसँग भदौ २५, २०८१ मा गरिएको कुराकानी ।

[९०] राष्ट्रिय तथ्याङ्क कार्यालय । २०७८ । *राष्ट्रिय जनगणना २०७८ : मुख्य नतिजा - मधेश प्रदेश* । काठमाडौं : राष्ट्रिय तथ्याङ्क कार्यालय । https://censusnepal.cbs.gov.np/results/files/result-folder/province/Madhesh_Nepali_summary.pdf मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

गठन र पुनर्गठनको प्रक्रियाबाट गुज्रिसकेको छ। त्यस अवधिमा ७३ जना मन्त्रिमण्डल सदस्य बने।

नेपालको संविधानको धारा १६८ को उपधारा (९) मा प्रदेशसभा सदस्यहरू मध्येबाट समावेशी सिद्धान्तका आधारमा मुख्यमन्त्रीले प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ। तर, सत्ताको नेतृत्व गरेका क्षेत्रीय दलले समानुपातिक समावेशितालाई आत्मसात् गरेको पाइँदैन। स्थापनादेखि हालसम्म मधेश प्रदेश सरकारमा मधेशी मध्यम जातको वर्चश्व देखिएको छ। परम्परागत रूपमा मधेशमा रहेका पहाडी समुदाय र मधेशका उच्च जातहरूले सत्ता र राज्यको स्रोतमाथि वर्चश्व स्थापित गरेका थिए।[९१] तर, प्रदेश सरकारमा मधेशी मध्यम जातको वर्चश्व देखिनुले अब त्यहाँको राजनीतिमा परम्परागत जातीय वर्चश्व कमजोर हुँदै गएको देखाउँछ। यद्यपि, एक जातीय वर्चश्व विस्थापित भएर अर्को जातीय वर्चश्व स्थापित हुनु सङ्घीयताको मर्म होइन। सङ्घीयताले सबै समूह/समुदायलाई खासगरी सीमान्तमा परेका समूहलाई जनसङ्ख्याको अनुपातमा समेट्नुपर्ने थियो। तर, त्यसो हुन सकेको देखिएन।

मधेश प्रदेशको पहिलो मुख्यमन्त्री मोहम्मद लालबाबु राउत मुस्लिम समुदायका थिए। उनको कार्यकालभरि आठ पटक सरकार गठन/पुनर्गठन हुँदा २१ जना मन्त्रिमण्डल सदस्य बने। तर, मधेश प्रदेशमा कुल जनसङ्ख्याको १३ प्रतिशत हिस्सा ओगट्ने मुस्लिम समुदाय र त्यसको प्रतिनिधित्व गर्ने १०.२ प्रतिशत प्रदेशसभा सदस्यका राउत एक्ला प्रतिनिधि थिए। राउत नेतृत्वको मन्त्रिमण्डलमा एक जना पनि दलित अटाएनन् भने मधेशी जनजाति र पहाडी खस-आर्यको प्रतिनिधित्व गर्ने एकएक जना मात्र थिए। राउतको पालामा सबैभन्दा धेरै मन्त्रिमण्डल सदस्य हुनेमा मधेशी मध्यम जात र त्यसपछि मधेशी उच्च जातका थिए। राउत कार्यकालमा मन्त्रिमण्डल सदस्य बन्नेको कुल सदस्य सङ्ख्यालाई शतप्रतिशत मानी हिसाब गर्दा त्यसको एक चौथाइभन्दा बढी (२९ प्रतिशत) मधेशी उच्च जात र ६२ प्रतिशत मधेशी मध्यम जातका थिए। मधेशी मध्यम जातमा पनि यादव समूहबाट मात्रै ३८.१ प्रतिशत (८ जना) मन्त्रिमण्डल सदस्य लालबाबु राउत नेतृत्वको सरकारमा परेका थिए जुन प्रदेशभित्र यादवहरूको जनसङ्ख्या प्रतिशत (१५.२ प्रतिशत) को तुलनामा दोब्बरभन्दा बढी हो (हेर्नुहोस् तालिका ४)।

मन्त्रिमण्डल विस्तारको यो असमावेशी चित्रले लालबाबु राउत नेतृत्वको सरकारले चौतर्फी विरोधको सामना गर्नु पर्‍यो। मधेश प्रदेश प्रमुखको कार्यालयले जेठ २८, २०७८ मा मुख्यमन्त्रीको कार्यालयलाई सरकार समावेशी बनाउन चार पेज लामो पत्रसमेत लेखेको थियो।

---

[९१] मिश्र, विनयकुमार, मोहम्मद अयुब, कृष्णकुमार साह र तुलानारायण साह। २०७९। *मधेश प्रदेशको अवस्था विश्लेषण (वैशाख २०७९)*। ललितपुर : नेपाल मधेश फाउण्डेशन (नेमाफ)।

**तालिका ४ : मधेश प्रदेश सरकार गठन/पुनर्गठनमा जातीय प्रतिनिधित्व**

| मुख्यमन्त्री, दल | कार्यावधिभर | | जातजाति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरकार गठन/ पुनर्गठन पटक | मन्त्रिमण्डल सदस्य बन्नेहरू | मधेशी उच्च जात | मधेशी मध्यम जात | मधेशी दलित | मधेशी जनजाति | मुस्लिम | पहाडी दलित | पहाडी जनजाति | पहाडी खस-आर्य |
| लालबाबु राउत, ससफो/ समाजवादी पार्टी | ८ | २१ | ६ (२९%) | १३ (६२%) | ० (०%) | १ (५%) | १ (५%) | ० (०%) | ० (०%) | ० (०%) |
| सरोजकुमार यादव, जसपा नेपाल | १२ | २६ | २ (८%) | १५ (५८%) | ० (०%) | १ (४%) | ४ (१५%) | ० (०%) | १ (४%) | ३ (१२%) |
| सतिशकुमार सिंह, जनमत पार्टी | ६ | २६ | ४ (१५%) | ११ (४२%) | २ (८%) | १ (४%) | ३ (१२%) | ० (०%) | १ (४%) | ४ (१५%) |
| **जम्मा** | **२६** | **७३** | **१२ (१५%)** | **३९ (५३%)** | **२ (३%)** | **३ (४%)** | **८ (११%)** | **० (०%)** | **२ (३%)** | **७ (११%)** |

*स्रोत : प्रदेश प्रमुखको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश ।*

उक्त पत्रले उठाएको कुरा स्वाभाविक भएको र त्यस्ता संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तह सबै तत्पर हुन पर्ने जिकिर मुख्यमन्त्री लालबाबु राउतको थियो। उनले थप प्रश्न गर्दै भने, "यो संवैधानिक प्रावधान माथिदेखि तलसम्म सबै ठाउँमा लागु हुनुपर्दैन ? के सङ्घ मन्त्रिमण्डल संवैधानिक प्रावधानअनुसार नै छ ? ओलीजी, दाहालजी, देउवाजीका लागि अर्को कानून त होइन होला नि ?"[९२]

दोस्रो प्रदेशसभा शुरु भएयता मधेश प्रदेशमा फेरिएका दुई मुख्यमन्त्रीको कार्यकालमा पनि मन्त्रिमण्डल समावेशी चरित्रको बनेन। भलै त्यसमा कुनै जातीय समूहको प्रतिनिधित्व घटेर अरू जातीय समूहको प्रतिनिधित्व बढेको छ। जसपा नेपालका सरोजकुमार यादवले झण्डै एक वर्ष पाँच महिना मधेश प्रदेश सरकारको नेतृत्व गरे। यसअवधिमा हालसम्मको सबैभन्दा धेरै (१२) पटकसम्म सरकार गठन/पुनर्गठन गरियो र २६ जना मन्त्रिमण्डल सदस्य बने। तर, दलितको उपस्थिति शून्य नै रह्यो। यादव नेतृत्वको सरकारमा मधेशी उच्च र मध्यम जातको मन्त्रिमण्डल सदस्यको प्रतिनिधित्व राउत नेतृत्वको मन्त्रिमण्डलको तुलनामा केही घटेको थियो। मधेशी उच्च जातको हिस्सा २४ प्रतिशतबाट घटेर ८ प्रतिशतमा पुगेको थियो भने मधेशी मध्यम जातको प्रतिनिधित्व ६२ प्रतिशतबाट घटेर ५८ प्रतिशत पुगेको थियो। यसको लाभ पहाडी खस-आर्य, पहाडी जनजाति र मुस्लिमले प्राप्त गरेका थिए। राउत सरकारमा ५ प्रतिशत मन्त्रिमण्डल सदस्य रहेको मुस्लिम यादव नेतृत्वको सरकारमा १५ प्रतिशतमा पुग्यो। त्यसैगरी पहाडी जनजातिको सहभागिता शून्यबाट ४ प्रतिशतमा पुग्यो। पहाडी खस-आर्यको ५ प्रतिशत सदस्यबाट १२ प्रतिशतमा वृद्धि भयो। मधेशी मध्यम र उच्च जातको प्रतिनिधित्व केही घटेर पहाडी समुदायको प्रतिनिधित्व बढ्नु मधेश प्रदेशको सन्दर्भमा फेरि पनि परम्परागत वर्चश्वशाली जातीय समूहको सत्ता र स्रोतमा पहुँच निरन्तर हुनु हो। तथापि, जनमत पार्टीका सतिशकुमार सिंह नेतृत्वमा गठित मन्त्रिमण्डलमा केही फरक प्रवृत्ति देखिन्छ। तर, त्यो पनि समानुपातिक समावेशिताको दृष्टिकोणबाट अझै प्रश्नको घेरामै छ। मधेश प्रदेशमा सबैभन्दा कम जनसङ्ख्या भएको जातीय समूह पहाडी खस-आर्य र मधेशी उच्च जातीय समूह हो। तिनको मन्त्रिपरिषद्मा १५/१५ प्रतिशत हिस्सा छ जबकि प्रदेशको कुल जनसङ्ख्याको १७ प्रतिशत हिस्सा भएको दलितको प्रतिनिधित्व ८ प्रतिशतमा मात्र सीमित छ (हेर्नुहोस् तालिका ४)। अघिल्ला मन्त्रिपरिषद्मा दलित प्रतिनिधित्वको प्रतिशत शून्य थियो। राउतदेखि यादव हुँदै सिंह नेतृत्वको सरकारसम्म पुग्दा मधेश प्रदेशको मन्त्रिमण्डलमा मधेशी मध्यम जातिको, त्यसमा पनि यादवको वर्चश्व कायमै छ। यद्यपि, त्यो क्रमशः घट्दो क्रममा पनि छ। तर, बढ्दो अवस्था भने पहाडी खस-आर्यको छ (हेर्नुहोस् तालिका ४)। खस-आर्यको प्रतिनिधित्व गर्ने

[९२] राउतसँग भदौ २०, २०८१ मा गरिएको कुराकानी।

मन्त्रिमण्डलका सदस्य नेकपा (एमाले), नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) बाट मात्र थिए।

मधेश प्रदेशसभामा महिलाको प्रतिनिधित्व ३६ प्रतिशतमा सीमित छ । राजनीतिक दलहरूले सरकार गठनमा महिला प्रतिनिधित्वलाई वेवास्ता गरेका छन् । दुई क्षेत्रीय दलले नेतृत्व गरेका तीन ओटा सरकारमा ७३ जना मन्त्रिमण्डल सदस्यमध्ये १५ जना मात्र महिला छन्, जुन कुल प्रतिनिधित्वको २१ प्रतिशत मात्र हो । यसलाई मुख्यमन्त्रीअनुसार टुक्र्याएर हेर्ने हो भने अवस्था अझ दारुण देखिन्छ । सबैभन्दा कम १४ प्रतिशत (३ जना) मात्र महिला लालबाबु राउत नेतृत्वको कार्यकालमा थिए । ती तीनै जना राज्यमन्त्री थिए । तीमध्ये एकजना तत्कालीन सङ्घीय समाजवादी फोरम (ससफो), एक जना तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा नेपाल) र अर्को एक जना नेकपा (माओवादी केन्द्र) बाट थिए । सरकारको नेतृत्व गरेको ससफो/जसपा नेपालले क्याविनेट स्तरमा महिला र दलितको प्रतिनिधित्व गराएन । यस्ता विषयमा दलका शीर्ष नेतृत्वले ध्यान दिनुपर्ने बताउँदै जसपा नेपालकी एक महिला प्रदेशसभा सदस्यले भनिन्, “हाम्रो पार्टीको अध्यक्षले मुख्यमन्त्रीको स्वकीय सचिवसमेत आफ्नो निर्देशनमा बनाउनु भयो । तर, पूरा पाँच वर्षे कार्यकालभरि हाम्रो पार्टीले नेतृत्व गरेको मन्त्रिमण्डलमा एक जना पनि महिला र दलित क्याविनेट मन्त्री बनाउन उहाँले किन मुख्यमन्त्रीलाई निर्देशन दिनुभएन ? यसले हाम्रो पार्टीले जतिसुकै समानुपातिक समावेशिताको चर्को नारा लगाए पनि त्यसको कार्यान्वयन नभएको देखाउँछ ।”[९३] जसपा नेपालले प्रदेशसभाको दोस्रो कार्यकालकै शुरुआतमा मधेश प्रदेश सरकारको नेतृत्व गरेको थियो । सरोजकुमार यादव मुख्यमन्त्री भएका थिए । उक्त अवधिमा चार महिला मात्र मन्त्रिमण्डल सदस्य बने जुन यादव नेतृत्वका कुल मन्त्रिमण्डल सदस्यको १५ प्रतिशत मात्र हो । तीमध्ये जसपा नेपाल, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) बाट एकएक जना मन्त्री र नेकपा (एमाले) बाट एक जना राज्यमन्त्री बनेका थिए ।

सतिशकुमार सिंह नेतृत्वको सरकारमा पुस २०८१ सम्म चार मन्त्री र चार राज्यमन्त्री गरी आठ महिलाले अवसर पाए । यो सङ्ख्या सिंह नेतृत्वको मन्त्रिमण्डल सदस्यको ३१ प्रतिशत हो (हेर्नुहोस् तालिका ५) । चार मन्त्रीमा लोसपा, नेकपा (एकीकृत समाजवादी), नेपाल सङ्घीय समाजवादी पार्टी, र नाउपाबाट एकएक जना थिए । मधेश प्रदेशसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ एकएक सिट मात्र जितेका नाउपा र नेपाल सङ्घीय समाजवादी पार्टीले ती सिटमा महिला नै चुनेका थिए र तिनले मन्त्री हुने अवसर पनि पाए । यसरी हेर्दा, महिला प्रतिनिधित्व बढ्दो देखिए पनि नाम मात्रको प्रतिनिधित्वमा सीमित छ । समावेशिता र महिला

[९३] ती प्रदेशसभा सदस्यसँग मंसिर १५, २०८१ मा गरिएको कुराकानी ।

**तालिका ५ : मधेश प्रदेश सरकार गठन/पुनर्गठनमा लैङ्गिक प्रतिनिधित्व[९४]**

| मुख्यमन्त्री, दल | कार्यावधिभर | | | | मन्त्री | | राज्यमन्त्री | |
|---|---|---|---|---|---|---|---|---|
| | सरकार गठन/ पुनर्गठन पटक | जम्मा पदासिन | महिला (%) | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| लालबाबु राउत, ससफो/ समाजवादी पार्टी | ८ | २१ | ३ (१४%) | १८ (८६%) | ० (० %) | १२ (६७%) | ३ (१००%) | ५ (२८%) |
| सरोजकुमार यादव, जसपा नेपाल | १२ | २६ | ४ (१५%) | २२ (८५%) | ३ (७५%) | १६ (७३%) | १ (२५%) | ४ (१८%) |
| सतिशकुमार सिंह, जनमत पार्टी | ६ | २६ | ८ (३१%) | १८ (६९%) | ४ (५०%) | १३ (७२%) | ४ (५०%) | ४ (२२%) |
| **जम्मा** | **२६** | **७३** | **१५ (२१%)** | **५८ (७९%)** | **७ (४७%)** | **४१ (७१%)** | **८ (५३%)** | **१३ (२२%)** |

*स्रोत : प्रदेश प्रमुखको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश ।*

---

[९४] कार्यावधिभरको महिला तथा पुरुष प्रतिशत सम्बन्धित मुख्यमन्त्रीको जम्मा पदासिन सङ्ख्यालाई शतप्रतिशत मानी गरिएको हिसाब हो । त्यस्तै, मन्त्री तथा राज्यमन्त्री प्रतिशत कार्यावधिभर पदमा बसेका महिलाको सङ्ख्या र पुरुषको पनि सोहीअनुसार शतप्रतिशत मानेर हिसाब गरिएको हो ।

सहभागिताको मुद्दालाई उठाउँदै आएका दल नै यसबारे उदासिन देखिएको आरोप पनि छ। लोसपाको केन्द्रीय सदस्य निजामुदीन समानीले भने, "आन्दोलनमा साथ सहयोग चाहिने भएकोले सबै समुदाय र लिङ्गलाई समेट्न पार्टी नेतृत्वले आफै मेहनत गरेर पार्टीको संरचनामा ल्याउन उत्प्रेरित गर्थे। तर, अहिले दल आफ्नो मुद्दामा कमजोर हुँदै जाँदा नेतृत्वले आफ्ना नजिकका व्यक्तिलाई मात्र अवसर दिन थालेको छ। दल आफै असमावेशी भएपछि राज्यका पदमा दलले समावेशिता मिलाउने सम्भावना कम हुने नै भयो।"[९५]

मधेश प्रदेशसभामा महिला प्रतिनिधित्व संविधानले तोकेको न्यूनतम मापदण्डमा सीमित हुनु र सरकार गठनका क्रममा बेवास्ता गरिनु समावेशी सिद्धान्तविपरीत छ। महिला र दलित सहभागिता व्यवहारमा लागु गर्न राजनीतिक दलहरू इमान्दार देखिएका छैनन्। समानुपातिक समावेशिताकै लक्ष्य राखेर जन्मिएका क्षेत्रीय दलहरूले मन्त्रिपरिषद् जस्तो निर्णायक स्थानमा महिला, मुस्लिम, आदिवासी जनजाति, दलित लगायतको उपेक्षा गर्नु विसङ्गति हो।

[९५] समानीसँग भदौ २१, २०८१ मा गरिएको कुराकानी। पहिले लोसपामा रहेका समानी हाल राष्ट्रिय मुक्ति क्रान्तिमा आबद्ध छन्।

## ७. दलको आन्तरिक विवादको असर

क्षेत्रीय दल आन्तरिक विवादमा रूमलिँदा तिनले सरकारमा रही गरेका काममा पनि नकारात्मक असर परेका उदाहरण धेरै छन् । मधेशका क्षेत्रीय दलमा विभाजनको लामो शृङ्खला पाउन सकिन्छ । मुख्य मुद्दा मधेशी जनताको अधिकार र पहिचान स्थापना भए पनि दलभित्र नेतृत्व व्यवस्थापन र सत्ता स्वार्थले ती क्षेत्रीय दल विभाजित भएका हुन् । स्वार्थ र सत्ता केन्द्रित राजनीतिले गर्दा मधेशी दलका लागि मधेशका मुद्दा गौण बन्दै गएको आरोप लाग्ने गरेको छ (हेर्नुहोस्, *३.३ कार्यकर्ता र समर्थकको दृष्टिकोण*) ।[९६] परिणामस्वरूप मधेशी दलहरू निर्वाचनमा क्रमशः कमजोर सावित हुँदै गएका छन् । यसको पछिल्लो दृष्टान्त मधेश प्रदेशसभा निर्वाचन २०७९ हो । त्यस निर्वाचनमा मधेश प्रदेशसभामा नेकपा (एमाले) सबैभन्दा ठूलो दल बन्यो ।

वैशाख, २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारले राजनीतिक दलसम्बन्धी ऐन संशोधन गर्न अध्यादेश ल्यायो । तत्कालीन समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी नेपालमा रहेका असन्तुष्ट सांसदलाई अलग भएर नयाँ दल खोल्न सहज हुने गरी सो अध्यादेश ल्याइएको थियो ।[९७] सो अध्यादेश ल्याएसँगै मधेशका दुई राजनीतिक शक्ति राष्ट्रिय जनता पार्टी नेपाल (राजपा नेपाल) र समाजवादी पार्टी नेपाल मिलेर जसपा नेपाल गठन भयो । तर, जसपा नेपाल बनेको केही समयभित्र नै पूर्व राजपा नेपाल पक्ष र पूर्व समाजवादी पार्टीका मुख्य नेतृत्वबीच शक्ति सङ्घर्ष शुरू भयो । यो द्वन्द्वले लुम्बिनी प्रदेशसभाका जसपा नेपालका छ सदस्यमध्ये चार सदस्यलाई उपेन्द्र यादव पक्षद्वारा पदबाट बर्खास्त गरियो । त्यस्तै, तत्कालीन प्रधानमन्त्री ओलीले प्रतिनिधिसभामा वैशाख २७, २०७८ मा विश्वासको मत लिने निर्णयमा जसपा नेपालका सांसद विश्वासको प्रस्तावमा तटस्थ बस्ने निर्णय गर्‍यो । तर, उपेन्द्र यादव पक्षले नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) को गठबन्धनलाई समर्थन गर्ने निर्णय

---

[९६] यादव, एसके । २०८०। मधेश आन्दोलनको १७ वर्ष : सत्ता र सरकारको वरिपरि मधेशी दल । *रातोपाटी*, माघ ५ । https://www.ratopati.com/story/406891/madhesh-movement-in-nepal- मा उपलब्ध; पुस ३, २०८१ मा हेरिएको ।

[९७] बीबीसी न्यूज नेपाली । सन् २०२० । प्रधानमन्त्रीले पार्टी फुटाउने कानूनमा संशोधन चाहनुको अर्थ । अप्रिल २० । https://www.bbc.com/nepali/news-52356262 मा उपलब्ध; पुस ३, २०८१ मा हेरिएको ।

गर्दै प्रधानमन्त्री ओलीको विपक्षमा मतदान गऱ्यो। राजपा नेपाल पक्षका अधिकांश सदस्यले ओली नेतृत्वको पक्षमा मतदान गरे। जसपा नेपालभित्र विवाद चर्कंदै गएपछि दल विभाजन गरेर भदौ २०७८ मा महन्थ ठाकुरसहितले लोसपा गठन गरे। पछिल्लो पटक मधेशी दलमा फुटको प्रकरण वैशाख २०८१ मा भयो। अशोक राई लगायत जसपा नेपालबाट विभाजित भएर जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता गराए। यी निरन्तरका विभाजनले मधेश केन्द्रित दलहरूको सङ्गठनात्मक क्षमता कमजोर बनाएको छ र राजनीतिक प्रभाव खस्काएको छ। सङ्घीयताका हिमायती भन्ने मधेशी दल नै सत्ता केन्द्रित विवादमा रूमलिएर विभाजित हुँदा सङ्घीयता संस्थागत गर्ने कार्यमा पनि असर परेको देखिन्छ।

नाउपा पनि आन्तरिक विवादले ग्रस्त छ। नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) बीचको गठबन्धनमा नाउपाकी अध्यक्ष तथा सांसद रन्जिता श्रेष्ठ भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री बनिन्। यो सँगै, जेल जीवन बिताइरहेका रेशम चौधरी र रन्जिताबीच मतभेद शुरू भएको नाउपाका एक केन्द्रीय सदस्य बताउँछन्। जेठ १५, २०८० मा आममाफी पाएर जेलबाट छुटेपछि रेशम चौधरीले राजनीतिमा सक्रिय भूमिका खोजिरहेका थिए। पुस २७, २०८० मा टीकापुरमा सम्पन्न पहिलो महाधिवेशनबाट उनी अध्यक्षमा निर्वाचित भएपछि रेशम र रन्जिताबीच विवाद उत्कर्षमा पुग्यो। यद्यपि, निर्वाचन आयोगले रेशम चौधरी दलको सदस्य बन्नै अयोग्य भएको ठहर गरेपछि रन्जिता श्रेष्ठ नै संस्थापक अध्यक्ष भएको नाउपाको समितिले मान्यता पायो।

नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र नाउपा लगायतका दल मिलेर सुदूरपश्चिम प्रदेशमा नेपाली काँग्रेसका कमलबहादुर शाहको नेतृत्वमा प्रदेश सरकार बनेको थियो। तर, सङ्घमा नेकपा (माओवादी केन्द्र) र नेपाली काँग्रेसको गठबन्धन भत्केर नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) बीच गठबन्धन बनेपछि त्यसको प्रभाव सुदूरपश्चिम प्रदेशमा पनि पऱ्यो। नेकपा (माओवादी केन्द्र) ले मुख्यमन्त्री कमलबहादुर शाहको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि शाह सरकार अल्पमतमा पऱ्यो। त्यतिबेला सुदूरपश्चिम प्रदेशमा सरकार निर्माणमा नाउपा निर्णायक शक्ति बन्यो। प्रदेशसभामा कुल ५३ सिटमध्ये नेपाली काँग्रेसको १९ र नाउपाको सात सिट थियो। प्रदेशसभाका स्वतन्त्र सांसद डा. तारा जोशी र नाउपाका सात सदस्यले नेपाली काँग्रेसका मुख्यमन्त्री शाहलाई विश्वासको मत दिन राजी थिए।[९८] मुख्यमन्त्री शाहले आफ्नो सरकार जोगाउन रेशम पक्षका पाँच सदस्यलाई मन्त्री पनि

[९८] अनलाइनखबर। २०८०। सुदूरपश्चिममा स्वतन्त्र सांसद जोशीले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने। चैत २२। https://www.onlinekhabar.com/2024/04/1459669/independent-mp-joshi-in-far-west-will-not-give-a-vote-of- मा उपलब्ध; पुस ३, २०८१ मा हेरिएको।

बनाए।[९९] तर, अध्यक्ष रन्जिता पक्षका दुई प्रदेशसभा सदस्य कैलाश चौधरी र टीका थापाले मुख्यमन्त्री शाहलाई विश्वासको मत नदिने भएपछि शाहले मुख्यमन्त्री पदबाट राजीनामा दिए।

त्यसपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को गठबन्धनले नाउपालाई मुख्यमन्त्री दिने सहमति भएको थियो।[१००] नेकपा (एमाले) को लागि सोही दलबाट छुट्टिएर बनेको नेकपा (एकीकृत समाजवादी) लाई मुख्यमन्त्री पद दिनुभन्दा नाउपालाई मुख्यमन्त्री पद दिनु राजनीतिक रूपमा फाइदा थियो। नेकपा (माओवादी केन्द्र) का लागि प्रदेशको मुख्यमन्त्रीभन्दा प्रधानमन्त्रीको पद मुख्य थियो। त्यसैले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सुदूरपश्चिम प्रदेशमा नाउपालाई मुख्यमन्त्री दिने सहमतिमा पुगेका थिए। सोहीअनुसार नाउपाको २१ जना संस्थापक सदस्य र सात प्रदेशसभा सदस्य सहितको बैठकले नयाँ परिस्थितिमा नाउपाले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री दाबी गर्ने निर्णय गऱ्यो। निर्णयबारे नाउपाका एकजना संस्थापक केन्द्रीय सदस्य भन्छन्, "हामीले २०७९ मंसिरको प्रदेशसभा चुनावमा नारा नै 'मंसिर ४ सुदूरपश्चिममा नागरिक उन्मुक्तिको सरकार' लिएर जनतामा गएकोले मुख्यमन्त्री बन्ने अवसर छोड्नु हुँदैन भन्ने थियो। त्यस बैठकमा सबैभन्दा वरिष्ठ प्रदेशसभा सदस्य लक्ष्मण किशोर चौधरीलाई मुख्यमन्त्री हुन सर्वसम्मत प्रस्ताव पनि गरियो। उनले मुख्यमन्त्री पद अस्वीकार गरेपछि कैलाश चौधरीलाई मुख्यमन्त्री बन्न रेशम चौधरीसहितले अनुरोध गरे। तर, जब मुख्यमन्त्रीको दाबी पेश गर्ने बेला भयो लक्ष्मण किशोर चौधरीलाई पनि मुख्यमन्त्रीको दाबी गर्न रेशम चौधरीले नै लगाए।"[१०१] सङ्घमा कोही मन्त्री बनेमा या प्रदेशमा थारू मुख्यमन्त्री बने आफ्नो राजनीतिक अस्तित्व समाप्त हुने भयले रेशम चौधरीले त्यसो हुन नदिएको अध्ययनको क्रममा भेटिएका नाउपाका केही संस्थापक केन्द्रीय सदस्यले अर्थ्याए। तर, नाउपाका महासचिव ठाकुरसिंह थारुले सुदूरपश्चिम प्रदेश संसदीय दलको बैठकले नै लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्री बनाउने निर्णय गरेकोले प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्री दाबी गरिएको बताए। त्यस्तै नाउपाको संरक्षक रेशम चौधरी र अध्यक्ष रन्जिता श्रेष्ठको नाउपा निर्माणमा विशिष्ट योगदान भएकोले राजनीतिक भविष्यलाई लिएर दुवैजनाले चिन्ता नगरेको पनि उनले थपे।[१०२] एउटै दलबाट दुई जनाको दाबी परेपछि प्रदेश प्रमुखले

[९९] नागरिक उन्मुक्तिका रामेश्वर चौधरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री, घनश्याम चौधरी आर्थिक मामिला मन्त्री, खुसीराम चौधरी बिनाविभागीय मन्त्री, लक्ष्मण किशोर चौधरी बिनाविभागीय मन्त्री र इन्दिरा गिरी भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री बनाइयो।

[१००] सेतोपाटी। २०८१। सुदूरपश्चिम मुख्यमन्त्री नाउपाले पाउने बालुवाटारमा सहमति। वैशाख २। https://www.setopati.com/politics/327076 मा उपलब्ध; पुस ३, २०८१ मा हेरिएको।

[१०१] ती सदस्यसँग पुस १५, २०८१ मा गरिएको कुराकानी।

[१०२] चौधरीसँग पुस १५, २०८१ मा गरिएको कुराकानी।

त्यसलाई रद्द गरेर मुख्यमन्त्रीका लागि पुनः आह्वान गरे। सुदूरपश्चिम प्रदेशमा थारू समुदायबाट मुख्यमन्त्री बन्दा त्यसको राजनीतिक सन्देश महत्त्वपूर्ण त हुन्थ्यो नै, थारू समुदायको हितमा पनि काम गर्ने वातावरण निर्माण हुने तर्क थारू अभियन्ता ठाकुर करिया प्रधानको थियो।[१०३]

अर्कोतर्फ, प्रदेशसभाभित्र महत्त्वपूर्ण मुद्दामा पनि नाउपाका सदस्यबीच एकमत हुन सकेन। त्यसको उदाहरण दिँदै एक प्रदेशसभा सदस्यले भने :

> हाम्रै पार्टीका एक सदस्यले प्रदेशसभामा सुदूरपश्चिम प्रदेशको नाम खप्तड थरूहट हुनुपर्छ भनेर बोले। अर्कोले सुदूरपश्चिम प्रदेशभित्र थारूको लागि विशेष क्षेत्र छुट्याउनुपर्छ भने। तर, थरूहट आन्दोलनको मुद्दा त कञ्चनपुरदेखि चितवन पश्चिमसम्म थरूहट प्रदेश भन्ने हो। हाम्रो पार्टीभित्र यस्ता विषयमा छलफल नै हुँदैन। त्यसैले सदनमा प्रदेशसभा सदस्यले आ-आफ्नो ढङ्गले बोल्ने भए र थारू समुदायलाई थारूकै पार्टीले पनि हाम्रो मुद्दा गलत ढंगले उठायो भन्ने परेको छ। यसले थारूहरूको सङ्घीयताप्रतिको विश्वासलाई कमजोर बनाउँछ।[१०४]

रेशम चौधरी लगायतका थारू अगुवा राजनीतिक मुद्दामा जेलमा हुनाले थारूमाथि राज्यले अन्याय गरेको भावनात्मक सहानुभूतिको मत नाउपाले पाएको दाबी थारू अगुवाहरू नै गर्छन्। "नागरिक उन्मुक्ति पार्टीको मुख्य माग रेशम चौधरीको रिहाइ थियो। उनको रिहाइसँगै यस दलको राजनीतिक एजेण्डा सकियो। यसै पनि साङ्गठनिक, वैचारिक र राजनीतिक गतिविधिमा यो दल कमजोर थियो, झन् आन्तरिक विवाद भएपछि यसको उर्जा हराएको छ," थारू नेता बसन्ती चौधरीले भनिन्।[१०५]

पार्टी नेतृत्वबीच विवादले नाउपाले जितेका स्थानीय तह र तिनका वडासम्म नै असर पारेको छ। स्थानीय तह निर्वाचन २०७९ मा कैलालीको टीकापुर नगरपालिका प्रमुख र भजनी नगरपालिका, जानकी र जोशीपुर गाउँपालिकामा प्रमुख र उपप्रमुखसहित विभिन्न वडाध्यक्ष पदमा यस दलका उम्मेदवार निर्वाचित भए। यी पालिका टीकापुर घटनाबाट बढी प्रभावित र थारू बाहुल्य हुन्। यी चारै स्थानीय तहले एकल वा सामूहिक तवरबाटै थारू समुदायका विशिष्ट आवश्यकता र समस्यामा काम गर्न सक्ने अवसर छ। त्यस्ता आवश्यकताबारे स्थानीयले पनि औँल्याउँछन्। टीकापुर नगरपालिकाका स्थानीय तथा नेपाली काँग्रेसका नेता भुवन अधिकारीले भने, "थारू समुदायलाई मात्र सिक्कल सेल भन्ने एक प्रकारको रोग

[१०३] प्रधानसँग कात्तिक ९, २०८१ मा गरिएको कुराकानी।
[१०४] ती सदस्यसँग कात्तिक ११, २०८१ मा गरिएको कुराकानी।
[१०५] चौधरीसँग कात्तिक ९, २०८१ मा गरिएको कुराकानी।

लाग्ने गरेको पाइन्छ। त्यसको उपचारको लागि प्रयोग हुने रगतको व्यवस्थापन कार्य नाउपाले जितेका यहाँका चार पालिका मिलेर गर्न सके ती स्थानीय तहको एक उदाहरणीय काम नै हुन सक्थ्यो।"[१०६] उक्त सहकार्य थालनीको लागि ती चार स्थानीय तहबीच समन्वय आवश्यक छ। त्यसमा पार्टीले सहजीकरणको भूमिका खेल्न सक्थ्यो। पार्टीबाट समन्वय सहजीकरणको अपेक्षा निर्वाचित जनप्रतिनिधि स्वयंले गरेका छन्। जानकी गाउँपालिकाका अध्यक्ष गणेश चौधरी भन्छन्:

> बजेट बाँडफाँटमा समर्थन र विरोध हुन्छ। विरोध गर्ने कतिपय आफ्नै पार्टीकै प्रतिनिधि पनि हुन्छन्। त्यस्तो बेला पार्टीले सहजीकरण गरेर निकास निकाल्ने वातावरण बनाइदिए काम गर्न सहज हुन्छ। तर, मैले हाम्रो पार्टीबाट स्थानीय तहको कार्यमा अहिलेसम्म कुनै राय सुझाव पाएको छैन। सुदूरपश्चिम प्रदेशमा हाम्रो पार्टीको प्रदेशसभा सदस्य मन्त्री छन्। उनीहरू कस्ता योजना आवश्यक छ पालिकामा भनेर कहिल्यै सोध्दैनन्। हामीले माग गरेर पठाएको योजना पनि हालिदिँदैनन्।[१०७]

नाउपाबाटै निर्वाचित अर्को एक पालिकाका प्रमुखका अनुसार पार्टीले पालिकामा यति सिट जितेको छ भनेर टाउको मात्र गन्छ तर उनीहरूलाई आवश्यक सहयोग केही पनि गर्दैन। पार्टीको कार्यक्रम तथा लक्ष्यमा स्पष्टता नभएकोले प्रदेशसभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिलाई कसरी सघाउने भन्ने भेउ नै पाउन नसकेको नाउपाका एक संस्थापक केन्द्रीय सदस्यले बताए। नागरिक उन्मुक्ति भित्रको राजनीतिक, वैचारिक र कार्यक्रममा अस्पष्टता र नेतृत्वमा देखिएको शक्ति सङ्घर्षले थारू समुदायको हितमा हुने कार्य साथै सङ्घीयता सवलीकरणमा गर्नुपर्ने कार्यको प्राथमिकता पनि पहिल्याउन असफल भएको छ।

विशेष गरेर, सङ्घीयताको मूल मर्मअनुसार सत्ता र स्रोतको बाँडफाँट गर्ने प्रक्रियामा क्षेत्रीय दल निर्णायक हुनुपर्नेमा आन्तरिक विवादले उनीहरूलाई कमजोर बनाएको छ। यस्तो अवस्थामा, समुदायका हकहित सम्बोधन गर्ने अपेक्षा पूरा नहुँदा सङ्घीयताप्रति जनताको विश्वाससमेत कमजोर बन्ने जोखिम रहन्छ। सङ्घीयता संस्थागत गर्न क्षेत्रीय दलहरूको स्पष्ट दृष्टिकोण, सङ्गठनात्मक एकता, र प्रभावकारी कार्यान्वयन क्षमताको विकास अपरिहार्य छ।

---

[१०६] अधिकारीसँग पुस ६, २०८१ मा गरिएको कुराकानी।

[१०७] चौधरीसँग कात्तिक १०, २०८१ मा गरिएको कुराकानी।

## ८. सामुदायिक सम्पदाको संरक्षण र संवर्द्धनमा पहल कदमी

नेपालको सङ्घीय प्रणालीले स्थानीय तह र प्रदेशलाई आफ्ना क्षेत्रीय पहिचान, स्रोत र सम्पदा संरक्षण र संवर्द्धनमा विशेष अधिकार प्रदान गरेको छ । भाषा, लिपि, संस्कृति, कला, र धर्म संरक्षण तथा प्रयोगमा प्रदेश र स्थानीय तहको एकल अधिकार हुने संवैधानिक व्यवस्था छ । यसको उपयोग गर्दै आफ्नो निर्वाचन क्षेत्रमा सामुदायिक सम्पदा संरक्षण र संवर्द्धन गर्न क्षेत्रीय दलका लागि महत्त्वपूर्ण अवसर हो । वर्षौंदेखि भाषिक बहिष्करणमा पारिएका समुदायलाई राज्यप्रति अपनत्व महसुस गराउन भाषा, कला र संस्कृति संरक्षण, प्रवर्द्धनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । स्थानीय तहले गरेको गुणात्मक विकासको पाटोलाई केलाउँदा भाषा, कला र संस्कृति मानक बन्न सक्छ । जानकी गाउँपालिकाबाहेक नाउपाले जितेका अन्य तीन पालिकामा स्थानीय पहिचानको संरक्षणमा पहल लिएको पाइँदैन । जानकी गाउँपलिकामा भने थारू भाषा, खाना र कला संरक्षण कार्य अगाडि बढाएको पाइन्छ ।

भाषा अभिव्यक्तिको माध्यम मात्र नभएर पहिचान पनि हो । यसले समुदायको संस्कृति, परम्परा, र ज्ञानको निरन्तरतालाई सुनिश्चित गर्छ । भाषा संरक्षण गर्नु भनेको त्यो भाषामा रहेको ज्ञान, विज्ञान र इतिहासको संरक्षण गर्नु पनि हो । यसैअनुसार स्थानीय तहले पहल लिनुपर्छ भन्ने अपेक्षा नागरिकले गरेका छन् । लम्कीचुहा नगरपालिकाका दिलबहादर चौधरीले भने, "नाउपाले जितेका स्थानीय तहले गैर नेपाली मातृभाषी बहुल क्षेत्रमा तिनकै मातृभाषामा पढाइ लागु गर्न सक्थ्यो । तर, त्यसो भएको छैन ।"[१०८] मातृभाषा सिकाइको माध्यम बनाउँदा बालबालिकाले राम्ररी सिक्न सक्ने टीकापुर बहुमुखी क्याम्पसका प्राध्यापक तथा मातृभाषा अध्येता डा. ज्ञानुराज पौडेलको तर्क थियो । उनले भने, "आफ्नै भाषामा बोल्न, पढ्न पाउँदा विद्यार्थी आपसमा घुलमिल भई सिकाइ छिटो हुने मैले अध्ययन गर्दा पाएको थिएँ । बरु, शुरुआतमै मातृभाषा इतरको भाषामा पढाइँदा विद्यार्थीहरूको सिकाइ कष्टपूर्ण हुने गरेको छ ।" स्थानीय तहका जनप्रतिनिधिले आधारभूत तहमा नै अंग्रेजी भाषामा शिक्षा दिन जोडबल गरिरहेका थुप्रै उदाहरण पाइन्छन् । अंग्रेजी भाषालाई नै गुणस्तरको मानक मानिएको परिवेशमा जानकी गाउँपालिकाले भने कक्षा १ देखि ३ सम्म स्थानीय थारू भाषामा पाठ्यक्रम निर्माण

[१०८] चौधरीसँग कार्तिक ११, २०८१ मा गरिएको कुराकानी ।

गरेको छ । तर, पाठ्यक्रम निर्माण गरे पनि यसलाई कसरी कार्यान्वयन गर्ने ? कसरी संस्थागत गराउने भन्नेबारे भने पालिका पदाधिकारीसँग प्रस्ट खाका देखिँदैन । पालिका अध्यक्ष गणेश चौधरी भन्छन्, "थारू मातृभाषाको पाठ्यक्रम कसरी लागु गर्ने भनेर हामी तयारीकै चरणमा छौँ। हाल निर्माण गरिएको पाठ्यक्रम कार्यविधि बनाएर लागु गर्ने हो । त्यसका लागि हामी जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज र विज्ञबीच छलफल गरिरहेका छौँ।"

त्यस्तै थारू समुदायमा प्रचलित बडघर प्रथालाई कानून निर्माण गरेर संरक्षण गर्न सकिन्छ भनेर जानकी गाउँपालिकाले अध्ययन गरिरहेको छ । बडघरलाई टोल विकास समितिको संयोजक र स्थानीय मेलमिलाप कर्ताको जिम्मेवारी दिने गरेर कानून निर्माण भइरहेको छ । जानकी गाउँपालिका १ का दुर्गौली गाउँ समाजका प्रमुख बडघर डम्मर डंगौरा थारूका अनुसार थारू समुदायमा जन्मदेखि मृत्युसम्म संस्कारमा मात्र होइन, विकास निर्माणमा पनि बडघरको नेतृत्वदायी भूमिका हुन्छ । तर, बडघरलाई पालिकाको विकास निर्माणमा जोड्न थारूकै दल नाउपाले जितेको पालिकामा ढिलाइ भएकोमा उनले गुनासो गरे ।

पहिचान भनेको भेषभूषा, भाषा, कला संस्कृति र खानपान पनि हो । जानकी गाउँपालिकाले थारू कला संरक्षण र संवर्द्धनको लागि नेपाल ललितकला प्रतिष्ठानसँग समन्वय गरेर पालिकामा अष्टिम्की चित्रकला प्रतियोगिता गरेको थियो । "कृष्ण जन्मअष्टमीको दिन थारू समुदायले अष्टिम्की चित्र बनाएर पुजा गर्ने चलन छ । यस चित्रकलामा सृष्टिसँग सम्बन्धबारे वर्णन गरिएको हुन्छ" अध्येता इन्दु थारूले बताइन् ।[१०९] अष्टिम्कीलाई मिथिला कला जस्तै ब्रान्ड बनाएर प्रवर्द्धन गर्ने योजना पालिकाको छ । ललितकला प्रतिष्ठान र जानकी गाउँपालिकाको समन्वयमा काठमाडौँमा थारू चित्रकला प्रदर्शनीको तयारी गरिएको छ । त्यस्तै, स्थानीय खानालाई प्रवर्द्धन गर्न पालिकाले आयोजना गर्ने कार्यक्रममा थारू समुदायको ढिक्री र पहाडी समुदायको सेलरोटी अनिवार्य गरेका छन् । हेर्दा सानो देखिए पनि पालिकाद्वारा गरिने यस्ता पहलले पहिचान संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने थारू अगुवाहरू बताउँछन् ।

---

[१०९] थारूसँग पुस ७, २०८१ मा गरिएको कुराकानी ।

## ९. क्षेत्रीय दलका सङ्घर्ष र उपलब्धि

क्षेत्रीय दलले अधिकार प्राप्तिका लागि सङ्घर्ष गरिरहेका छन् । शून्यबाट शुरू भएको प्रदेशमा संरचना निर्माणका साथै कार्यसञ्चालनमा केही उपलब्धि पनि हासिल गरेका छन् ।

### *९.१. अधिकारको लागि सङ्घर्ष*

मधेश आन्दोलनले माग गरेभन्दा निकै कम अधिकार प्रदेशलाई दिइएको संवैधानिक प्रावधानप्रति मधेशी नागरिक समाज तथा नेताको असन्तुष्टि छ । तर, शीर्ष राजनीतिक नेतृत्व तथा सङ्घीय सरकारका उच्चपदस्थ कर्मचारीको केन्द्रीकृत मानसिकताका कारण त्यही सीमित अधिकार पनि प्रदेशले उपयोग गर्न पाएको छैन । प्रदेशमा हस्तान्तरण हुनुपर्ने कार्यालय तथा परियोजना र कार्यक्रम पनि सङ्घीय सरकारले राखेको छ । हस्तान्तरण भइसकेका कार्यालय तथा योजना पनि सङ्घले नै फिर्ता लगेका उदाहरण छन् । सङ्घीय सरकारले समयमै ऐन निर्माण नगर्नु र बनेका ऐन पनि कार्यान्वयन नगर्नु प्रदेश सरकारको कार्यसञ्चालनका चुनौती हुन् । संविधानप्रदत्त अधिकार प्राप्तिका लागि मधेश प्रदेश सरकार र प्रदेशसभाले सङ्घीय सरकारसँग पटकपटक माग गरेका छन् । मधेश सरकारले सङ्घीय सरकारविरुद्ध आन्दोलन नै गरेको छ । संविधानविपरीत खोसिएका अधिकार प्राप्तिका लागि सर्वोच्च अदालतमा सङ्घीय सरकारविरुद्ध मधेश सरकारले करिब आधा दर्जन मुद्दा पनि दायर गरेको छ ।

मधेश प्रदेश सरकारले प्रदेश प्रहरी ऐन, २०७५ बनाएको पाँच वर्ष पुगिसक्दा पनि प्रदेश प्रहरी गठन भएको छैन । सङ्घीय सरकारले प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ निर्माण गरे पनि कार्यान्वयनमा चासो देखाएको छैन । सङ्घ सरकारले प्रहरी समायोजन प्रक्रिया अगाडि नबढाइदिनाले प्रदेशले प्रहरी प्रशासन र शान्ति सुरक्षासम्बन्धी अधिकार प्रयोग गर्न नपाएका हुन् । प्रहरी समायोजन प्रक्रिया अविलम्ब शुरु गर्न मधेश प्रदेशसभाले सङ्कल्प प्रस्ताव नै पारित गरेको थियो । साथै, तत्कालीन मुख्यमन्त्री लालबाबु राउतसहित मन्त्रिपरिषद्का सदस्यहरू पटकपटक प्रदेश प्रमुखको कार्यालयमा धर्नासमेत बसेका थिए । त्यस्तै प्रदेशको गृह मन्त्रालयले सर्वोच्च अदालतमा रिट हाल्नुका साथै सङ्घीय सरकारका प्रधानमन्त्री र गृहमन्त्रीलाई ध्यानाकर्षण पनि गराएको थियो ।

नेपाली काँग्रेस महोत्तरीका नेता बजरंग नेपालीका अनुसार मधेश प्रदेशलाई बलियो बनाउनका लागि मधेश आन्दोलन हाँकेका नेताले नै प्रदेश सरकारको नेतृत्व लिनुपर्ने थियो । उनी थप्छन्, "त्यस्तो हुन सकेको भए प्रदेश सरकार सञ्चालनमा देखिएका विकृति केही हदसम्म नियन्त्रण हुने थिए र सङ्घीय सरकारलाई दबाब दिन पनि उनीहरूको नेतृत्व प्रभावकारी हुन्थ्यो । तर, क्षेत्रीय दलले दोस्रो तहका नेतालाई अघि सारेकाले प्रदेश सरकार अपेक्षा गरे जति सफल हुन सकेको छैन ।"[११०]

मधेश प्रदेशसभा तथा प्रदेश सरकार आफ्नो संवैधानिक अधिकार प्राप्तिका लागि कानूनी र शान्तिपूर्ण सङ्घर्ष गर्न तयार रहेको माथिका दृष्टान्तले देखाउँछन् । अर्कातिर, सङ्घ सरकारले अधिकार नदिएकाले प्रदेश सरकारले अनुभूति हुने गरी जनताको पक्षमा काम गर्न नसकेको सन्देश प्रवाह गर्न पनि तिनले खोजेका छन् । त्यसैले कानूनी उपचारका साथै सङ्घलाई अनुरोध गर्ने र दबाब दिने काम पनि गरिरहेका छन् ।

## *९.२. कानून निर्माण*

मधेश प्रदेशसभाले आफ्नो सात वर्षीय कार्यकालमा जम्मा ६३ कानून निर्माण गरेको छ । प्रदेशसभाको पहिलो कार्यकालमा ५४ कानून निर्माण भएका थिए । दोस्रो कार्यकालमा पुस २०८१ सम्ममा दर्ता भएका १२ मध्ये ९ कानून बनिसकेका थिए । यसले प्रदेश सरकारलाई कार्यसञ्चालनका लागि आधार प्रदान गरेको छ । सात प्रदेशमध्ये प्रदेश लोक सेवा आयोग ऐन, प्रदेश प्रहरी ऐन सबैभन्दा पहिले मधेश प्रदेशले निर्माण गरेको हो । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले ती दुई ऐन बनाएपछि मात्र सङ्घीय सरकारले बाध्य भएर सङ्घीय निजामती सेवा विधेयक र प्रहरी समायोजन विधेयक सङ्घीय संसद्मा दर्ता गरेको बताए ।[१११] त्यस्तै प्रदेश लोक सेवा ऐन सबैभन्दा पहिले निर्माण गरेर मधेश प्रदेश अरू प्रदेशलाई समेत मार्गनिर्देश गर्न सफल भयो । प्रदेश लोक सेवा ऐनमा प्रदेश निजामती सेवामा ५० प्रतिशत महिला आरक्षण गरिनु महत्त्वपूर्ण पक्ष थियो । त्यस्तै महिला सशक्तीकरण ऐन र दलित सशक्तीकरण ऐन पनि मधेश प्रदेशले निर्माण गरेको छ । महिला तथा दलित अधिकार एवम् सशक्तीकरणका लागि ती ऐन बलियो आधारभूमि हो ।

---

[११०] नेपालीसँग फागुन ३, २०८० मा गरिएको कुराकानी ।

[१११] राउतसँग भदौ २३, २०८१ मा गरिएको कुराकानी ।

## ९.३. पहिचानको आधारमा प्रदेशको नामकरण

सात प्रदेशमध्ये पहिचानको आधारमा नामकरण गर्न मधेश प्रदेश मात्र सफल भयो। सरकारको नेतृत्व गरिरहेको जसपा नेपालसँगै तत्कालीन सत्तारुढ दल नेकपा (माओवादी केन्द्र) र विपक्षी लोसपाले संयुक्त रूपमा प्रदेशको नाम मधेश प्रस्ताव गरेका थिए। मधेश नामकरणको पक्षमा रहेको जसपा नेपालको ३९, नेकपा (माओवादी केन्द्र) को आठ र लोसपाको १६ गरी ६३ जना प्रदेशसभा सदस्य थिए।[११२] एक मात्र प्रदेशसभा सदस्य रहेको नेपाल सङ्घीय समाजवादी पार्टीले पनि मधेश नामकरणमा समर्थन जनाएको थियो। नामकरणको लागि ९९ सदस्यले मतदान गरेका थिए। चार दल मिल्दा पनि दुई तिहाइ मतका लागि छ मत अझै कम थियो। तर, पहिचानवाला नामकरणको विपक्षमा रहेका नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) का केही प्रदेशसभा सदस्यले पनि मधेश प्रदेशको पक्षमा मतदान गरेकाले ८० मत आयो। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव साथै प्रदेश सरकारको क्रियाशीलताका कारण पहिचानको विपक्षमा रहेका दलले समेत मधेश नामकरणको पक्षमा मतदान गरेको पूर्व मुख्यमन्त्री लालबाबु राउतले बताए।[११३] अन्य प्रदेशका पहिचान पक्षधर दल तथा समुदायले मधेश प्रदेशको नामकरणलाई उपलब्धि मात्र मान्दैनन्, त्यसलाई प्रेरणाको रूपमा ग्रहण पनि गरेको पाइन्छ।

## ९.४. क्षेत्रीय भावना र पहिचानको निर्माण

मधेश आन्दोलनको उपलब्धि स्वरूप सङ्घीय राज्यको निर्माण त भयो नै, मधेश प्रदेश निर्माण र यसको कार्यसञ्चालनले प्रादेशिक भावना पनि विकास भएको छ। विगतमा सप्तरी, सिरहा जस्ता जिल्लाका मानिस स्वास्थ्य उपचार, घरजग्गा खरिद, शिक्षा आर्जनका लागि विराटनगर जाने गर्थे तर अहिले उनीहरूको रोजाइ जनकपुर बनेको सिरहाका व्यवसायी जितेश कर्णले बताए।[११४] साथै, मधेशी क्षेत्रीय दलको जतिसुकै आलोचना भए पनि मधेश प्रदेशको राजनीतिक भाष्य र एजेण्डा मूलतः मधेशी दलले नै निर्माण गरेका छन्। तिनका गतिविधि र आन्दोलनमार्फत काठमाडौँका शासकले मधेशलाई उत्पीडन र विभेद गरेको यथार्थ बस्ती

---

[११२] जसपा नेपालबाट महन्थ ठाकुरले पार्टी विभाजन गरी लोसपा गठन गरे। तत्कालीन ससफो र राजपा नेपाल मिलेर बनेको जसपा नेपाल विभाजनका बेला राजपा नेपालका केही प्रदेशसभा सदस्य जसपा नेपालमा नै बसेकाले प्रदेशसभामा जसपा नेपालको सिट प्रारम्भिक समयमा भन्दा केही बढेको छ भने लोसपाको सिट सङ्ख्या केही घटेको हो।

[११३] राउतसँग भदौ २३, २०८१ मा गरिएको कुराकानी।

[११४] कर्णसँग मंसिर २८, २०८१ मा गरिएको कुराकानी।

तहसम्म बुझाउन सफल भएका छन् । मधेशी क्षेत्रीय दलबाहेक नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) जस्ता दलले पनि यो विषयलाई नजरअन्दाज गर्न सक्ने अवस्था छैन । नर्थसाउथ कलेक्टिभका कार्यकारी निर्देशक राकेश मिश्र तर्क गर्छन्, "नेपाली काँग्रेस, एमाले वा माओवादी जस्ता दलले सरकार चलाए पनि ती दलका मुख्यमन्त्री र मन्त्रीले त मधेशको क्षेत्रीय दलले जस्तै मधेशी पहिचान र अधिकारको कुरा गर्नैपर्छ । त्यसैले यी दलका केन्द्रीय शीर्ष नेतृत्व मधेशमा आफ्नो नेतृत्वमा सरकार बनाउने कुरामा उति चासो दिँदैनन् । नत्रभने प्रतिनिधिसभामा उपेन्द्र यादवको दल फुटाउने एमाले र माओवादी जस्ता दलले प्रदेशमा त्यो दल फुटाएर आफ्नो नेतृत्वमा सरकार बनाइहाल्थे ।"[११५]

[११५] मिश्रसँग भदौ २६, २०८१ मा गरिएको कुराकानी ।

# १०. निष्कर्ष

मधेश आन्दोलनको जगमा नेपालले सङ्घीय प्रणाली अपनाएको हो । यद्यपि, विभिन्न समयमा आदिवासी जनजाति, दलित, मुस्लिम लगायतका समुदायले एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाविरुद्ध गरेको अभियान र आन्दोलनले सङ्घीय प्रणालीको आधारभूमि तयार पारेको थियो । राज्यले गरेको विभेद, बहिष्करण, वञ्चना र बेथितिविरुद्ध सङ्घर्ष गर्दै आफ्नो जातीय क्षेत्रीय पहिचानसहित स्वायत्त प्रदेश, भाषा, कला एवं संस्कृति संरक्षणको उद्देश्य राखेर थुप्रै जातीय क्षेत्रीय दल २०६२/०६३ पछि देखा परे । तीमध्ये केहीले संविधानसभामा पनि प्रतिनिधित्व गरे ।

नेपालको कानूनले राष्ट्रिय दलको परिभाषा गरे पनि क्षेत्रीय दलबारे अस्पष्टता छ । दलको उत्पतिका कारण, त्यसले बोकेका मुद्दा साथै चुनावी प्रतिबद्धता, दलको साङ्गठनिक सामर्थ्य र निर्वाचनमा पाउने मतका आधारमा दलको क्षेत्रीय चरित्र पनि हुन सक्छ । मधेशी समुदायको हक अधिकारको लागि स्थापना भएर तराई/मधेशमा बलियो साङ्गठिनक आधार बनाएका जसपा नेपाल, लोसपा र जनमत पार्टी मधेशका क्षेत्रीय दल हुन् । त्यस्तै थारूको मुद्दा उठाउने नाउपा सुदूरपश्चिमको क्षेत्रीय दल हो । लिम्बूवानको मुद्दा उठाएर कोशी प्रदेशसभामा प्रतिनिधित्व गर्न सफल सलोराम कोशीको क्षेत्रीय दल हो । शासन प्रक्रियामा जनताको प्रतिनिधित्व बढाउने उद्देश्यले अपनाइएको सङ्घीय प्रणाली संस्थागत गर्न यस्ता क्षेत्रीय दलको भूमिका महत्त्वपूर्ण हुने भए पनि नेपालको परिप्रेक्ष्यमा क्षेत्रीय दलको अवधारणा नै नहुनु विडम्बना नै हो ।

प्रदेशको सीमाङ्कन आदिवासी जनजाति समुदायले मागेजस्तो ऐतिहासिक भूगोल, सभ्यता र जातीय जनसङ्ख्यालाई केन्द्रमा नराखी गरिएकाले अन्य छ प्रदेशमा क्षेत्रीय दलले राजनीतिक वर्चस्व कायम गर्ने सम्भावना कमजोर बनेको छ । मधेशमा त्यसको सम्भावना अत्यधिक छ र त्यस्ता केही अभ्यास त्यहाँ भएका पनि छन् । मधेश आन्दोलनको जगमा सङ्घीयता अपनाइएको र सोही आन्दोलनको उर्जा बोकी मधेश केन्द्रित क्षेत्रीय दल स्थापना भएकाले सङ्घीयता कार्यान्वयनमा तिनको भूमिका आम चासोको विषय हो । तिनले मधेश प्रदेश सरकारको निरन्तर नेतृत्व गरेकाले पनि त्यस्तो चासो जायज छ । प्रदेशले आफ्ना कानून,

प्रादेशिक संरचना, बजेट निर्माण तथा कार्यान्वयन आफैले गर्न सक्ने व्यवस्था संविधानमा नै छ । समानुपातिक समावेशिता सङ्घीयताको महत्त्वपूर्ण आधार स्तम्भ हो । त्यसैले मुख्य रूपमा क्षेत्रीय दलको नेतृत्वमा रहेको प्रदेश सरकारले ती विषयमा गरेका कार्यले सङ्घीयता संस्थागतमा मद्दत पुग्छ ।

संविधान जारी भएको करिब एक दशक बित्दा पनि सङ्घीय सरकारले कैयौँ महत्त्वपूर्ण कानून बनाउन विलम्ब गरेर सङ्घीयता कार्यान्वयनको लागि अर्घेल्याइँ गरिरहेको छ । मुख्यतः सङ्घीय निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, सङ्घीय शिक्षा ऐन लगायतका ऐन सङ्घले नबनाउँदा प्रदेशले संविधान निःसृत अधिकारसमेत प्रयोग गर्न सकेका छैनन् । यद्यपि, कर्मचारी, कानूनी संरचना, भौतिक पूर्वाधार आदिको अभावकै बीच पनि स्थानीय र प्रदेश सरकारले कार्यसञ्चालन गरी विभिन्न उपलब्धि हासिल गरेका छन् । मधेशमा क्षेत्रीय दलकै अग्रसरतामा पहिलो कार्यकालमा नै मधेश आन्दोलनको मागअनुसार पहिचानको नामसहित प्रदेश निर्माण भयो । मधेश प्रदेश स्थापना भएसँगै प्रादेशिक भावना र पहिचान सबल बन्नुका साथै अन्य प्रदेशका लागि पनि मधेश प्रदेश उत्प्रेरणाको स्रोत बनेको छ ।

मधेशमा क्षेत्रीय दलहरूले सरकारमा सहभागी भएपछि चुनावी बाचाअनुरूप विभिन्न संरचना स्थापना गरे । ती नयाँ संरचनालाई स्थापनादेखि नै प्रादेशिक आवश्यकताअनुरूप नयाँ ढंगले सञ्चालन गर्ने मधेशका क्षेत्रीय दललाई अवसर थियो । तर, एकात्मक र केन्द्रीकृत व्यवस्थाका बिरासत जसरी नै ती संरचनाको स्थापना र कार्य संस्कृति बनाइयो । त्यसैले ती संरचनामा पनि परम्परागत कार्यशैली नै पाइन्छ । पदाधिकारी नियुक्तिमा दलको भागबन्डाले क्षमतावान नेतृत्व पाउन सकेन । परिणामस्वरूप तिनले प्रभावकारी काम गर्न नसक्दा ती संरचना स्थापनाको उद्देश्यमा नै प्रश्न उठेको छ । कतै क्षेत्रीय दलहरूले नागरिकको असन्तुष्टिलाई थामथुम पार्न र कार्यकर्ता भर्ति गर्न मात्र त्यस्ता संरचना स्थापना गरिएका त होइनन् भन्ने आशंका बढाइदिएको छ ।

केन्द्रीकृत शासन व्यवस्थाको तुलनामा अलि बढी स्रोत साधन र अधिकार प्रदेशले पाएकै हो, भलै ती पर्याप्त छैनन् । तर, सीमित स्रोत साधनको प्राथमिकीकरण गरेर न्यायोचित प्रयोग गर्ने अवसर क्षेत्रीय दल नेतृत्वको प्रदेश सरकार र क्षेत्रीय दलले लिएका मन्त्रालयलाई प्राप्त थियो । सात वर्षको सङ्घीय अभ्यासलाई सिंहावलोकन गर्ने हो भने उपलब्ध स्रोतको प्राथमिकीकरणमा प्रदेश सरकारको नेतृत्व गरेका क्षेत्रीय दलहरू चुकेका छन् । अनुत्पादक क्षेत्रमा वितरणमुखी बजेट विनियोजनका कारण उपलब्धि अपेक्षा गरेबमोजिम हुन सकेको छैन । स्थानीय तहलाई दिनुपर्ने स-साना बजेट कार्यान्वयनको पाटो पनि प्रदेश सरकारले मन्त्रालय मै राख्दा सङ्घीयता संस्थागत गर्न अवरोध सिर्जना गर्छ । जसपा नेपाल र लोसपाको संयुक्त सरकारले ल्याएका 'बेटी पढाउ बेटी बचाउ' जस्ता दूरगामी महत्त्वका लोकप्रिय

कार्यक्रम आर्थिक अनियमितताका कारण रोकिनु विडम्बना नै हो । जसपा नेपाल र लोसपाको पालामा सञ्चालन गरिएका महत्त्वपूर्ण योजना तथा कार्यक्रम आर्थिक सुशासनको हिसाबले कमजोर भए । त्यसको मुख्य कारण योजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणमा प्रदेशका नागरिकको आवश्यकता भन्दा पनि बिचौलिया र व्यवसायीको स्वार्थप्रेरित प्रभाव हुनु हो । क्षेत्रीय दलका नेतृत्वले यसलाई रोक्नुपर्नेमा आफै यसको माध्यम बनेका छन् । हुन त क्षेत्रीय दलले नेतृत्व गरेका बाहेकका अन्य प्रदेशमा पनि समस्या उस्तै छन् । तर, सङ्घीयता र सुशासनको मुख्य बाहक क्षेत्रीय दल हुनाले यी दलप्रति जनताको विशेष अपेक्षा पनि छ ।

समावेशीकरणको सिद्धान्तलाई मुख्यतः उठाउने क्षेत्रीय दल नै हुन् । मधेश प्रदेशमा प्रदेश प्रहरी ऐन र प्रदेश निजामती सेवा ऐनमा महिलालाई ५० प्रतिशत आरक्षण गरिएको छ । साथै, ऐनमा समानुपातिक समावेशिताको सिद्धान्तलाई अनुसरण गर्दै जातीय जनसङ्ख्याको आधारमा मधेश प्रदेशमा आरक्षण प्रणाली लागु गरिएको छ । यी कार्यले अन्य प्रदेशमा पनि अनुकरण गर्न सहयोग पुग्न सक्छ । सीमान्तकृत समुदायले त्यहाँका कानून सन्दर्भका रूपमा अन्य प्रदेशमा पनि अधिकार सुनिश्चित गर्न प्रयोग गर्न सक्छन् । जसपा नेपाल र लोसपाको सरकार बन्नेबित्तिकै सात प्रदेशमध्ये सबैभन्दा पहिले प्रदेश प्रहरी ऐनको निर्माण र प्रदेश लोक सेवा आयोग ऐनको निर्माणले सङ्घीय सरकारलाई ती सम्बन्धित सङ्घीय विधेयक चाँडो सङ्घीय सदनमा पेश गर्न दबाब पुगेको कुरालाई नकार्न सकिँदैन । ऐन बन्नु आफैमा महत्त्वपूर्ण पक्ष हो तर त्यसको कार्यान्वयनले मात्र ऐनको सार्थकता र औचित्य पुष्टि गर्छ । प्रदेशसभा, त्यसका समिति, प्रदेश सरकार र विभिन्न निकायमा भएका नियुक्तिलाई उदाहरण लिने हो भने मधेश प्रदेशको सामाजिक विविधताको चित्र ती नियुक्तिहरूमा देखिँदैन । तिनमा मुख्य गरी मधेशी दलित, मुस्लिम र महिला प्रतिनिधित्व उनीहरूको जनसङ्ख्या भन्दा निकै कम छ । यसले समावेशिताप्रतिको क्षेत्रीय दलको प्रतिबद्धतालाई नै प्रश्नको घेरामा पारेको छ । प्रदेश सरकारका ती अंगहरू समावेशी बनाउन क्षेत्रीय दललाई कसैले अवरोध सिर्जना गरेको छैन । त्यसो हुन नसक्नुमा मधेशी क्षेत्रीय दलकै इच्छा शक्ति नै कमजोर भएर हो । सङ्घीयता र समावेशिताको जननी हौँ भन्ने आत्मश्लाघा गरिराख्ने तर प्रदेशमा समानुपातिक समावेशिता खोइ भनेर प्रश्न गर्दा त्यो त सङ्घीय सरकारमा नै छैन भन्ने तर्कले सङ्घीयता र समावेशिताप्रति क्षेत्रीय दलहरूको प्रतिबद्धता कमजोर हुँदै गएको भन्ने मतलाई नै पुष्टि गर्छ ।

क्षेत्रीय दलको आवश्यकता आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायतका उपेक्षित समुदायका लागि हो । क्षेत्रीय दलले पहिचानलाई मुख्य मुद्दा बनाउँदै आएका छन् । आदिवासी जनजाति लगायतका लागि रैथाने ज्ञान सीप, आफ्नो थातथलो साथै त्यहाँका प्राकृतिक स्रोत पहिचान जोगाउने महत्त्वपूर्ण पक्ष हुन् । आफ्नो पहिचान जोगाउने त्यसको उन्नयनको पहिलो र महत्त्वपूर्ण सर्त मातृभाषामा शिक्षा दिनु हो । विभिन्न अनुसन्धानहरूले पनि यो तथ्य पुष्टि गरेको

छ । भाषा, कला, संस्कृतिको जिम्मा प्रदेश र स्थानीय तहलाई दिइएको पनि छ । ती दलको उद्देश्य, मतदातासँग गरिएको चुनावी बाचामा पनि यसबारे उल्लेख गरिएको छ । तर, त्यसलाई कसरी लागु गर्ने भन्ने स्पष्ट दृष्टिकोणको अभाव भने ती दलको नेतृत्वमा देखिन्छ । त्यसैले स्थानीय तहका जनप्रतिनिधिहरू यस विषयमा अलमल गरिरहेका छन् ।

सङ्घीयता कार्यान्वयनको सात वर्षको अवधिमा सङ्घीयतालाई संस्थागत गर्न क्षेत्रीय दल नेतृत्वका प्रदेश सरकार र स्थानीय तहले थुप्रै प्रयास गरेका छन् । आफ्नो उद्भवको मूल ध्येयअनुसार क्षेत्रीय दल प्रतिबद्ध हुँदा सम्पूर्ण राष्ट्रलाई आफ्ना मुद्दामा सहमत गराउन सफल भएका छन् । त्यसको उदाहरण बिगतमा भएको मधेश आन्दोलनबाट प्राप्त सङ्घीयता र समावेशीता हो । यद्यपि, सुशासन, सेवा प्रवाह र आफ्नै प्रदेश संरचनालाई प्रभावकारी बनाउन साथै समानुपातिक समावेशिता लागु गर्न थुप्रै काम गर्नु पर्ने देखिन्छ । नेपालको सन्दर्भमा सङ्घीयता अपरिहार्य छ भनेर वकालत गर्ने क्षेत्रीय दल नै सङ्घीयता संस्थागत गर्न चुक्ने हो भने सङ्घीयता विरोधी भाष्य झन बलियो हुँदै जाने देखिन्छ । अर्कोतिर, क्षेत्रीय मुद्दा उठाएर राजनीति शुरू गर्ने तर क्षेत्रीय दल हुनुको लघुताभाषबाट केही क्षेत्रीय दलका नेतृत्व ग्रसित देखिन्छ । यसले क्षेत्रीय दलको राजनीतिक मुद्दा र प्रभाव थप कमजोर बनाउँदै लगेको छ । यसलाई हृदयंगम गरी क्षेत्रीय दलहरूले आफ्नो क्षेत्र र समुदायको मुद्दामा प्रतिबद्ध भएर सङ्घीयता कार्यान्वयनमा देखिएका कमीकमजोरीलाई सुधार्न विलम्ब गर्नु हुँदैन ।

नेपालमा मधेश आन्दोलनको जगमा सङ्घीय प्रणाली अपनाइए पनि विभिन्न समुदायका आन्दोलन र अभियानले यसका लागि आधारभूमि तयार गरेका थिए । जातीय, क्षेत्रीय पहिचानको संरक्षण तथा स्वायत्तताको पक्षमा उभिएका क्षेत्रीय दलहरू २०६२/०६३ पछि देखा परे, र संविधानसभामा समेत उपस्थिति जनाए । यद्यपि, संविधानसभापश्चात् बनेको नेपालको संविधान र कानूनमा क्षेत्रीय दलको परिभाषा स्पष्ट छैन ।

सङ्घीयता कार्यान्वयनमा क्षेत्रीय दलको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । मधेश प्रदेशमा जसपा नेपाल, लोसपा र जनमत पार्टी मधेश आन्दोलनको मुद्दा संस्थागत गर्ने प्रयासरत छन् । अन्य प्रदेशमा पनि क्षेत्रीय दल सङ्घीयता कार्यान्वयन गर्न सक्रिय छन् । सङ्घीय प्रणाली सुदृढ पार्न कानूनी तथा संरचनात्मक आधारहरू बलियो हुन आवश्यक छ । सङ्घीय निजामती सेवा ऐन, प्रहरी समायोजन ऐनजस्ता कानून निर्माणमा सङ्घीय सरकारको ढिलाइले प्रदेश सरकारको कार्यक्षमतामा असर परेको छ । यद्यपि, मधेश प्रदेशले क्षेत्रीय दलहरूको अग्रसरतामा प्रदेश प्रहरी ऐन तथा लोक सेवा आयोग ऐन निर्माण गरी अन्य प्रदेशलाई उत्प्रेरित गरेको छ । तर, क्षेत्रीय दलको नेतृत्वमा रहेका प्रदेश सरकार नीति निर्माण र बजेटको प्राथमिकतामा चुकेका छन् । समानुपातिक समावेशिताको व्यावहारिक कार्यान्वयनमा अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनन् । क्षेत्रीय दलहरूले सङ्घीयताको मर्मलाई आत्मसात् गरी आफ्नो भूमिका प्रभावकारी बनाउने हो भने मात्र सङ्घीय प्रणाली बलियो बन्न सक्छ ।

DEMOCRACY RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल
www.democracyresource.org